वर्ष : १३, अंक : ७, काठमाडौं, २०७४ जेष्ठ १२ गते शुक्रबार 26 May 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

## अब आन्दोलनको विकल्प छैन

**० स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा राष्ट्रिय जनता पार्टी नेपाल र संघीय गठबन्धन सहभागी हुन्छ कि हुँदैन ?**

– हामी भन्दै आएका छौं कि संविधान संशोधन र सहज वातावरण बनाएपछि निर्वाचनमा जान्छौं । हामी निर्वाचनमा जाँदैनौं भनेर कहिल्यै पनि भनेका छैनौं । तर, संविधानमा संशोधन हुनैपर्छ ।



महन्थ ठाकुर

विस्तृत अन्तर्वार्ता पृष्ठ ३ मा

# मधेशसँग फेरि धोका : माग पूरा नै नगरी प्रचण्डको राजीनामा

◆ मधेशसँग प्रेम, कांग्रेससँग बिहे ◆ कांग्रेससँगको भद्र सहमति पालन गरियो तर, लिखित सहमति पालन गरिएन ◆ अन्योलतामा मधेशवादी दल

### नेपाल सरकार र मधेशी दलबीच भएका सम्झौताहरू

| क्र.सं. | मिति | सम्झौता | प्रथम पक्ष | दोस्रो पक्ष | परिणाम |
|---|---|---|---|---|---|
| १. | २०५० पुस ५ | ४ बुँदे | श्री ५ को सरकार | नेपाल सद्भावना पार्टी | समस्याको निरन्तरता |
| २. | २०५५ कार्तिक २६ | ३ बुँदे | श्री ५ को सरकार | नेपाल सद्भावना पार्टी | समस्याको निरन्तरता |
| ३. | २०६४ भाद्र १३ | २२ बुँदे | नेपाल सरकार | मजफो नेपाल | समस्याको निरन्तरता |
| ४. | २०६४ फागुन १६ | ८ बुँदे | नेपाल सरकार | संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा | समस्याको निरन्तरता |

### अन्य दल र मधेशी दल बीच भएका सम्झौताहरू

| | | | | | |
|---|---|---|---|---|---|
| १. | २०६७ चैत ९ | ४ बुँदे | एमाओवादी/एमाले | मजफो नेपाल | परिणाम |
| २. | २०६८ भाद्र ११ | ४ बुँदे | एमाओवादी | संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा | समस्याको निरन्तरता |
| ३. | २०७२ जेष्ठ २५ | १६ बुँदे | कांग्रेस/एमाले/एमाओवादी | मजफो, नेपाल (लोकतान्त्रिक | समस्याको निरन्तरता |
| ४. | २०७२ असोज २४ | ८ बुँदे | एमाले/एमाओवादी | मजफो, नेपाल (लोकतान्त्रिक) | समस्याको निरन्तरता |
| ५. | २०७३ साउन १९ | ३ बुँदे | कांग्रेस/माओवादी केन्द्र | मधेशी मोर्चा/संघीय गठबन्धन | समस्याको निरन्तरता |

### नेपाल सरकार र तराई-मधेशका सशस्त्र समूहबीच भएका सम्झौताहरू

| क्र.सं. | मिति | सम्झौता | प्रथम पक्ष | दोस्रो पक्ष | परिणाम |
|---|---|---|---|---|---|
| १. | २०६५।८।२६ | ४ बुँदे | सरकारी वार्ता टोली | मधेशी भाइरस किलर्स पार्टी | समस्याको निरन्तरता |
| २. | २०६५।९।११ | ५ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा | समस्याको निरन्तरता |
| ३. | २०६५।९।१६ | ५ बुँदे | सरकारी वार्ता टोली | तराई संयुक्त जनक्रान्ति पार्टी | समस्याको निरन्तरता |
| ४. | २०६५।९।२६ | ६ बुँदे | सरकारी वार्ता टोली | जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) | समस्याको निरन्तरता |
| ५. | २०६५।११।१० | ५ बुँदे | सरकारी वार्ता टोली | लिब्रेशन टाइगर अफ तराई इलम (एलटीटीई) | समस्याको निरन्तरता |
| ६. | २०६५।१२।७ | ४ बुँदे | सरकारी वार्ता टोली | मधेश मुक्ति टाइगर्स | समस्याको निरन्तरता |
| ७. | २०६७।१।२४ | ७ बुँदे | सरकारी वार्ता टोली | अखिल तराई मुक्ति मोर्चा ( संस्थापन पक्ष) | समस्याको निरन्तरता |
| ८. | २०६८।४।२३ | ७ बुँदे | सरकारी वार्ता टोली | अखिल तराई मुक्ति मोर्चा ( संस्थापन पक्ष) | समस्याको निरन्तरता |
| ९. | २०६८।४।२८ | ५ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) | समस्याको निरन्तरता |
| १०. | २०६८।५।२ | ६ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) | समस्याको निरन्तरता |
| ११. | २०६८।७।१८ | ३ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) | समस्याको निरन्तरता |
| १२. | २०६८।८।८ | ५ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) | समस्याको निरन्तरता |
| १३. | २०६८।९।१६ | ४ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) | समस्याको निरन्तरता |
| १४। | २०६८।९।२८ | ६ बुँदे | सरकारी वार्ता टोली | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) | समस्याको निरन्तरता |
| १५. | २०६८।१०।७ | ६ बुँदे | सरकारी वार्ता टोली | अखिल तराई मुक्ति मोर्चा ( जयकृष्ण गोइत समूह) | समस्याको निरन्तरता |
| १६. | २०६८।११।१३ | ६ बुँदे | सरकारी वार्ता टोली | जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) | समस्याको निरन्तरता |
| १७. | २०६८।११।२१ | ६ बुँदे | सरकारी वार्ता टोली | जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (झवर साह, प्रताप | समस्याको निरन्तरता |
| १८. | २०६९।१।६ | ६ बुँदे | सरकारी वार्ता टोली | संयुक्त क्रान्तिकारी तराई मधेश मुक्ति मोर्चा | समस्याको निरन्तरता |

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेशीहरूसँग विभेद भएको हो भनेर स्वीकार गर्दै मधेशीहरूको माग पूरा गर्ने भन्दै राज्यसत्ताले कयौंपटक लिखितरूपमै सहमति/सम्झौताहरू गरेका छन् । आफैले गरेका सम्झौताहरू लागू नगर्नु राज्यको मधेशप्रति व्यवहार प्रष्टिँदै आएको छ । मधेशीले कसैले अधिकार खोस्न वा अरूलाई अधिकार दिनु हुन्न भनेर कहिल्यै पनि आन्दोलन गरेका छैनन् । मधेशीहरूले आफ्नो अधिकार, सम्मान र पहिचान मात्र खोजेका छन् । राज्यको कूल राजस्वको करिब एक तिहाइ मधेशबाट प्राप्त हुन्छ । तर, मधेशीहरूलाई आजसम्म राज्यले करदाता र मतदाताको रूपमा मात्र प्रयोग गर्दै आएको छ । मधेशबाट कर र मत लिने राज्यले तर, विकास किन गर्दैन, मधेशका कलकारखाना, उद्योगधन्दा किन दिनप्रति दिन बन्द हुँदै गए ? यी यस्ता कुराहरूबारे मधेशी जनता जागरूक भइसकेका छन् । मधेशसँग राज्य र राजनीतिककर्मीले बारम्बार धोकाको राजनीति गर्दै आएका छन् ।

नेपालको राजनीतिक इतिहासलाई नियालेर हेर्दा नेपालका आधा जनसंख्या ओगटेको मधेश पटक-पटक आन्दोलित हुँदै आएको छ । आन्दोलन हुँदा राज्यले सुरूमा दमन गरेर आन्दोलनलाई रोक्न खोज्छ तर, नसक्दा सम्झौता गरेर भएपनि आन्दोलनलाई तुहाउने गरेको छ । आजसम्म मधेशका नाममा दर्जनौं सहमति सम्झौताहरू भएका छन् । राज्यले मधेशसँग गरेको सम्झौतालाई अध्ययन गर्दा पूरा हुन नसक्ने कुनै पनि माग मधेशवादी पक्षले राखेको पाइँदैन ।



शेरबहादुर देउवा



पुष्पकमल दाहाल 'प्रचण्ड'

वि.सं. २०५० सालमा नै तत्कालीन श्री ५ को सरकार र नेपाल सद्भावना पार्टीबीच ४ बुँदे सम्झौता गरेको थियो । त्यसपछि फेरि, नेसपासँग श्री ५ को सरकारले तीनबुँदे सम्झौता गरेको थियो । त्यतिबेला दुई पटक नेपाल सरकारसँग भएको सम्झौतामा मागहरू पूरा गरिने प्रतिबद्धता जनाइएको थियो । तर, आजसम्मको मितिमा अर्थात २३ वर्षपछि पनि मधेशीको समस्या जहाँको तहीं छ ।

त्यसपछि वि.सं. २०६४ सालमा नेपाल सरकारले मधेशी आन्दोलनकारीसँग दुईवटा सम्झौता गऱ्यो । एउटा उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरम नेपालसँग र अर्को संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग । आजसम्म पटकपटक लिखित वा मौखिकरूपमा मधेशीलाई आश्वासन मात्र दिने गरेका छन् राज्य सञ्चालकहरूले ।

**प्रचण्डको नक्कली मधेश मोह**

मधेशसँग लव परेको भन्दै हिंड्ने प्रचण्डको बोली र व्यवहारमा कुनै तालमेल देखिएको छैन । लगातार ६ महिनासम्म तराई मधेशमा चलेको भीषण आन्दोलन र करिब पाँच दर्जनभन्दी बढी मधेशी शहीदको सपनालाई तीनबुँदे सहमति गरी तुहाएर प्रधानमन्त्री बनेको प्रचण्डले पनि अन्ततः मधेशसँग धोका गरेका छन् ।

सत्तामा जानकै लागि गत वर्ष साउन १९ गते मधेशी मोर्चासँग तीनबुँदे सहमति गरेका थिए । प्रचण्ड र शेरबहादुर देउवा पालैपालो प्रधानमन्त्री बन्नका लागि मधेशी आन्दोलनकारी दलहरूसँग सहमति गरेर सत्तारोहणको भऱ्याङ्ग बनाएका थिए । तीनबुँदे सहमतिमा प्रचण्ड र देउवाले १५ दिनभित्रै आन्दोलनरत् पक्षको सबै माग पूरा गराउने लिखितरूपमै सहमति गरेका थिए । तर, सत्तापक्षले पालन गर्नुपर्ने एउटा पनि बुँदा सार्थकरूपमा पूरा भएन । मधेशको माग पूरा गर्ने तीन बुँदे सहमतिबाट बनेको प्रचण्ड नेतृत्वको सरकारले मधेशको माग पूरा गर्नसकेन । मधेश आन्दोलनको मुख्य माग संविधाने संशोधन, प्रदेशको सीमांकन र जनसंख्याको आधारमा स्थानीय निकायको पुनर्संरचनामध्ये कुनै पनि माग पूरा भएन ।

संविधान संशोधनका लागि प्रचण्डले तीन पटक प्रयास गरेपनि संविधान संशोधन गराउन सकेन । प्रचण्डले मधेशी मोर्चाको मागबमोजिम जनसंख्याको आधारमा स्थानीय तहको पुनर्संरचना गर्न सकेन । पछिल्लोपटक २२ वटा स्थानीय निकाय थपिएपनि नेपाली कांग्रेसको मागबमोजिम ती निकायहरू थपिएका छन् ।

प्रचण्ड नेतृत्वको सरकारले मुद्दा फिर्ता लिने अपूरो निर्णय गरेको छ । उक्त निर्णयका आधारमा मधेश तथा थरूहट आन्दोलनका कैदीबन्दीहरू रिहा हुने सम्भावना न्यून रहेको छ । सत्तापक्षबाटै त्यो निर्णयको विरोध भइरहेको छ । मधेशीलाई ललिपप देखाएर आफ्नो स्वार्थ पूरा गर्दै आएका ठूला दलहरू ।

आलोपालो प्रधानमन्त्री बन्नका लागि कांग्रेस र माओवादी केन्द्रबीच भद्र सहमति भएको थियो । लिखितरूपमा भएको सहमति पालना गर्नुभन्दा पनि अलिखितरूपमा भएको सहमतिका आधार देउवा प्रधानमन्त्री बन्ने भएका छन् । यता, सहमति गरेर प्रधानमन्त्री बन्न प्रचण्डलाई समर्थन गरेका मधेशवादी दलहरू अहिले पुनः आन्दोलनको मुडमा देखिएका छन् ।

## "रंगभेदमाथि मौनता र साझा नेपालको चाहना"



**धर्मेन्द्र झा (पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ)**



मधेशी समुदायको प्रतिनिधित्वमा काठमाडौंको अवस्थालाई हेर्दा दयनीय भन्न सकिन्छ । तर तराई-मधेशमा मधेशीको अवस्था राम्रै रहेको देखिन्छ । एउटा मूल कुरा के हो भने, जसको पहुँच जहाँ हुन्छ त्यसको समावेशिता त्यहाँ भएको नै हुन्छ । अहिले रेडियो नेपालदेखि लिएर गोरखापत्रसम्मको सरकारी संचार माध्यममा विभिन्न भाषाको स्थान त दिएको छ तर नेपाली भाषालाई अनुवाद गरेर मात्रै प्रशारण प्रकाशन गर्ने गरेको छ । मेरो नेतृत्वमा संचार माध्यमलाई समावेशी बनाउनको लागि मधेशी, आदीवासी जनजातिलाई विधानमै समेटिएको थियो । समावेशीलाई २०६६ सालको साधारण सभाबाट नै पारित गराएका थिए । पछिल्लो समयमा विभिन्न ठाउँको प्रशिक्षण कार्यक्रममा पनि धेरै मधेशी पत्रकारलाई अवसर दिएका छौं ।



**विष्णु निष्ठुरी (पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ)**

नेपाली संचारमाध्यममा मधेशीहरूको सहभागितको सवालमा म दयनीय अवस्था त मान्दिन । किन भने यो प्रक्रियागत हुँदै जाने कुरा हो । अब संचारमाध्यममा संगलग्नता पहिलो कुरा पऱ्यो, त्यसपछि क्रियाशिलता हुनु पऱ्यो व्यावसायिक हुनु पऱ्यो । त्यही किसिमको लगनशिलता र मेहिनती हुनु परयो त्यो गर्दै जादाँ खेरी नेतृत्व पंक्तिमा पुग्नको लागि कसैले रोक्न सकिदैंन । नेपाल पत्रकार महासंघमा मेरो नेतृत्वमा समावेशिताको विधान संशोधन गरेर सवै क्षेत्रको प्रतिनिधित्व हुनु पर्ने गरि हामीले विधानमा आरक्षणको व्यस्था गरेको हो । अहिले नै ठुल्ठूलो पदमा मधेशीको पहुँच छैन भन्ने कुराले दयनीय भन्न सकिन्छ । अहिले संचारमाध्यममा सबै समुदायको प्रतिनिधित्व रहेको छ । एक-दुई जनालाई नियतवश रोक्छ भने त्यो छुटै कुरा हो । सरकारी संचार माध्यममा राजनीतिक नियुक्ती हुन्छ त्यसमा जसको पहुँच त्यसले नै अवसर पाएको छ । सत्तामा पुग्नेहरूले आफ्नो वरिपरिको मान्छे राख्ने गरेका छन् ।

**शिव गाउँले (पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ)**



अहिलेको अवस्थामा संचारमाध्यममा मधेशीको मात्र नभएर महिला, आदीवासी जनजाती, दलित लगायतका सिमान्तकृत समुदायको अवस्था दयनीय रहेको छ । तिनीहरूको संख्यात्मक र गुणात्मक उपस्थितिका लागि नीतिगत र व्यवहारका कार्यक्रम सञ्चालन गर्नु पर्छ । अहिले असमावेशिता छ त्यसलाई समावेशिता बनाएर अगाडी बढाउनु पर्छ । जुन समुदायको प्रतिनिधित्व कम छ तिनीहरूको संख्या बढाउनु पर्छ । सबैको समान उपस्थितिका लागि नीति तथा कार्यक्रममा परिवर्तन गर्दै लैजानु पर्छ ।



**डा.महेन्द्र विष्ट (अध्यक्ष, नेपाल पत्रकार महासंघ)**

समग्र पत्रकारितामा विगतको तुलनमा मधेशी समुदायको संख्या बढ्दै आएको छ । नीति निर्माणमा या नेतृत्व तहमा भनौं अहिले पनि उल्लेख्य रूपमा आएको छैन । सम्रगमा समावेशिता नभए पनि तत्काल समाचार कक्षमा उपस्थिति बढाई नीति निर्माण तहमा सहभागिता गराएर अगाडी बढाउँदै जानु पर्छ । यस्तो असमान अवस्थामा समावेशितालाई बहुलवादी विविधतायुक्त बनाउँदै लैजानु पर्छ । अहिलेको अवस्था जे छ त्यसलाई सुधार गर्दै लैजानु पर्छ । मेरो पालामा सचिव पदको अनिवार्य रूपमा मधेशी समुदायको राखेको छौं । नीतिगत र व्यावहारिक रूपमा समाचार कक्षमा विविधतायुक्त बनाउनका लागि प्राथमिकताका साथ अगाडी बढाएका छौं ।

## आन्दोलन कि निर्वाचन : मधेशवादी शक्तिबीच त्रिपक्षीय छलफल

काठमाडौं । मधेशवादी शक्तिबीच सहकार्यका लागि त्रिपक्षीय छलफल भएको छ । महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टी नेपाल, उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपाल र विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरमबीच सहकार्यका लागि छलफल भएको हो ।

सानोठिमी भक्तपुरस्थित बिहीबार राजपा नेपालका अध्यक्ष महन्थ ठाकुरको निवासमा त्रिपक्षीय छलफल भएको छ । आन्दोलन वा निर्वाचनमा जानका लागि तीनै पक्षबीच सहकार्यका लागि बैठक बसेको थियो । स्रोतका अनुसार राजपा नेपालका अध्यक्ष ठाकुरले निर्वाचन आयोगले पार्टी दर्ता गरेर चुनाव चिन्ह दिए आफूहरू चुनावमा जान तयार रहेका छन् । फोरम नेपालका अध्यक्ष यादव र लोकतान्त्रिक फोरमका अध्यक्ष गच्छदारसँगको छलफलमा



राजपा अध्यक्ष ठाकुरले चुनाव चिन्ह नभएकोले निर्वाचनमा जान नसकिने बाध्यता स्पष्ट पारेका छन् ।

फोरम नेपालका अध्यक्ष यादव, लोकतान्त्रिक पार्टीका अध्यक्ष गच्छदार र राजपा अध्यक्ष ठाकुरबीच ठाकुर निवास बिहिबार दिउँसो चुनावमा तालमेलको विषयमा बृहत्त छलफल भएको थियो ।

६ वटा मधेश केन्द्रीत दल मिलेर हालै बनेको राजपा नेपाल निर्वाचन आयोगमा दर्ता छैन । चुनाव चिन्ह पनि राजपाले पाएको छैन । पार्टी एकीकरण गर्नु अघि राजपाका ६ वटै दलले पुरानो चुनाव चिन्ह, लोगो र झन्डा प्रयोग नगर्ने निर्णय गरेका थिए ।

छलफलमा फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले चुनावमा साझा उम्मेदबारी दिनको लागि सहकार्य गर्न ठाकुर र गच्छदारसँग प्रस्ताव गरेका छन् । मधेशी जनताको चाहना र भावना अनुसार स्थानीय चुनावमा सहकार्य आवश्यक रहेको यादवको तर्क थियो ।

स्थानीय तहको दोस्रो तहको चुनावमा सहकार्य गरी साझा उम्मेदबार खडा गर्ने यादवको प्रस्तावलाई गच्छदारले सकारात्मक रूपमा लिएर मिलेर अघि बढ्न सकिने बताएका छन् । यद्यपि, त्रिपक्षीय छलफलमा कुनै सहमति जुट्न सकेन ।

ठाकुरले आन्दोलनको प्रसङ्ग निकाल्दा यादव र गच्छदारले मधेशको उपलब्धिलाई संस्थागत गर्न आन्दोलनकै रूपमा स्थानीय तहको चुनावलाई सदुपयोग गर्न सुझाव दिएका थिए ।

**बेलाको बोली** **रामसुकुल मण्डल**



## स्थानीय समावेशीकरणको आवश्यकता

**अधिकारप्राप्तिको आन्दोलनलाई सफल बनाउनका लागि मधेशमा रहेका हरेक समुदायलाई मधेशवादी पार्टीहरूले स्थानीय समावेशिताका आधारमा अगाडि बढ्नुपर्छ।**

समानुपातिक समावेशिताका लागि आन्दोलन गर्दै आएका मधेशवादी दलहरूले स्थानीय समावेशीकरणको आवश्यकता छ । राज्यसँग समावेशिताका लडाई लडिरहेको अवस्थामा मधेशमा स्थानीय प्रारूप भइसकेपछि मधेशमा बसोबास गर्ने विभिन्न जातिहरूका लागि पनि स्थानीय समावेशीकरणको खाँचो छ ।

मधेशवादी दलहरूले अहिले मधेशमा सुरू गरेको पार्टी प्रवेश कार्यक्रमलाई हेर्दा जातीय ध्रुवीकरण बढ्दै गएको छ । जुन दलका अध्यक्ष जुन जातिका छन् तिनीहरूलाई कन्भिन्स गरी पार्टी प्रवेश गराउनमा व्यस्त छन् । आफ्ना जातिका नेता कार्यकर्ताहरूलाई पार्टीमा भित्र्याउँदै गर्दा मधेश राजनीतिमा जातीय ध्रुवीकरण बढिरहेको छ । अधिकार प्राप्तिका लागि खोलिएका मधेशी राजनीतिक दलहरूमा जातिवादले जडा गाडिरहँदा मधेशले कहिल्यै पनि अधिकार पाउन सक्दैन ।

मधेशवादी दलका नेताहरूले अहिले तराई-मधेशमा क्रान्तिकारी भाषण गर्दै जनताको भावनासँग खेलवाड गरिरहेका छन् । आफूले विगतमा गरेका कमी कमजोरीहरूबारे आत्मालोचनासमेत नगरी पुनः जनतामाझ पुगेर ठूलठूला भाषणहरू गर्दैछन् । विगतलाई हेर्ने हो भने मधेशवादी दलका नेताहरूले अधिकांश महत्वपूर्ण मन्त्रालयहरू सम्हालिसकेका छन् । तर, जनतासँग सरोकार राख्ने एउटा पनि उदाहरणीय कार्य गरेको पाइँदैन । कृषि, शिक्षा, भौतिक पूर्वाधार तथा यातायात, सिंचाइ, सूचना तथा सञ्चार लगायतका मन्त्रालय सम्हालिसकेका छन् । तर, यी क्षेत्रहरूमा आफू मन्त्री हुँदा के-के गरे भन्ने कुनै जवाफ छैन ।

मधेशको समस्या मधेशी मात्रको समस्या होइन । दुवै समुदायका जनताबीच द्वेष र घृणा बढाएर मुलुकलाई जातीयम सफायाको राजनीतितर्फ धकेल्ने कार्य अपराध हो । नेपालका सम्पूर्ण सचेत नागरिकले आआफ्नो स्थानबाट गर्न सकिने दायित्व निर्वाह गर्न जरूरी छ । राज्यले वा अन्य पक्षले मधेशीसँग रंगभेद गरिरहँदा मौन बस्ने वा ती सूचीमा आफ्नो नाम राख्ने प्रवृत्तिका कारण राज्यमाथि अविश्वास, संचालकमाथि घृणा, शासक समुदायप्रति रिस र आफ्नो सामुदायिक नेताप्रति आक्रोश बढ्दै गएको हो ।

"समानता र समन्याय" नै आन्दोलनको मूल ध्येय हो । प्रतिनिधित्व र सम्मान नै दीर्घकालीन समाधान हो । नेपालभित्रका प्रत्येक नागरिकले नेपाली भएकोमा गर्वको अनुभूति गर्न सकून् । त्यसका निमित्त सबै सचेत वर्ग विभेदका विरूद्ध एकजुट हुनुपर्छ । विभेद, घृणा, विकास र साझापना एकैसाथ आउन सक्दैन । सञ्चार जगत र बुद्धिजीबीहरू आआफ्नो समुदायभन्दा माथि उठेर समस्या समाधानतर्फ लाग्नुपर्छ । नेतृत्वलाई सकारात्मक सुझाव र दायित्वको आन्दोलनलाई अगाडि बढाउने हो भने नेपाल साझा र विकसित हुन बेर लाग्दैन । नेपालको एउटा भागमा अशान्ति, हत्या, घृणा र रंगभेद कायम राखेर संविधानको सर्वस्वीकारोक्ति गणतन्त्रको सफलता वा विकासको परिकल्पना गर्नु मुर्खता मात्र हो । सम्मान बिनाको लगानीले अर्थ राख्दैन । ठूला दलहरू पनि मधेशको सवालमा प्रष्ट धारणा, कार्यरूप, संरचनागत सुधार लगायतका पक्षहरू सामूहिक रूपमा सार्वजनिक गर्न जरूरी छ ।

जनतालाई ढाँटेर, ठगेर, विचारलाई थुनेर वा दमन गरेर सत्ता लम्ब्याउन सकिएला तर साझापना आउन सक्दैन । देशलाई साझा र विकसित बनाउन विभेदका विरूद्ध सक्रिय हुन, जनतालाई सहमतिमा ल्याउन आवश्यक छ । राष्ट्र निर्माणको जिम्मा हामी सबैको हो । नेताजन दोषी र बौद्धिक वर्ग निर्दोष हुने होइन । देश र जनतालाई केन्द्रमा राखेर समानता, सद्भाव र सहकार्यता केन्द्रित दायित्वको आन्दोलनमा होमिनुको विकल्प छैन ।

अधिकारप्राप्तिको आन्दोलनलाई सफल बनाउनका लागि मधेशमा रहेका हरेक समुदायलाई मधेशवादी पार्टीहरूले स्थानीय समावेशिताका आधारमा अगाडि बढ्नुपर्छ। मधेशमा रहेका गैरमधेशीदेखि लिएर पिछडावर्गका व्यक्तिहरूलाई पनि आरक्षण दिनुपर्छ।



## सम्पादकीय



# संयमता अपनाऊ, मधेश जाऊ

मधेशलाई राजनीतिक क्रिडास्थल बनाएर एउटा पक्षले सिपाही पठाउने र अर्को पक्षले कार्यकर्ता लगाउने गरी तयार हुन लागेको राजनीतिक वातावरण देशको हितमा छैन । जुनसुकै कारणले भएपनि मान्छे मारिनु, नागरिकमा भयको वातावरण हुनु र आफ्नै मुलुकमा आफै असुरक्षित भई बस्नुपर्ने बाध्यात्मक अवस्थाको निर्माण हुनु चिन्ताको विषय हो । यसरी नागरिकलाई भयमा राखेर राजनीति गर्ने वा सत्ता लम्ब्याउने दुवै पक्ष दोषी हुन् । देश र जनतालाई हराएर आफू जित्न खोज्नु कुनै पनि दृष्टिकोणबाट राजनीति होइन । आज पनि हाम्रा कुरा सुनिएन भनी मधेशमा क्रान्तिको आगो बाल्छु भन्ने एउटा तप्का र बलपूर्वकै भएपनि बन्दूकको भरमा निर्वाचन गराइछाड्छौं भन्ने अर्को तप्काबीच मोर्चागत द्वन्द्व थालिएको छ । जसले राज्यप्रति अविश्वास, नेतृत्वप्रति घृणा र आँगनमा रगत बग्ने सम्भावना बढाउन सक्छ । मूलत: निर्वाचनको केन्द्रीय आशय भनेको समाजमा नेतृत्वको परिवर्तन र समस्याको समाधान हो । यदि निर्वाचनले समस्यालाई विकराल र द्वन्द्वलाई संस्थागत गर्छ भने त्यस्तो निर्वाचन देश हितमा हुनसक्दैन ।

> मधेश अब आग्रह, आश्वासन, आशंका र अपमानभित्र लुकेर बसिरहँदैन । समस्याका दीर्घकालीन समाधान र सम्मानसहितको सहभागिता दिन सकिएन भने यो निर्वाचनले एउटा समुदायलाई जिताउँला, तर मुलुक हार्छ ।

अहिलेको निर्वाचन मधेशको समस्या समाधानभन्दा पनि नश्लीय दम्भ र राजनीतिक भविष्यको बीचको द्वन्द्वको रूपमा देखिएको छ । सत्तालाई टिकाइराख्न एउटा पक्षले जसरी पनि निर्वाचन गराउन खोज्ने र २००८ सालदेखि राजनीतिक ठगीका शिकार भएका समुदायका नेतृत्वले समाधानका निमित्त निर्वाचनलाई पर सार्न खोज्ने स्थिति देखिएको छ । निर्वाचनलाई समस्याको समाधानको रूपमा हेर्न खोज्नेहरू मधेशको वास्तविक धरातलभन्दा विल्कुलै फरक सोच राखेका छन् । मधेश अब आग्रह, आश्वासन, आशंका र अपमानभित्र लुकेर बसिरहँदैन । समस्याका दीर्घकालीन समाधान र सम्मानसहितको सहभागिता दिन सकिएन भने यो निर्वाचनले एउटा समुदायलाई जिताउँला, तर मुलुक हार्छ । मधेशी नागरिकको राज्यप्रतिको अविश्वास, पहाडी बुद्धिजीबीप्रतिको घृणा र गैरमधेशी नेताहरूप्रतिको शंका विश्वासमा परिणत भएर जाला । यसरी आफ्नै मुलुकका एउटा तप्काका नेतृत्वलाई अपमानित गरेर एउटा समुदायलाई थिचोमिचो गरेर एउटालाई हराएर अर्को दम्भको जीत त होला तर, सधैंका लागि सबैका लागि मधेश टाढिन सक्छ । मधेशी नागरिकको भावना, समस्या र सोचमाथि प्रहार गर्ने कार्य कहीं कतैबाट नहोस् । त्यसैकारण, संविधान संशोधन गरेर मात्र निर्वाचनमा जाऔं । निर्वाचनमा सबै पक्ष सहभागी होऊन् । नागरिकको जीत होस् ।

## राजपाको दृष्टि पुगोस्

संविधान संशोधन, पार्टी एकीकरण र निर्वाचनमा अल्झिरहँदा राज्य र सरोकारवाला निकायहरूले अन्य पक्षहरू मधेशीसँगको विभेदलाई निरन्तरता दिँदै आएको छ । निर्वाचन आचार संहिताको उल्लंघन गर्दै सरकारले नियुक्तिहरू गर्नु, संविधान विपरीत, सरकारले क्रियाकलापहरू गर्नु र राजपा नेपाल मौन बस्नु चिन्ताको विषय हो । संसदीय राजनीति मात्र पूर्ण राजनीति होइन । कार्यपालिका, न्यायपालिका, पत्रकारिता लगायतका क्षेत्रहरूमा हुँदै आएको रंगभेदका विषयमा राजपा नेपालको मौनताले सबैलाई चिन्तित तुल्याएको छ । सरकारले गरेको रंगभेदलाई सञ्चारमाध्यमले पटक-पटक सार्वजनिक गर्दा पनि राजपाले चासो नदेखाउनु, प्राकृतिक प्रकोपबाट प्रताडित भएका मधेशका नागरिकहरूको विषयमा मौन बस्नु र नागरिकस्तरमा हुने दैनिक जीवनयापनका प्रत्यक्ष सरोकारवाला विषयहरूमा राजपाले नबोल्नु आफैमा गैरराजनीतिक चरित्र देखाएको छ । राजपाले मधेशका प्रत्येक क्रियाकलापमा र मधेशीका हरेक सरोकारको विषयमा आफ्नो सरोकार, धार र क्रियाकलापहरू प्रष्ट गर्दै जानुपर्छ । अर्थात् राजधर्म पालन गर्न थाल्नुपर्छ ।

## साताको सात बात



मैले नेपाली राजनीतिमा लामो समयदेखिको नैतिकताको खडेरी तोड्ने दृढ संकल्प गरेको छु, अत: कांग्रेससँग भएको समझदारीअनुसार अगाडि बढ्दैछु । – **पुष्पकमल दाहाल 'प्रचण्ड' (प्रधानमन्त्री)**



मुलुकलाई शान्ति, स्थिरता र आर्थिक समृद्धितर्फ लैजाने उद्देश्यका साथ राजनीतिक सहमति भई वर्तमान सरकार गठन भएको थियो । सरकारले संविधानको स्वीकार्यता, विस्तार र कार्यान्वयनका लागि सराहनीय काम गरेको छ । – **शेरबहादुर देउवा (सभापति, नेपाली कांग्रेस)**



स्थानीय तहको निर्वाचन समयमै गराउनुपर्ने जिम्मेवारी रहेको सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पदबाट राजीनामा दिएर परिस्थिति झन् अन्योलग्रस्त बनाएका छन् । – **केपी शर्मा ओली (अध्यक्ष, नेकपा एमाले)**



स्थानीय तहको संख्या वृद्धिबारे संघीय मामिला तथा स्थानीय मन्त्रालयबाट आएको अधुरो प्रतिवेदनको आधारमा निर्वाचन हुन सक्दैन । स्थानीय तहको संख्या बढाएको विषयमा सरकारबाट आधिकारिक जानकारी आएको छैन । – **डा. अयोधीप्रसाद यादव (प्रमुख आयुक्त, निर्वाचन आयोग)**



गत वर्ष पनि बजेट तयारीमै हाम्रो त्रुटी थियो । जस्तै फास्ट ट्र्याक, त्यसमा हामीले १० अर्ब रूपैयाँ बजेट छुट्याएका थियौं तर योजना कार्यान्वयन नै भएन । – **कृष्णबहादुर महरा (उपप्रधान तथा अर्थमन्त्री)**



एमाले पार्टी नै नश्लीय पार्टी हो । उसको चरित्र सबै राष्ट्रघाती सोचमा केन्द्रित छ । एमालेको विचार सबै परिवर्तनको एजेन्डा एमालेका नेताहरू राष्ट्रघाती देख्छन् । एमाले यथास्थिति र परिवर्तन विरोधी शक्तिको नेतृत्व गरिरहेको छ । – **राजकिशोर यादव (अध्यक्षमण्डलका सदस्य, राजपा नेपाल)**



नेपाल-भारत सम्बन्ध अत्यन्तै सुमधुर छ, युगौंदेखि यो सम्बन्ध सुमधुर छ । सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक रूपमा पनि द्विपक्षीय सम्बन्ध सुमधुर छ । आगामी दिनमा सम्बन्ध झनै बलियो र प्रगाढ हुन्छ । – **मञ्जीभसिंह पुरी (नेपालका लागि भारतीय राजदूत)**

*प्रस्तुती : संगीता रेग्मी*

# मधेशी एकताको आवश्यकता र बढ्दो नश्लवाद

> मधेशको भावनालाई कदर गर्दै तीनवटै मधेशवादी दलले आपसमा सहकार्य गर्दै निर्वाचनमा जाने वा नजाने विषयमा संयुक्त निर्णय गर्नु पर्दछ, अथवा एउटाको निर्णयमा सहमतिको आधारमा सहकार्य गरेर अगाडि बढ्नु पर्दछ । मधेशका जनता अझै पनि सबै मधेशवादी मिलेर मधेशका लागि अगाडि बढुन् भन्ने चाहन्छ ।



रानी शर्मा तिवारी

स्थानीय तहको पहिलो चरणको निर्वाचन ३ वटा प्रदेशमा बैशाख ३१ गते सम्पन्न भएको छ । मधेशको भूभाग रहेको ४ वटा प्रदेशमा भने जेठ ३१ गते तोकिएको छ । निर्वाचन हुन १९ दिनमात्र बाँकी हुँदा समेत निर्वाचन हुने/नहुने अन्योलता कायम छ । सरकारले जेठ ३१ गते कुनै पनि हालतमा निर्वाचन गरिछोड्ने उद्घोष त गरिरहेको छ, तर जे कारणले चारवटा प्रदेशको निर्वाचन दोस्रो चरणमा गर्ने निर्णय गरेको थियो सरकारले त्यो भएको छैन ।

संविधान संशोधन र मधेशमा जनसंख्याको आधारमा स्थानीय तहको संख्या कायम गर्नका लागि समय चाहिने भन्दै सरकारले मधेश क्षेत्र जोडिएका ४ प्रदेशको निर्वाचनको मिती सारेको थियो । तर यस बिचमा संविधान संशोधन प्रकृया अगाडि बढेन नै, जनसंख्याको आधारमा स्थानीय तह कायम गर्ने काम पनि कर्मकाण्डी भएको छ । करिब ५१ प्रतिशत जनसंख्या रहेको मधेशमा करिब १०० स्थानीय तह थप गरी कम्तीमा ५० प्रतिशत संख्या पु्याउनुपर्ने माग रहेकोमा सरकारले जम्मा २१ वटा मात्र स्थानीय तह थप गर्ने निर्णय गरेको छ । थप गरिएकैमा पनि एमालेले विरोध जनाएको छ ।

निर्वाचन आयोग समेत नयाँ थप गरिएअनुसार निर्वाचन गराउन नसकिने किसिमको अभिव्यक्ति दिई रहेको छ । अर्को तर्फ संविधान संशोधन र जनचाहनाअनुसारको स्थानीय तहको संख्या थप नहुँदा सरकारको जसरी पनि जेठ ३१मा निर्वाचन गरी छाड्ने उद्घोषले मधेशमा अन्योल छाएको छ ।

मधेशवादी दलहरूको एकीकरण भएर बनेको राष्ट्रिय जनता पार्टी नेपालको मधेशमा राम्रो पकड रहेको अवस्थामा निर्वाचन भयो र राजपा नेपालसमेत सामेल भयो भने मधेशमा अन्य पार्टीको अवस्था निकै कमजोर हुने आँकलन गरिएको छ । तर राजपा नेपाल यथास्थितिमा निर्वाचनमा जाने संभावना देखिँदैन । मधेशका मुख्य शक्तिहरू राजपा नेपाल र फोरम नेपालले विजय गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरमलाई समेत साथमा लिएर संयुक्त कार्ययोजनाका साथ निर्वाचन बहिस्कार र अवरोध गरेमा मधेशमा या त निर्वाचन हुँदैन या त व्यापक जनधनको क्षति हुन्छ ।

आममधेशी संविधान संशोधन र स्थानीय तहको जनसंख्याको आधारमा वृद्धि मात्र होइन प्रदेशको सीमाङ्कनको समेत समाधान चाहन्छ । तर राज्य कहिल्यै पनि मधेशको मुद्दामा इमान्दार रहेन र अहिले पनि देखिएको छैन । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालले पहिो चरणको निर्वाचनमा भाग लिएकोले राज्य हौसिएको छ भने मधेशमा अन्योलता थपिएको छ । तर राजपा नेपालले निर्वाचन बहिस्कार र अवरोध गऱ्यो तर फोरम निर्वाचनमा गयो भने मधेशमा फोरमलाई गद्दारको बिल्ला लाग्ने मात्र होइन जनताको रिसका कारण नकारात्मक भोटिङ्ग हुन सक्छ । यसो भयो भने मधेशमा राजपा नेपाल बहिस्कारमा रहेको कारण उसको उपस्थिति रहने कुरै भएन । फोरम पनि बढारिन सक्छ ।



महन्थ ठाकुर



उपेन्द्र यादव



विजयकुमार गच्छदार

एमाले मधेशमा यसै आउने अवस्था छैन । त्यसकारण काँग्रेस र माओवादीले मधेशका अधिकांश स्थानीय तहमा विजय हासिल गर्न सक्छ । यदि त्यसो भयो भने सत्ताधारीहरूले मधेशवादीहरूले मधेशको मुद्दा र जनताको प्रतिनिधित्व नगर्ने तर्क गर्नेछन, राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्तिहरूका अगाडि । फोरमले पहिलो चरणको निर्वाचनमा भाग लिएको कारण हौसिएका चतुर सत्ताधारी दलहरूले मधेशको यही अवस्थाको विश्लेषण गरेर निर्वाचनमा जाने राजपाको शर्त वचन दिएर पनि पुरा नगरेको हुन सक्छ, ताकी राजपा नेपालले बहिस्कार र फोरमले स्वीकार गर्दा सत्ताधारीहरूलाई पुन:मधेशमा स्थापित गरेर मधेशको मुद्दालाई फेरि केही समयका लागि ओझेलमा पार्न सकियोस् ।

सत्ताधारीहरूले जति षड्यन्त्र गरे पनि मधेशवादी दलहरू जति टुक्रामा विभाजित भएपनि जब-जब मधेशको मुद्दाका लागि लड्ने बेला आएको छ तब-तब मधेशवादी दलहरूले मोर्चाबद्ध भएको मधेशको लागि लडेका छन्, आन्दोलन गरेका छन् । अहिले त पार्टीहरूको एकीकरणबाट बनेको राजपा नेपाल लगायत ३ वटा मधेशवादी दल मात्र छन् । मधेशको भावनालाई कदर गर्दै तीनवटै मधेशवादी दलले आपसमा सहकार्य गर्दै निर्वाचनमा जाने वा नजाने विषयमा संयुक्त निर्णय गर्नु पर्दछ, अथवा एउटाको निर्णयमा सहमतिको आधारमा सहकार्य गरेर अगाडि बढ्नु पर्दछ । मधेशका जनता अझै पनि सबै मधेशवादी मिलेर मधेशका लागि अगाडि बढून् भन्ने चाहन्छ ।

निर्वाचनमा जाने वा नजाने निर्णय पनि एक थरीको होस् भन्ने चाहना छ मधेशका जनताको । अहिले मधेशको भविष्यलाई ख्याल गर्दै मिलेर अगाडि बढ्नु पर्ने बेलामा कुनै नेता वा पार्टीले स्वार्थ वा दम्भवश कुनै आत्मघाती निर्णय गरेमा त्यसले स्वाभाविक रूपमा त्यो नेता वा पार्टीलाई त मधेशमा समाप्त पार्छ नै मधेशको अधिकारको मुद्दा र भविष्यलाई समेत धरापमा पार्छ ।

सरकारले मधेश आन्दोलनका मुद्दा फिर्ता गर्दा होस् वा मधेशमा स्थानीय तहको संख्या बढाउँदा, एमाले लगायत नेपालको स्वघोषित मानव अधिकारवादी, नागरिक समाज, पूर्व प्रशासकहरूले ठूलो-ठूलो स्वरमा आपत्ति जनाएका छन् । आफूलाई राष्ट्रिय भन्ने केही सञ्चार माध्यमले खुब हल्लाखल्ला गरेका छन् । यसले उनीहरूको नश्लवादी चरित्रलाई उदाङ्गो पार्ने मात्र होइन, मधेश र पहाडको बिचमा खाडल समेत खनिरहेको छ ।

टीकापुर घटना सीमापारबाट आएका अपराधिक समूहले गराएको भनेर स्वयं तत्कालीन गृहमन्त्रीले संसदमा बताएका थिए, तर समातिने सबै नेपाली थारू कसरी भए । स्पस्ट छ झुठा मुद्दा लगाइएको छ । त्यसैले त्यस्ता मुद्दा फिर्ता गरिनुपर्छ । फेरि हल्ला मच्चाउने मानव अधिकारवादीहरूले मधेशमा घर-घरमा छिरेर प्रहरीले मधेशी महिला मात्र होइन बालबालिकालाई समेत निर्मम तरिकाले हत्या गरिएको विषयमा त्यस्ता प्रहरी, अधिकृत र मन्त्रीलाई कारबाहीको दायरामा ल्याउन किन बोल्दैनन्, स्पस्ट छ ।

मधेशमा स्थानीय तह थपेकोमा पूर्वप्रमुख निर्वाचन अधिकृत एमालेको प्रवक्ताको रूपमा प्रस्तुत भइरहेका छन्, उनलाई मधेशको नाम सुनेर झर्को लाग्छ, कुनै पनि हालतमा मधेशमा स्थानीय तह बढाउन हुन्न भन्छन् । पछिल्लो समय देखिएका यस्ता विचार र बवालहरूले नेपालका सत्ताधारी राजनीतिक दलहरू मात्र होइन, तथाकथित मानव अधिकारवादी, सञ्चार माध्यम र पूर्वप्रशासकहरू पनि यो देशमा नश्लवादलाई बढाएर देशलाई असफल बनाउन सक्रिय भइरहेको भान हुन्छ ।

देशलाई विकासको दिशामा अगाडि बढाउने हो र साँचै देशको भलो चाहने हो भने देशलाई राजनीतिक निकास दिन वातावरणलाई बिगार्ने होइन बनाउनेतिर सबै लाग्नु पर्दछ । उग्रता र नश्लवादले कैयौं देश बर्बाद भएका उदाहरणहरू प्रशस्त छन् । अर्को तर्फ एकताबिना न विकास सम्भव छ न अधिकारको प्राप्ति ।

तसर्थ, मधेश अधिकारको लडाई लड्ने सम्पूर्ण नेता तथा दलहरू एकताबद्ध भई मधेशको समस्या समाधानमा अग्रसर हुनु पर्दछ । नत्र अधिकार सम्पन्न विकसित मधेशको सपना फेरि पनि पछाडि धकेलिने निश्चित छ ।

*(तिवारी, राजपा नेपालकी नेतृ हुन् ।)*

# किन मनाईन्छ अन्तर्राष्ट्रिय जैविक विविधता दिवस ?



हेम चन्द्र महतो

प्रत्येक वर्ष २२ मे को दिन अन्तर्राष्ट्रिय दिवस मनाईन्छ । यसलाई विश्व जैविक विविधता दिवस पनि भनिन्छ । २९ डिसेम्वर १९९२ मा नैरोवी भन्ने देशमा सर्वप्रथम सम्पन्न जैविक विविधता सम्बन्धि सम्मेलनमा यो दिवस मनाउने निर्णय भएको थियो । तर धेरै देशहरूले व्यावहारिक कठिनाई देखाएका कारण संयुक्त राष्ट्रसंघको सन् २००० को डिसेम्बरमा बसेको साधारण सभाले मे २२ लाई जैविक विविधता दिवस मनाउने निर्णय गरेअनुसार राष्ट्रसंघका पक्ष राष्ट्रहरूले जैविक विविधताको संरक्षण, सदुपयोग र न्यायोचित वितरण गर्ने उदेश्यका लागि यो दिवस मनाइन्छ ।

हाम्रो जीवनमा जैविक विविधताको धेरै नै महत्व रहेको छ । हामीलाई एउटा यस्तो पर्यावरणको निर्माण गर्नु छ जसले जैविक विविधतामा समृद्ध, दिगो र आर्थिक क्रियाकलापका लागि अवसर प्रदान गर्न सकोस । जैविक विविधताको कमि हुनाले प्राकृतिक विपद जस्तै बाढी, खडेरी, हावाहुरी आदिको खतरा झन् वृद्धि हुने गर्दछ । त्यसकारण जैविक विविधताको संरक्षण गर्न अत्यन्तै जरूरी देखिन्छ ।

प्रकृतिको अनुपम उपहारझै हाम्रो पृथ्वीमा लाखौं किसिमका जैविक प्रजातिहरू रहेका छन् । रूख विरूवाहरू, जिवजन्तुहरू, किटपतङ्ग, चराचुरूङ्गीहरू, माटो, पानी, हावा इत्यादी हाम्रो जीवनको अस्तित्व एवं विकासको लागि अपरिहार्य भएकोले यसको संरक्षण गर्न नितान्त जरूरी देखिन्छ ।

> प्राकृतिक तथा पर्यावरण सन्तुलन बनाउन जैविक विविधताको ज्यादै नै महत्व रहेकोले जैविक विविधता दिवसलाई अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउन निर्णय गरिएको थियो ।

प्राकृतिक तथा पर्यावरण सन्तुलन बनाउन जैविक विविधताको ज्यादै नै महत्व रहेकोले जैविक विविधता दिवसलाई अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउन निर्णय गरिएको थियो ।

जैविक विविधता महासन्धिले जैविक विविधताको संरक्षण, त्यसको दिगो उपयोग र त्यसको उपयोगबाट प्राप्त हुने लाभको न्यायोचित वितरण गर्ने तीनवटा उदेश्य राखेको छ । महासन्धिले निर्दिष्ट गरेको उद्देश्य अनुरूप काम गर्न जनचेतना जगाउने, त्यससँग सम्बन्धित कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने दिवसको प्रमुख उद्देश्य रहेको छ । त्यसै अनुरूप नेपालले पनि हरेक वर्ष यो दिवस मनाउदै आएको छ । हरेक वर्ष यो दिवस जैविक विविधतासँग सम्बन्धित नारा तय गरिएको हुन्छ । यो वर्षको नारा जैविक विविधता र दिगो पर्यटन विकास रहेको छ ।

(स.वन अधिकृत, वन विभाग, काठमाण्डौ, हाल : स्नातकोत्तर (वन विज्ञान), कृ.त.व.वि.वि., हेटौडा

# हाम्रो सामु अब आन्दोलनबाहेक कुनै विकल्प रहेन

**झलनाथ खनालजी भन्नुहुन्छ कि मधेश नेपालमा छैन। त्यसोभए, उहाँलाई मधेशमाथि शासन गर्ने अधिकार कहाँबाट आयो ? मधेश नेपालमा छैन भन्ने अर्थ के हो ? मधेश अलग छ नेपालबाट। त्यहाँ उपनिवेशिक शासन छ। जबरजस्ती शासन गरिरहेका छन्। जो देशैमा छैन, त्यसमाथि शासन गर्ने अधिकार कहाँबाट आयो ? यसको जवाफ चाहियो।**



**महन्थ ठाकुर**
**अध्यक्षमण्डलका संयोजक**
**राष्ट्रिय जनता पार्टी नेपाल**

**० स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा राष्ट्रिय जनता पार्टी नेपाल र संघीय गठबन्धन सहभागी हुन्छ कि हुँदैन ?**

– हामी भन्दै आएका छौं कि संविधान संशोधन र सहज वातावरण बनाएपछि निर्वाचनमा जान्छौं। हामी निर्वाचनमा जाँदैनौं भनेर कहिल्यै पनि भनेका छैनौं। तर, संविधानमा संशोधन हुनैपर्छ।

**० तर, संविधान संशोधन गर्नका लागि सहमति हुनुपर्छ। अहिलेको अवस्थामा तपाईंहरूसँग दुई तिहाई त छैन नि ?**

– दुई तिहाई सरकारसँग छैन तर, बहुमत त छ नि सरकारसँग।

**० तर, बहुमतले त संविधान संशोधन हुँदैन ?**

– वास्तवममा बहुमतबाट नै संविधान संशोधन हुनुपर्छ। र यो कुरा पनि आत्मसात गर्नुपर्छ कि संशोधन कुनै एक ठाउँका लागि होइन, यो देशको समस्या हो। संशोधनको माग सुरूदेखि नै उठिरहेको छ। जुन बखत मस्यौदा तयार भएको थियो, त्यसबखतदेखि नै सहमति/सम्झौता र अन्तरिम संविधानको व्यवस्थाअनुसार यो संविधान बनेन त्यसैले ती विषयहरूलाई समेटेर संविधान बनाउनुपर्छ भन्ने आवाज उठेको हो। तर, ती कुराहरूलाई छाडेर बलपूर्वक संविधान बनाइयो। त्यसै कारण आज यो अवस्था आएको छ। यी तीन दलले संविधान बनाएका हुन्। अब उनीहरूको कर्तव्य हो कि यो संविधान लागू गर्न। किन लागू भइरहेको छैन यो संविधान।

**० तर, ९० प्रतिशतले मानेको हो नि यो संविधानलाई ?**

– अब कहाँ रह्यो ९० प्रतिशत। अब त बहुमत पनि यो संविधानको पक्षमा छैन। अब त खत्तम भयो। जुन संविधान जनताको समस्या समाधान गर्न सकिरहेको छैन त्यो संविधानलाई ९० प्रतिशतले मानेको कसरी भन्ने। अहिलेको अवस्थामा संसदमा ९० प्रतिशत समर्थन छ त यो संविधानलाई ?

**० तर, संविधान जारी हुँदा त ९० प्रतिशतले हस्ताक्षर गरेका हुन् नि ?**

– त्यतिबेला बलपूर्वक जारी गरिएको थियो यो संविधान। अहिले बल्ल बुद्धि खुलेको छ, अनि संशोधन गर्न तयार भएका छन्। तर, संशोधन भइरहेको छैन। यो सरकारको कमजोरी हो कि चाहेर पनि गर्न सकिरहेको छैन।

**० तपाइँ लोकतन्त्र र विधिको शासनका लागि लडेको नेता हो। तपाइँ प्रजातन्त्रका लागि कहिल्यै पनि कोहीसँग सम्झौता नगरेको नेता हो। संविधानसभाबाट जारी भएको संविधानलाई सबैले मान्नुपर्छ कि पर्दैन ?**

– यो संविधानमाथि पहिले नै औंला उठिसकेको छ। जनताको समस्या संविधान भविष्य पथप्रदर्शक गर्ने एउटा दस्तावेज हो। वर्तमान समयमा जुन समस्या छ त्यसको समाधान गरेर भविष्यका लागि पथप्रदर्शकको काम गर्छ। तर, ठिक उल्टो भएको छ। अन्तरिम संविधानले संकल्प लिएको थियो कि आन्दोलन र क्रान्तिबाट अधिकारहरूलाई संविधानसभाद्वारासंस्थागत गर्ने। तर, संविधान लागू हुनुभन्दा अगावै संशोधन गर्ने अवस्था आयो। र संशोधन भयो।

**० आजको दिनमा जनताको प्रतिनिधित्व एमाले पार्टीले गरिरहेको छ नि ?**

– अरूले पनि प्रतिनिधित्व गरिरहेका छन्। एमालेका नेताहरू तराईमा खुट्टासम्म राख्न किन सकिरहेका छैनन्। तर, यस्तो धाकधम्की दिने ? किन मधेशमा जान सकेनन् ?

**० मधेशमा जान तयार छौं, तर महन्थ ठाकुर र राजेन्द्र महतोहरूले निर्वाचनमा भाग लिनुपर्छ भन्ने निष्कर्ष छ नि उनीहरूको ?**

– ठिक छ, आउँदैछ निर्वाचन हेरिहाल्नुहोला। यस्तै अवस्थामा गराउँछ भने के हुन्छ त्यहाँ।

**० तर, कुनै पनि हालतमा निर्वाचन रोकिँदैन भनेर सबै नेताहरूले भनिराखेका छन् ?**

– हामीले भनेका छैनौं कि कुनै पनि हालतमा भाग लिन्छौं भनेर। कुनै पनि हालतमा यसै अवस्थामा निर्वाचनमा भाग लिँदैनौं। हामी यो देशको नागरिक हो। हाम्रो अधिकारको हनन् भइरहेको छ। यस्तो अवस्थामा हामी भाग लिन्न।

**० तर, जनता आज निर्वाचनको पक्षमा छन् नि ?**

– आन्दोलनमा मारिएका मानिसहरू जनता थिएनन् ? मधेशमा लाखौं मानिसहरू सडकमा उपस्थित भएका थिए, उनीहरू जनता होइनन् ? को हो उनीहरू ? यदि नेपालका जनता हुन् भने किन उनीहरूको आवाज सुनिरहेका छैनन् ? यहाँ निर्वाचनको कुरा कहाँबाट आयो ? अधिकारको कुरा छ यहाँ। अधिकार नपाइकन् निर्वाचनमा गएर केही हुँदैन।

**० तपाइँहरू निर्वाचनमा जानका लागि सरकारले के-के गर्नुपर्छ त ?**

– हामीले पहिले नै भनिसकेका छौं। संविधानमा जुन गल्तीहरू देखा परेका छन् त्यसलाई सुधारोस्।

**० सरकार र राजनीतिक दलहरूका के-के गल्तीहरू छन् ?**

– सीमांकनको विषयमा जिउँदो मान्छेलाई मुर्दाघरमा राखेको जस्तो अहिले आयोगलाई जिम्मा लगाइएको छ। यो समाधान होइन। प्रतिनिधिसभामा जनसंख्याको सिद्धान्तलाई स्वीकार गरेर संशोधन गऱ्यो तर राष्ट्रिय सभामा किन गरेन ? राष्ट्रिय सभामा पनि त्यहीं समस्या छ। त्यसपछि नागरिकताको समस्या छ। नागरिकताको सवालमा अन्तरिम संविधानमा जुन व्यवस्था छ त्यहीं राख्नुपर्छ। त्यस्तै भाषाको विषयमा मेरो मातृ भाषा कुन हो यसको निर्णय राज्यले गर्ने होइन। कसैको मातृभाषा हिन्दी छ भने उसले आफ्नो मातृभाषामा बोल्न नपाउने ?

**० हिन्दी भाषालाई नेपालमा लागू गर्न खोज्नु भएको छ भनेर सबैको आरोप तपाइँहरूमाथि छ नि ?**

– जसको मातृभाषा हिन्दी छ, उसले आफ्नो मातृभाषा बोल्न नपाउने ? उसले आफ्नो अधिकारको कुरा गर्न नपाउने ? राज्यले मातृभाषा निर्धारण होइन। नागरिकले बनाएको राज्य। त्यसैकारण, कसको भाषा के हो यो उसले नै भन्नुपर्ने हो।

**० किनकि हिन्दी भाषालाई कुनै पनि जनताले स्वीकार्दैन नि ?**

– राज्यको यही कमीकमजोरी छ कि आफ्ना नागरिकलाई जहिले पनि अनागरिकको रूपमा राख्छ। मधेशीहरूलाई बाहिरिया भन्छन्। जबकि संस्कृति र इतिहासले बताइरहेको छ कि हजारौं वर्षदेखि सभ्यता संस्कृति रहेको छ। आज लुम्बिनी, जनकपुरधाम, राजविराजको अवस्था के हो। त्यो एक समयमा उन्नत राज्य थियो। सभ्यताको केन्द्र थियो।

**० नेपाली भाषालाई सबैले मान्दा के हुन्छ, किन हिन्दी भाषालाई नेपालको भाषा बनाउनुपऱ्यो ?**

– नेपाली केलाई भन्नुहुन्छ, एउटा भाषालाई पढाई, रोजगार, प्रशासन र राष्ट्रको भाषा घोषित गर्ने तर अरू भाषा के हुने ?

**० त्यसो भए, हिन्दी भाषालाई नेपालको कामकाजको भाषा बनाउन लाग्नुभएको हो ?**

– यहाँ हिन्दी भाषाको कुरा छैन, मातृभाषाको कुरा आइरहेको छ। मातृभाषाको कुरा हामीले उठाएका छौं।

**० तपाइँको मातृभाषा के ?**

– हाम्रो मातृभाषा मैथिली हो।

**० त्यसोभए, मैथिली तपाइँहरूलाई स्वीकार छ ?**

– त्यहीं त हामी भनिरहेका छौं कि बहुभाषिक नीति हुनुपर्छ। विश्वव्यापी मान्यता प्राप्त छ यी कुराहरू। जुन देशमा एकभन्दा बढी मातृभाषा छन् त्यहाँ बहुभाषी नीति हुनुपर्छ। सबै भाषाले समान अवसर पाउनुपर्छ। तर, के ती भाषाहरूले समान अवसर पाएका छन् ? हामी आफ्नो घरमा मात्र मैथिली भाषा बोलिरहेका छौं।

**० त्यसोभए, नेपाली भाषासरह मैथिली भाषाले मान्यता पाउनुपर्छ ? त्यो सम्भव छ हाम्रो देशमा ?**

– एकदम पाउनुपर्छ। किन सम्भव छैन ?

**० सबै नेपालीले मैथिली भाषा बुझ्छन् त ?**

– न बुझे पनि राष्ट्रिय भाषा त भन्न पाउँछन् नि। नेपाली भाषामा भारतमा काम भइरहेको छैन तर भारतमा नेपाली भाषालाई राष्ट्रिय भाषाको दर्जा दिएको छ नि। उसको विकासका लागि सरकारबाट पाउने जुन अनुदान हो, त्यो पाइरहेको छ। चाहे त्यसको उपयोग नहोस् तर, भाषाको विकासका लागि काम भइरहेको छ। हाम्रो यहाँ के छ ? यसबारेमा सरकारले कहिल्यै पनि सोचेको छैन। यो राज्यले एकलौटीरूपमा हामीलाई अलग गरिदिएको छ। अनि हामीमाथि नै आरोप लगाउँछन् कि अलग हुन खोजिरहेका छन्।

**० एमाले धेरै नेताहरूले भन्ने गरेका छन् कि खासगरी महन्थ ठाकुर र राजेन्द्र महतोले यो देशलाई विखण्डन गर्न चाहेका छन् भनेर आरोप लागेको छ नि ?**

– यस्तो भन्नेहरू नै विखण्डनवादी हुन्। आज जुन पहाड र मधेशको बीचमा खाल्डो खनेका छन्, उनीहरू मधेशी होइनन्। मधेशीहरूले कहिल्यै धोका दिएका छैनन्। तर, हामी पटक-पटक धोका पाइरहेका छौं।

**० तपाइँहरू मेचीदेखि कञ्चनपुरसम्म मधेशमा दुई प्रदेशको कुरा गरिरहनु भएको छ। किन चाहियो तपाइँहरूलाई दुई प्रदेश ? त्यसको कारण र आधार पुष्टि गर्नुपऱ्यो ?**

– यो दुःखको कुरा हो कि तपाइँ आफूलाई नेपालको नागरिक भन्नुहुन्छ तर, तपाइँलाई नेपालको समस्या थाहा छैन। पहिचानको आधारमा यहाँ भेदभाव सदियौंदेखि भइरहेको छ। जातीय, क्षेत्रीय, भाषा, संस्कृति, लैंगिक आधारमा भेदभाव हुँदै आएको छ। त्यसलाई हटाउनका लागि समावेशी आधारमा संघीय राज्यहरूको स्थापना हुनुपर्छ। त्यहीं हामी मधेशी, आदिवासी जनजातिहरूले मागेका हौं।

**० तर, त्यो सम्भव छैन भनेर धेरै भनिसके नि त ?**

– कांग्रेस र माओवादी केन्द्रले विधेयक ल्याइसकेको छ। पास भएको छैन।

**० तर, पास हुन गाह्रो छ नि ठाकुरजी ?**

– सामान्य बहुमत उसँग छ। कहाँ गयो ९० प्रतिशत ? अब छैन ९० प्रतिशत। एमाले अब अल्पमतमा छ।

**० तर, एमालेले कुनै पनि हालतमा यो प्रस्ताव संसदबाट पारित हुन नदिने भनिसकेको छ नि ?**

– यो कुरा जनतामा जान्छ। यहाँ नेताहरूले यसमा निर्णय गर्न सकेन भने जनताले निर्णय गर्छ।

**० केपी शर्मा ओली र शेरबहादुर देउवाले सीमांकनको कुरा गर्दा मधेशमा दुई प्रदेश हुन देला ?**

– आफू बाहिरबाट आएर त्यहाँका जनतालाई बाहिरिया भन्नेले आफ्नो वैधानिकता साबित गर्न जे कुरा पनि बोल्न सक्छन्।

**० झापालाई कुनै पनि हालतमा मधेश प्रदेशमा लानु हुँदैन भनेर कृष्णप्रसाद सिटौलादेखि केपी ओलीसम्मे भनिरहेका छन्, अनि कसरी हुन्छ ?**

– धमलाजी, तपाइँ उनीहरूको पुच्छर बनेर किन यो प्रश्न गरिरहनु भएको छ ? त्यहाँका जनताले के भनिरहेका छन् त्यो कुरा बुझ्नुपऱ्यो। त्यहाँ कुनै बेला मधेशी र आदिवासी जनजातिहरूको रजाई थियो। उनीहरूको उठिवास किन भयो, कहाँ गए तिनीहरू ? आज हजारौं मानिसहरू बाहिर बस्न बाध्य छन्, उनीहरूमाथि मुद्दा छ। के यो हो मानवअधिकार ?

**० पहाड, हिमाल र तराई-मधेश मिलेर बस्न चाहन्छ, त्यसलाई किन तोड्ने ?**

– खै हाम्रो स्थान, कहाँ छौं हामी ? सुरक्षामा छ कि प्रशासनमा छ कि न्यायालयमा छ ? राजनीतिक भागवण्डा गर्ने ?

**० तपाइँले भनेअनुसार मधेशीहरूलाई कुनै अधिकार पनि दिएको छैन र समावेशी पनि छैन ?**

– सत्य यही हो। जनताले पनि भनिरहेका छन् यो कुरा। पहाडका मानिसहरूले पनि भनिरहेका छन्।

**० हामी सबै नेपालीहरू मिलेर बस्नुपर्छ नि ?**

– यो शिक्षा नदिनुस्। काम गरेर देखाउनुस्। यस किसिमको आरोप गलत हो। यस्तो आरोप कहिल्यै पनि लगाउनु हुँदैन। आफैले अलगथलग राख्ने अनि अलग हुन खोजिरहेका छन् भनेर आरोप हामीमाथि लगाउने। हाम्रो नारा समावेशी हो।

**० तपाइँहरूको माग सम्बोधन भएन भने मधेशमा निर्वाचन हुँदैन त ?**

– जबरजस्ती गरियो भने त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवार सरकार हुनेछ।

**० तर, हाम्रो देशमा धेरैपटक निर्वाचन पनि भएको छ नि ?**

– त्यो गर्न हुँदैन। त्यो गलत हो।

**० यदि मधेशमा चुनाव भयो भने के हुन्छ त्यतिखेर ?**

– त्यो हेरिहाल्नुस्, के हुन्छ भनेर।

**० त्यसोभए, संविधान संशोधन नभए तपाइँहरू निर्वाचनमा भाग लिनुहुन्न, यो तपाइँहरूको बटमलाइन हो ?**

– हो, हाम्रो बटमलाइन हो। यसबाहेक कुनै सम्झौता हुन सक्दैन।

**० संविधान संशोधन विधेयक पारित भएन भने के गर्ने ?**

– कति सम्झौता गर्ने ? पटक-पटक त हामी सम्झौता गर्दै आएका छौं। अहिलेसम्म कुन सम्झौता लागू भएको छ।

**० देश बचाउनका लागि छात्तीमा हात राखेर निर्वाचनमा जान सक्नुहुन्न ?**

– देश बचाउनका लागि जहिले पनि १०-२० मधेशी मर्नैपर्ने ? देश बचाउने जिम्मेवारी सबैको हुनुपर्छ। आफ्नै मान प्रतिष्ठाका लागि मानिस ज्यान दिन्छन्। आफ्नो भूमिका लागि मान्छे सदैव तयार हुन्छन्। त्यसैले, आफू बसिररहेको जग्गाको सबैलाई माया हुन्छ।

**० एमालेका नेता झलनाथ खनालले अहिलेको अवस्थामा स्थानीय तहको संख्या थप्न सकिँदैन भनेर भन्नुभएको थियो ?**

– झलनाथ खनालजी भन्नुहुन्छ कि मधेश नेपालमा छैन। त्यसोभए, उहाँलाई शासन गर्ने अधिकार कहाँबाट आयो ? मधेश नेपालमा छैन भन्ने अर्थ के हो ? मधेश अलग छ नेपालबाट। त्यहाँ उपनिवेशिक शासन छ। जबरजस्ती शासन गरिरहेका छन्। जो देशैमा छैन, त्यसमाथि शासन गर्ने अधिकार कहाँबाट आयो ? यसको जवाफ चाहियो। उपनिवेशको आफ्नो बोली हुँदैन, जो मास्टर हुन्छ त्यसैको बोली सबैले बोलिरहेका हुन्छन् र तपाइँहरू पनि त्यहीं गरिरहनु भएको छ।

**० एमालेको तर्क छ कि स्थानीय तहको संख्या थप्ने अहिले समय छैन भनेर नि ?**

– तपाइँको गल्तीका लागि हामी किन सफर गर्ने ? गल्ती तपाइँले गर्नुभएको छ, सुधार्नुस्।

**० तपाइँलाई राम्ररी थाहा छ कि २०७४ साल माघ ७ गतेभित्र तीनै तहको निर्वाचन हुन सकेन भने यो संविधान संकटमा पर्छ नि ?**

– हाम्रो टाउकोमा गोली हानेर संविधान बच्छ भने बचाउनुस्। संविधान बचाउनका लागि हाम्रैमाथि किन गोली चलाइन्छ।

**० टीकापुर घटनालाई लिएर जुन किसिमले मत विभाजन भएको छ नि यसमा के भन्नुहुन्छ ?**

– टीकापुर घटनामा पीडित को हुन् ? जसको घरमा आगो लगाइयो, रिसोर्टमा आगो लगाइयो, जसको लुगा खोलियो उनीहरू पीडित होइनन् ?

**० त्यतिखेर सुरक्षाकर्मीमाथि जुन किसिमको आक्रमण भयो उनीहरूका परिवारले खोई न्याय भनेर प्रतिप्रश्न गर्न थालेका छन् ?**

– उनीहरूले सरकारसँग प्रतिप्रश्न गरोस् न। तत्कालीन गृहमन्त्रीको भनाई हो कि भारतबाट आएर आक्रमण गरेको हो। आज मुद्दा चल्यो टीकापुरमा बस्ने जनतामाथि।

**० तर, टीकापुर घटनालाई जघन्य अपराध भन्नेहरू पनि छन् नि ?**

– भएको छ जघन्य अपराध। तर आन्दोलनकारीले जघन्य अपराध गरेका छैनन्। त्यो जिम्मेवारी कसैले लिइसकेका छन् तर, उमाथि किन मुद्दा चल्दैन ?

**० निर्दोष प्रहरीमाथि आक्रमण गरी हत्या त गरियो नि ?**

– कसले हत्या गऱ्यो त्यो जिम्मेवारी लिइसकेका छन्। आन्दोलनकारीहरूले गरेको होइन। जसको हातमा कानून, प्रशासन उनीहरूकै मुखबाट आएको छ।

**० मोर्चाभित्रका ६ वटा दल मिलेर बनेको राष्ट्रिय जनता पार्टी नेपाल चुनावमै जानका लागि होइन र ?**

– निर्वाचनमा जानका लागि होइन, हामी संघर्षका लागि एकता गरेका हौं।

**० उसो भए, फेरि आन्दोलनमा जाने तपाइँहरू ?**

– हाम्रो सामु अब कुनै विकल्प भएन। समस्याको समाधान गर्न सकेन भने जनताले त्यो समस्याको समाधान खोज्छन्।

**० जनताले समाधान खोज्ने दिन आउँछन् त ?**

– एकदम आउँछ। कति दिन जनताले आश्वासनको भरमा बाँच्ने ? भोके मान्छे खाना खोज्छन्, खाना दिएन भने जहाँ खाना पाउँछ त्यहाँ जान्छ। जब मधेशीहरूको हकहित, सम्मानको रक्षा नेपालको सीमाभित्र हुन सकेन भने आफ्नो ठाउँ खोज्छन्।

*(राजपा नेपालका अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरसँग हिमालय टेलिभिजनमा ऋषि धमलाले गरेको कुराकानीको सम्पादित अंश)*



# आन्दोलन सफल बनाउन प्रभावकारी नीतिको आवश्यकता

ओमप्रकाश सर्राफ



छ वटै राष्ट्रिय अध्यक्ष एवं शीर्ष नेताहरू आन्दोलन हुने प्रमुख जिल्ला वा ठाउँहरूमा कमान्डरको रूपम खटिनु पर्छ र सुस्ताएका आन्दोलनकारीहरू एवं आम मधेशीलाई विश्वासमा लिन जरूरी छ ।

२०७२ सालदेखि हालसम्म पनि जारी मधेश आन्दोलन-३ को संवैधानिक उपलब्धि हुन सकेको छैन । दुई वर्ष पहिला सुरू भएको सडक आन्दोलनको प्रारम्भिक समय करिब छ महिना लगातार मधेश पूर्णरूपमा ठप्प रहेको थियो भने सो आन्दोलनबाट सिङ्गो मुलुक नै प्रभावित रहेको थियो । आन्दोलनको राप र तापलाई अन्तर्राष्ट्रिय जगतले पनि महत्व दिएको थियो । अन्तर्राष्ट्रिय जगतले उक्त आन्दोलनलाई महत्व र चासो दिने क्रममा कतिपय मुलुकले आफ्नो सदनमा पनि बहसको विषय बनाउन पुग्यो ।

सशक्त आन्दोलनको दरमियान राज्यबाट भएको दमनले पनि अन्तर्राष्ट्रिय समुदाय एवं विभिन्न एजेन्सीहरूको ध्यान आकृष्ट गर्‍यो । विभिन्न चरणमा भएको वार्ता संवादले पनि निकास दिन सकेन । अहिले पनि असन्तुष्ट पक्ष कुनै न कुनै रूपमा आन्दोलन जारी नै राखेको छ । जसको कार्यक्रम बेला बखत सडकमा पनि देखिदै आएको छ । दुई तिहाईको खेलमा अल्झेको संशोधनले आन्दोलनरत पक्षलाई पनि आन्दोलनको विकल्प दिन सकेको छैन ।

वर्तमान सरकारले आन्दोलनको प्रभावरहित तीन वटा प्रदेशमा स्थानीय निर्वाचन गराएर एमाले र आन्दोलनरत पक्षमा दबाब सिर्जना गर्न सफल भए पनि हालको अवस्थालाई बारिकीले नियाल्दा दोस्रो चरणको चुनाव संविधान संशोधन बिना चुनौतीपूर्ण छ । तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चामा आबद्ध एक घटक पहिलो चरणको चुनावमा सहभागी भएर दोस्रो चरणका लागि सरकारलाई अलि सहयोग गरे पनि मोर्चामा आबद्ध छ दलको एकीकरणबाट बनेको राजपाले भने सम्बोधन बिना चुनावमा सहभागी नहुने अडान कायम राखेकोले दोस्रो चरणको निर्वाचनको वातावरण तत्कालै बन्ने अवस्था देखिदैन ।

पाँच दर्जनभन्दा बढी आन्दोलनकारीलाई शहीद बनाएको मधेश आन्दोलन-३ बिना सम्बोधनको मुद्दा बिसर्जन गरेर राजपा नेपाल चुनावमा गए पनि प्रमुख दलका स्थानीय कार्यकर्ता राजपालाई उल्टै मधेश विरोधी साबित गर्न चुक्दैन । यदि चुनावमा राजपा प्रतिको क्रेज ब्यालेटबाट अवसान हुने गरी परिणाम आयो भने मधेश मुद्दा पनि तत्कालको लागि हार्नेछ ।

यदि आन्दोलनरत पक्ष दोस्रो चरणको चुनावलाई आन्दोलनको माध्यमले अवरोध, विरोध गरी स्थगित वा विथोल्न सफल भयो भने राजपा नेपाल प्रतिको मधेशमा लोकप्रियता, आस्था र बिश्वास बढ्ने छ र फोरम नेपालको अस्तित्व र एजेन्डामा प्रश्नवाचक चिन्ह लाग्ने छ ।



संविधानलाई कार्वान्वयन गरी भइरहेको स्थानीय चुनाव गराउन नसकेको अवस्थामा सरकार 'ब्याक फुट'मा त जान्छ नै साथै एमालेलाई पनि झनै दबाब बढ्ने छ ।

यदि सरकार राजपालाई बाइपास गरि चुनाव गराउन सफल भयो भने मधेशी भोट बैंकको रोजाइमा उपेन्द्र यादव नेतृत्वको फोरम र बिजय कुमार नेतृत्वको पार्टी हुन सक्छ । निर्वाचन पश्चात् स्थानीय तहमा कब्जा जमाएका पार्टीप्रति तत्कालमा जनताको झुकाव बढ्ने छ । आफ्नो कार्यकर्ताहरूलाई एवं जनतालाई विभिन्न ललिपप वा अवसर प्रदान गरि संरक्षण गर्न सफल हुने छ । निर्वाचनबाट बाहिर रहेका राजपा ग्रास लेबलमा कमजोर हुने अवस्था सृजना हुन सक्छ । मधेश मुद्दालाई थाती राखी संविधान कार्यान्वयन गर्न सहयोग हुने गरि निर्वाचनमा भाग लिएका मधेशकेन्द्रित दलहरूलाई तत्कालमा लाभ त हुने छ तर यसको दूरगामी परिणाम यी पार्टीहरूको अनुकुल नहुन पनि सक्छ ।

निर्वाचनलाई अवरोध गर्न असफल भए राजपा राज्य शक्तिको स्रोत साधनबाट बनवास गए पनि राजा महेन्द्रद्वारा कांग्रेसलाई बनवास पठाएको तीस वर्षे लामो यात्रा चाहिँ हुँदैन । राजपा आफ्नो अडानमा कायम रहि निर्वाचनलाई अवरोध गर्न सफल भयो भने मधेश मुद्दा स्थापित गर्न संविधान संशोधन गर्न प्रमुख दलहरूलाई बाध्यात्मक अवस्था आउँछ र यो पनि यो आन्दोलनरत पक्षको नैतिक विजय हुनेछ ।

दोस्रो चरणको निर्वाचन हुने प्रदेशहरूमा हाइवे जस्ता ठाउँहरू जुन पहाडी बाहुल्य क्षेत्र हो त्यो ठाउँमा मात्रै सरकारले चाहेर पनि निर्वाचन गराउन सक्दैन उक्त ठाउँमा अवरोध गर्न कानुनले पनि आन्दोलनरत पक्षलाई सहयोग गरेको छ । कुनै पनि प्रदेशको केही भागमा मात्रै निर्वाचन गराउन कानुनले बन्देज गरेको छ जसकारण बाँकीको सबै प्रदेशको केही न केही भूभागमा आन्दोलनरत पक्षको प्रभाव रहेको छ । दोस्रो चरणको निर्वाचनलाई अवरोध गर्न राजपा लगायत आन्दोलनरत पक्षलाई त्यति सहज भने हुँदैन, यो आन्दोलनमा राज्य पक्षको सुरक्षा निकायको सामना गर्नुको साथै निर्वाचनमा सहभागी भएका दलहरूसँगको मुठभेडलाई परास्त गर्न सक्नु पर्छ । सबभन्दा चुनौती त यो छ कि हिजोसँगै सडक तताएका फोरम नेपाल जस्ता मोर्चाका प्रमुख घटकसँग पनि भिड्नु पर्ने अवस्थाले कलियुगको महाभारत मंचन हुने सम्भावना सिर्जना हुनेछ ।

निर्वाचन अवरोध गर्न आन्दोलन तय गर्दा आन्दोलनरत पक्षले अवलम्बन गर्ने नीतिहरू निम्न प्रकार भयो भने आन्दोलन सफल हुने प्रचुर सम्भावना हुन्छ ।

१) राजपाले तत्कालै एकीकृत पार्टीको एकताको अनुभूति कार्यकर्ता एवं जनजनमा प्रवाह हुने गरि नीति बनाइ कार्यक्रम संचालन गर्नु पर्छ ।

२) अप्रत्यक्ष रूपमा निर्वाचनको तयारीमा लागेका कार्यकर्ताहरूलाई आन्दोलनको तयारी गर्न आह्वान गर्नु पर्छ ।

३) बिना संशोधनको स्थानीय तहको निर्वाचन मधेश विरोधी हो भन्ने सन्देश जनजनमा पुर्‍याउनु तत्कालको आवश्यकता हो ।

४) छ वटै राष्ट्रिय अध्यक्ष एवं शीर्ष नेताहरू आन्दोलन हुने प्रमुख जिल्ला वा ठाउँहरूमा कमान्डरको रूपम खटिनु पर्छ ।

५) सुस्ताएका आन्दोलनकारीहरूलाई एवं आम मधेशीलाई विश्वासमा लिन जरूरी छ ।

६) न्युनतम् धनजनको क्षतिमा अधिकतम् प्राभावकारी आन्दोलनको कार्यक्रम घोषणा गर्नु पर्छ ।

७) प्री-आन्दोलन राष्ट्रिय अन्तर्राष्ट्रिय मानवाधिकारवादी संघसंस्थाहरूलाई निगरानीका लागि विशेष पहल गर्नुपर्छ ।

अत: दोस्रो चरणको निर्वाचनले मधेश मुद्दाको दशा र दिशा तय गर्ने हुनाले राज्य र आन्दोलनरत पक्षको विवेक र समझदारीले नेपालको जीत तय गर्नेछ ।

## प्रेस काउन्सिलका अध्यक्षविरूद्ध रिट



भवानीप्रसाद बराल

काठमाडौं । योग्यता नै नपुगेको व्यक्तिलाई प्रेस काउन्सिल नेपालको अध्यक्षमा सरकारले नियुक्त गरेको भन्दै सर्वोच्च अदालतमा रिट परेको छ । मन्त्रिपरिषद्ले निर्वाचन आचारसंहिताको अवज्ञा गरी प्रेस काउन्सिलको अध्यक्ष नियुक्त गरेको आरोप लागेको छ । जेष्ठ ४ गतेको मन्त्रिपरिषद्को बैठकले प्रेस काउन्सिल नेपालको अध्यक्षमा भवानीप्रसाद बराललाई नियुक्त गरेको थियो । बैकुण्ठप्रसाद भण्डारीले कानुनविपरीत काउन्सिलको अध्यक्षमा बराललाई नियुक्ति गरेको भन्दै सर्वोच्च अदालतमा मंगलबार रिट निवेदन दायर गराएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय, प्रेस काउन्सिल नेपाललगायतलाई विपक्षी बनाएर दायर गरिएको रिट निवेदनमा बराललाई कानुनविपरीत नियुक्ति गरेको उल्लेख गर्दै बदर गर्न माग गरिएको छ । रिट निवेदनमा प्रेस काउन्सिल ऐन २०४८ को दफा ६(१) मा काउन्सिलको अध्यक्ष बन्न सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएको व्यक्तिमध्येबाट नेपाल सरकारबाट नियुक्त व्यक्ति अध्यक्ष हुने कानुनी प्रावधानलाई बेवास्ता गर्दै बराललाई सो नियुक्ति गरेको रिट निवेदनमा उल्लेख छ ।

## मुद्दाबाट विचलित नहुन युवा नेताहरूको दबाब

काठमाडौं । संविधान संशोधन नभए मधेशमा कुनै पनि निर्वाचनमा हुन नदिने चेतावनी दिँदै आएका मधेशवादी दलका नेताहरू निर्वाचनमा सहभागी हुने तरखरमा रहेको भन्दै मधेशवादी विद्यार्थी तथा युवा नेताहरूले आक्रोश पोख्न थालेका छन् । आफ्ना नेतृत्वपंक्तिले मुद्दाबाट विचलित हुन थालेको भन्दै सामाजिक सञ्जालमार्फत् दबाब दिन थालेका छन् । आसन्न दोस्रो चरणको स्थानीय तहको निर्वाचन नजिकिदै जाँदा मधेशकेन्द्रित दलहरू निर्वाचनमा सहभागी हुने व्यापक हल्ला चलिरहेको समयमा राष्ट्रिय जनता पार्टी नेपालका विद्यार्थी नेता रंजित निस्पक्षले मधेश केन्द्रित दलहरूलाई निर्वाचन हैन आन्दोलनको लागि तपाइहरू आँट गर्नुस लड्नको लागि हामी युवाहरू तयार रहेको आग्रह गरेका छन् । 'मधेशमा आन्दोलन अधिकारका लागि भैरहे छ निर्वाचनको लागि हैन र जबसम्म मधेशको अधिकार संविधान संशोधनमार्फत पुरा हुँदैन तबसम्म संविधान कर्यान्वयन गराउने गतिविधि छोडी अबिलम्ब निर्वाचनलाई प्रभाव पर्ने र बिथोलने खालको सशक्त आन्दोलनको कार्यक्रम घोषणा गरिनुपर्छ ।' विद्यार्थी नेता निस्पक्षले जोरदार माग गरेका छन् ।

## एमाले मधेश विरोधी भएको भन्दै दुई केन्द्रीय सदस्यद्वारा राजीनामा

वीरगन्ज । मधेश आन्दोलनबाट उठेका मागहरूलाई नेपाल कुम्युनिष्ट पार्टी एमालेले सम्बोधन नगरेको भन्दै पार्टीका केन्द्रीय सदस्य र पूर्व सभासदले राजिनामा दिएका छन् । सोमबार वीरगन्जको होटल मकालुमा पत्रकार सम्मेलन गरेर पार्टीका केन्द्रीय सदस्य प्रहलाद गिरी र पूर्वसभासद प्रद्युमन चौहानले पार्टीको साधारण सदस्य लगायत सम्पूर्ण पदबाट राजीनामा दिएका छन् ।

मधेश आन्दोलनबाट उठेका मागहरूलाइ संस्थागत गर्नुपर्ने जनचाहना भएपनि मधेश आन्दोलनको भावनालाई एमाले पार्टीले उपेक्षा गरेकोले आफूहरू पार्टीको साधारण सदस्य लगायत सम्पूर्ण पदबाट राजीनामा दिएको गिरी र चौहानद्वारा जारी गरिएको प्रेस बिज्ञप्तिमा उल्लेख गरिएको छ ।



*एमालेबाट राजीनामाको घोषणा गर्दै केन्द्रीय सदस्यगण ।*

पहिलो चरणको स्थानीय निर्वाचनअघि सरकारले गरेको सहमतिअनुसार तराई-मधेशमा स्थानिय निकायको संख्या बृद्धि गरि दोश्रो चरणको चुनाव गराउनु पर्ने अहिलेको राजनैतिक आवश्यकता भएपनि एमालेको मधेश विरोधी अडानको कारण राजनीतिक निकास निस्कन नसकेको आरोप समेत लगाइएको छ ।

आफूहरूले मधेशको मागहरूलाई पुरा गर्न पार्टीमा पटक पटक दबाब दिएपनि शीर्ष तीन नेताहरूले मधेश क्षेत्रलाई धोती, मधेशीलाई विहारी र मधेश आन्दोलनबाट उठेका मागहरूलाइ भारतसँग जोडेर दिने अभिव्यक्तिले एमालेमा रहेका सबै मधेशी नेता तथा कार्यकर्ताहरूलाई कलंकित बनाएको आरोप समेत लगाइएको छ ।

साथै संघीय समाजवादी फोरम नेपाल पर्साका जिल्ला अध्यक्ष प्रदिप यादव, केन्द्रिय सदस्यद्धय हरिनारायण रौनियार, मोहनलाल चौधरी तराई-मधशस प्रदेशका कोषाध्यक्ष एवम समाजसेवी बिजय सरावगी लगायतका नेताहरूको उस्थितिमा सम्पन्न भएको पत्रकार सम्मेलनमा नेता प्रहलाद गिरी र प्रद्युम्न चौहानले मधेशको मागहरूलाई समर्थन गर्दै निकट भविष्यमा संघीय समाजवादी फोरम नेपाल पार्टीमा प्रवेश गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको थिए । आगामी जेष्ट १४ गते बृहत कार्यक्रम गरी दुबै नेताहरू ससम्मान पुर्वक केन्द्रिय अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा पार्टी प्रवेश गराउन जानकारी समेत जिल्ला अध्यक्ष यादवले बताए ।

## मधेश अपडेट

### राजपालाई चुनाव चिन्ह दिन सकिँदैन : प्रमुख आयुक्त

विराटनगर । निर्वाचन आयोगका प्रमुख आयुक्त डा अयोधिप्रसाद यादवले राष्ट्रिय जनता पार्टी नेपाललाई दोस्रो चरणको स्थानीय तह निर्वाचनमा 'छाता' चुनाव चिन्ह दिन नसकिने बताएका छन् । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका ६ दलबीच भएको एकीकरणपश्चात् निर्माण भएको राजपा नेपाललाई छाता चुनाव चिन्ह नदिने उनले बताए । विराटनगरमा मंगलबार सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै प्रमुख आयुक्त डा. यादवले दोस्रो चरणको मतगणना छिटो गर्नका लागि सम्बन्धित पक्षलाई निर्देशनसमेत दिइसकेको बताए । उनले सरकारले स्थानीय तहको सङ्ख्या बढाउने निर्णयले आयोगमाथि थप जिम्मेवारी आएको बताएका छन् । उनले स्थानीय तहको सङ्ख्या बढेकाले मतदाता नामावली, मतदाता परिचयपत्रका साथै अन्य सामग्रीको व्यवस्थापनका लागि आयोगसक्षम अर्को काम थपिएको जानकारी गराए ।

### प्रधानमन्त्रीलाई कालो झण्डा

जनकपुरधाम । प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड'लाई जनकपुरधाममा कालो झण्डा देखाएइएको छ । प्रधानमन्त्री प्रचण्डले मधेश आन्दोलनका मागहरूलाई वेवास्ता गर्दै स्थानीय निकायको निर्वाचन गराएको आरोप जनकपुरबासीहरूले लगाएका छन् । उनीहरूले प्रधानमन्त्रीले मधेशको माग पुरा गराउन असक्षम रहेको भन्दै नारावाजी गर्दै कालो झण्डा देखाएका हुन् । आइतबार एक कार्यक्रममा सहभागी हुन जनकपुरधाम आएका प्रधानमन्त्रीलाई कालो झण्डा देखाइएको हो । कालो झण्डा देखाउने क्रममा युवाहरू पक्राउसमेत परेका थिए । जनकपुरधामस्थित भानु चौकमा नारावाजी गर्दै कालो झण्डा देखाएका युवाहरूले संविधान संशोधन विनाको निर्वाचन खारेज गर, झुठा मुद्दा खारेज गर जस्ता नारालगाएका थिए ।

### राजपासँग तालमेल हुन्छ : डा. भट्टराई

मो इमरान खान, कपिलवस्तु । दोस्रो चरणको स्थानीय तह निर्वाचनमा नयाँ शक्ति पार्टी नेपालले मधेशी दलहरूको एकीकरण पछि बनेको राष्ट्रिय जनता पार्टी (राजपा) नेपालसँग मिलेर चुनाव लड्ने घोषणा गरेको छ । नयाँ शक्ति नेपालले कपिलवस्तुको गोरूसिंगेमा आयोजना गरेको स्थानीय तहको निर्वाचन केन्द्रित विशेष भेला तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी संयोजक डा. बाबुराम भट्टराईले राजपा नेपालसँग चुनावी तालमेल गरेर निर्वाचनमा जाने बताएका हुन् । यसअघि उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालसँग चुनावी तालमेल गरी उसैको चुनाव चिन्हमा नयाँ शक्ति पहिलो चरणको निर्वाचनमा सहभागी भएको थियो । नयाँ शक्ति पार्टी हालै स्थापना भएको कारण शिशु अवस्थामा रहेकोले पहिलो चरणको निर्वाचनमा अपेक्षित परिणाम हात पार्न नसकेको भन्दै भट्टराईले मधेशी दलसँग समीकरण गर्नै पर्ने बाध्यकारी अवस्थामा भएको समेत बताए । स्थानीय तहको पहिलो चरणको निर्वाचनमा पार्टीले नराम्ररी हार व्यहोरेकोमा निराश बनेका कार्यकर्ताहरूलाई सान्तवना दिँदै उनले मधेशमा नयाँ शक्तिले राम्रो परिणाम ल्याउने दावी समेत गरे । विगतदेखि नै सरकारमा रहेको राजनीतिक दलले शक्तिको दुरूपयोग गरेर भ्रष्टाचार गरी चुनाव जित्ने र जितेपछि पनि पुन: भ्रष्टाचार गर्ने गरेकोमा पहिलो चरणको स्थानीय निर्वाचनमा त्यही अवस्था देखिएको पूर्व प्रधानमन्त्री समेत रहेका डा. भट्टराईले आरोप लगाए ।

### चुनाव प्रचार कार्यालय उद्घाटन

भैरहवा । दोस्रो चरणको स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै ने.क.पा. (माओवादी केन्द्र) सिद्धार्थनगर वडा नम्बर १३ को चुनावी प्रचार प्रसार सम्पर्क कार्यालयको उदघाटन गरिएको छ । स्थानीय तह सम्बन्धि वडा नम्बर १३ को प्रचार प्रसार गर्न कार्यालय उद्घाटन गरिएको माओवादी केन्द्र सिद्धार्थनगरका अध्यक्ष चोपलाल आचार्यले जानकारी दिए । भैरहवाको श्रद्धा पथमा कार्यालयको उद्घाटन गरिएको छ । कार्यालयको उदघाटन कार्यक्रममा माओवादी केन्द्रका पोलिटव्युरो सदस्य एवं रूपन्देही जिल्ला इन्चार्ज हकिकुल्ला खाँ, जिल्ला सह-संयोजक अनुप बराल, गुणाखर भुषाल लगायतले बोल्दै शिक्षा, स्वास्थ्य, रोजगार जस्ता जनतासँग प्रत्यक्ष जोडिएका सवाललाई माओवादी केन्द्रले सधैं प्राथमिकतामा राखेको जिकिर गरे । गरिखाने वर्गको उत्थानको लागि पार्टीलाई जिताउन आग्रह समेत गरे । उनीहरूले माओवादीका कारण संविधानमा मधेशी, जनजाति, मुस्लिमलगायतका उत्पीडित समुदायका अधिकारहरू समेटिएको भन्दै त्यसलाई संस्थागत गर्न माओवादी केन्द्रलाई जिताउन आग्रह गरे । पार्टी सिद्धार्थनगर-१३ का अध्यक्ष मोहनलाल गुरूङको अध्यक्षता, कञ्चन कुवंरको स्वागत मन्तव्य तथा सिद्धार्थनगर समिति सदस्य जोसन गुरूङको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

### स्वतन्त्र मधेश गठबन्धनको प्रशिक्षण

बाँके । स्वतन्त्र मधेश गठबन्धन बाँकेद्वारा अगामी हुने स्थानीय चुनावको सम्बन्धमा एकदिने प्रशिक्षण कार्यक्रम नेपालगन्जमा सम्पन्न भएको छ । उक्त कार्यक्रमको प्रशिक्षक गठबन्धनका प्रवक्ता अब्दुल खान थिए । कार्यक्रममा बाँके जिल्ला संयोजक ईरफान शेष, नेताहरू राम मनोहर यादव, राजित वर्मा, हरपाल सिंह लगायतका उपस्थित थिए । कार्यक्रममा डा. सीके राउतद्वारा ईन्टरनेटबाट समेत जानकारी गराइएको थियो । बुलेटको जवाफ ब्यालेटबाट दिने बहानामा मधेश आन्दोलन र मधेशी शहीदलाई यसपटक पनि खरीद-बिक्री गर्ने निर्णय गरियो भने "बैलेटको जवाब बदरमत' बाट दिएर मधेशी जनताले नेतालाई पाठ पढाउने कार्यक्रममा नेताहरूले दाबी गरेका छन् । त्यहीं बदरमतको गणना नै स्वतन्त्र मधेशको मतगणना समेत हुने र विश्वलाई मधेशमा स्वतन्त्र मधेश पक्षधर बहुमतमा रहेको संदेश समेत दिने दाबी गरेका छन् ।

### विद्यालय बन्द गर्न निर्देशन

कैलाली । शिक्षा नियमावली विपरीत सञ्चालित विद्यालयहरू तत्काल बन्द गर्न शिक्षा कार्यालय कैलालीले निर्देशन दिएको छ । जिल्ला शिक्षा कार्यालय कैलालीको नेतृत्वमा सरोकारवालाको टोलीले हालै गरेको अनुगमनका क्रममा केही निजी विद्यालय अनुमतिबिना नै सञ्चालनमा रहेको र धेरैजसोले तत्लो तहको अनुमतिमा माथिल्लो तहसम्म पढाउने गरेको भेटाएपछि त्यस्ता विद्यालयलाई विद्यार्थीको जीवनमाथि खेलवाड नगर्न र विद्यालय बन्द गर्न निर्देशन दिएको हो ।

### मानव बेचबिखन विरूद्धको सचेतनामूलक कार्यक्रम

कपिलवस्तु । केआई नेपाल शाखा कार्यलय कपिलवस्तुले बुद्धभुमि १ टिक्करमा रहेको सिद्धार्थ उच्च मा.वि. को कक्षा ९ र १० का विद्यार्थीलाई मानव बेचबिखन तथा लैंगिक हिंसा विरूद्धको सचेतना मुलक स्कुल शिक्षा कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा सोही स्कुलका प्राचार्य डिलाराम पौडेल लगायतले अन्य शिक्षक शिक्षिकाको उपस्थिति रहेको थियो । कार्यक्रमको प्रस्तुति केआई नेपालका सामुदायिक सहजकर्ता राजन सुनार र केआई नेपाल शाखा कार्यालय कपिलवस्तुका कर्मचारी केसर विश्वकर्माको रहेको थियो ।

### कृषि सहकारी संस्थालाई ट्याक्टर हस्तान्तरण

चन्द्रकान्त खनाल, रूपन्देही । जिल्ला कृषि विकास कार्यालयले सूर्यपुरामा रहेको बर्गदैया तरकारी उत्पादक कृषि सहकारी संस्थालाई ट्याक्टर हस्तान्तरण गरेको छ । कार्यालयले यान्त्रिक कार्यक्रमअन्तर्गत व्यावसायिक तरकारी खेती प्रवर्द्धन गर्न ५० प्रतिशत अनुदान दिएको थियो । हरियो तरकारीको पकेट क्षेत्र रहेको सूर्यपुरामा बजारीकरण र व्यवसायीकरणमा ट्याक्टरको आवश्यकता रहेको जनाउँदै कृषि सहकारीले जिल्ला कृषि विकास कार्यालयको ७ लाख रूपैयाँ सहयोगमा ट्याक्टर खरिद गरेको हो । जिल्ला कृषि विकास कार्यालयका प्रमुख भोजराज सापकोटाले सहकारीले आयोजना गरेको सार्वजनिक सुनुवाई तथा ट्याक्टर हस्तान्तरण कार्यक्रममा सहकारीका अध्यक्ष पन्नेलाल केवटलाई चाँबी र ब्लूबुक हस्तान्तरण गरेका थिए ।

### तराई मधेश प्रदेशको कोषाध्यक्षमा उद्योगपति

जनकपुरधाम । संघीय समाजवादी फोरम नेपालको तराई-मधेश प्रदेशको बैठकले प्रसिद्ध उद्योगपति एवम् वरिष्ठ समाजसेवी विजय सरावगीलाई प्रदेश कोषाध्यक्षमा मनोनित गरेको छ । फोरम अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्य तथा रेणु यादवको अध्यक्षतामा सम्पन्न भएको बैठकले सरावगीलाइ कोषाध्यक्षमा सर्वसहमतिबाट मनोनित गरेको हो । तराई-मधेश प्रदेशका सम्पूर्ण जिल्ला अध्यक्षहरूको विशेष सहभागितामा सम्पन्न भएको पार्टीको प्रदेश समितिको बैठकमा प्रदेश सचिव शेषनाथ नारायण यादवले कोषाध्यक्षमा समाजसेवी सरावगीको नाम प्रस्तावित गरेपछि सर्वसहमतिबाट बैठकले पारित गरेको पर्सा जिल्ला अध्यक्ष प्रदिप यादवले बताए । पार्टीले प्रदेशको कोषाध्यक्षमा मनोनित गरेकोमा उद्योगपति सरावगीले धन्यवाद व्यक्त गर्दै पार्टीले दिएको जिम्मेवारीलाई पूर्णरूपमा इमान्दारीका साथ निर्वाह गर्ने समेत बताए ।

# नयाँ नेपाललाई दुई शब्द



केशवराज पौडेल

अरू देशमा लोकतन्त्रले आत्मगत र बस्तुगत रूपमा फड्को मारेर आम मानिसको मुटुमा राज गरी स्थायित्व हासिल गरिसक्यो। तर हाम्रो देशमा लोकतन्त्र भने निर्णायक हुन नसकेर अतिवादको शिकार भइरहेछ। अब नेपालीहरूले लोकतान्त्रिक आन्दोलनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा निर्णायक रूपले अगाडि बढाउनुको विकल्प छैन। आज इतिहासमा पहिलो पटक संविधानले नेपाली जनतालाई निर्णायक बनाएको छ। जनता तथा संसद, संविधानको मालिक भएका छन्। आज जनताभन्दा कोही शक्ति माथी छैन, जसले संविधान र संसदलाई चुनौती दिन सकोस्। यो परिणाम नै नेपाली लोकतान्त्रिक आन्दोलनको मुख्य उपलब्धि हो। यसलाई सबै नेपालीले गहिरोसँग आत्मसात गर्नुपर्दछ।

अन्य देशमा राष्टकाबारे सबैको दृष्टि एउटै हुन्छ तर हाम्रो देशमा व्यक्तिगत स्वार्थका बारेमा माथीदेखि तलसम्म एउटा दृष्टि भइरहेछ। अब यो गलत प्रवृत्तिलाई हटाउनुपर्दछ। हामीले विदेशीले कुन व्यबहार गरिरहेका छन् ? हाम्रा प्रधानमन्त्रीले एयरपोर्टमा गएर राष्ट्रपतिलाई सम्मान गरि राम्रो सभ्यताको प्रदर्शन गरे पनि उनले अब राष्ट्रिय स्वार्थबारे साझा दृष्टिकोण निर्माण नगरि विदेशीहरूले उचित सम्मान दिने छैनन् भन्नेकुरा राष्ट्रिय राजनीतिमा आज घाम जत्तिकै छर्लङ्ग भएको छ।

हाम्रो देशमा, कि व्यक्तिको देवत्वकरण गरिन्छ कि राक्षशीकरण। उसको बास्तविक यथार्थतासँग त्यति मतलब राखिँदैन। व्यक्तिको इश्वरीय अस्तित्व खोसेर नागरिक बनाउन नै राणाशासन र राजतन्त्र विरूद्ध अधिकारका लागि लोकतान्त्रिक आन्दोलनमा नेपाली जनता होमिएका छन्। तर अझै पनि नेतृत्ववर्गले यो मानासिकतालाई चिर्न सकेका छैन्।

ठूला क्रान्ति र आन्दोलन भएर राणा शासन र राजतन्त्र फाल्यौं, तर हाम्रो राज्यको राज्यसंयन्त्र र प्रत्येक नेपाली जनताको जीवन माथी सहि वैचारिक हस्तक्षेप गरेर मानसिकता परिवर्तन गर्न सकेका छैनौं। नेपालको नेतृत्व वर्गले सत्तालाई काम लाग्ने विचार मात्र जनतालाई दिने तर समाज परिवर्तन हुने कुरा, राजनीतिलाई निर्णायक बनाउने खालको प्रशिक्षण दिन कन्ज्युस्याई गरेको देखिन्छ। जनतालाई स्पष्ट राजनीतिक दृष्टि नदिई मानसिकता बदल्न सकिदैन।

आज सम्पूर्ण जनताले खोजेको छ, मेरो राष्ट्र म प्रति इमान्दार र पारदर्शी भएर उभियोस्! तर व्यक्ति-व्यक्तिबीचको सत्ता-संघर्षलाई गहिरिएर हेर्दा राजनीति अलमलिएको देखिन्छ। हाम्रो राज्य कहाँ छ? जनतालाई पद्धतिले प्रभावकारी सेवा दिन सक्दैन, विदेशमा काम गर्ने नेपालीहरू अनि विदेशी सैनिक सेवामा काम गर्ने लाहुरेहरू देख्दा हाम्रो स्वाभिमानी राष्ट्र निर्माण गर्ने अभियान सकिएको छैन जस्तो अनुभूति हुन्छ। आज नेपाल आमाको एक मात्र पुकार छ, यो पवित्र माटो, जनता, संसद, राष्ट्र र संविधानलाई एक चोटी सम्पूर्ण रूपमा तिम्रो इमान्दारी देऊ, बिदेशी शाक्तिसँग आँखा लगाउन छोड, जनतालाई शाक्ति केन्द्र स्वीकार गर! के नेपाल आमाको यो पवित्र चाहना पुरा गर्न नेतृत्ववर्ग तयार छ?

हिजोका निरङ्कुश शासकहरू राष्ट्रका निमित्त दह्रो र खरो रूपमा उभिन सकेनन्, तर जनताका छोराहरू स्पष्ट राष्ट्रिय दृष्टिकोणका साथ उभिनुपर्ने होइन र! जनतालाई, मेरो नेता राष्ट्रप्रति सच्चा रूपमा इमान्दार छ भन्ने गौरव हुनुपर्दछ। नेतृत्व, राष्ट्रिय गौरवको प्रतिक बन्नुपर्दछ। सबै नेतृत्व तथा जनताहरूले अब राष्ट्रका बारेमा संविधान घोषणा गर्दा जस्तो एक भयौं भन्ने दह्रो एकताको सन्देश दियौं भने राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नेपालीले शीर ठाडो बनाएर यात्रा शुरू गर्नका लागि यो नै महत्वपूर्ण ऐतिहासिक निर्णायक घटना हुन सक्दछ!

अब राजनीतिमा सार अर्थात नीति अगाडी आउनु पर्दछ। राष्ट्रिय राजनीति स्पष्ट दृष्टिकोणका साथ अगाडि बढ्नुपर्दछ। अरू देश जस्तै भारत, अफ्रिका र चीन जस्ता देशमा जनताले निर्णायक नेतृत्व पाए, जसले राष्ट्रिय राजनीतिलाई निर्णायक दिशा दिए, आज हाम्रो देशमा नेतृत्व लगायत सम्पूर्ण जनताहरूले राष्ट्रपिताको नैतिक सामूहिक जिम्मेवारी निर्वाह गर्नु परेको छ।

हामी नैतिक रूपमा पूर्ण जिम्मेवार छौं, हाम्रो राष्ट्रभक्ति र लोकतन्त्र भक्तिको राष्ट्रिय आन्दोलप्रति। इतिहासलाई जनता र लोकतन्त्रका पक्षमा व्याख्या गरेर राष्ट्रलाई दिगो स्थायित्व दिन सबै नेपालीहरूले कृतसङ्कल्पित भई युगको माग पूरा गर्न सक्षमता प्रदर्शन गुर्नको अब कुनै विकल्प छैन।

यहाँका प्रधानमन्त्री, राष्ट्रपति हुनेले, आफूलाई बहुसंख्यक गरिब कमजोर जनताको प्रधानमन्त्री, राष्ट्रपति हुँ भन्ने बुझ्नुपर्दछ। अनि राष्ट्रवाहिर राजकीय भ्रमणमा जाँदा म दरबान, लाहुरे र आफ्नो पेट पाल्नको लागि बिदेशीन बाध्य नेपालीहरूको प्रधानमन्त्री हुँ भन्ने बुझ्नुपर्दछ।

वि.सं. २००७ सालदेखि भएका क्रान्ति र आन्दोलनहरूले नेपाली समाजको आधुनिक चेत र राष्ट्रिय आवश्यकतालाई अगाडि बढाउँदै ल्याएका हुन्। आधुनिकीकरणको यो यात्रा, त्यतिखेरदेखि नै शुरू भएको हो। तर, परिवर्तनपछि पनि राज्यको केन्द्रीय नेतृत्व विशेष जातको हातमा पर्न गयो। लोकतन्त्रले व्यापकतामा गएर सबै जात समुदायलाई समेट्न सकेन। राज्यमा राजनीतिक स्थायित्व भएर सैद्धान्तिक र पद्धतिगत व्यवस्थापन गर्नेभन्दा पनि सत्ता स्वार्थमा राज्य रूमलिँदा आज पनि जनताका गम्भिर असन्तुष्टिहरू व्यवस्थापन नभएको देखिन्छ। अब राज्यलाई एकपटक पार्टीगत, जातीय, क्षेत्रीय स्वार्थबाट माथी उठाउनुपर्दछ। राष्ट्रिय स्वार्थलाई संस्थागत गरी लोकतान्त्रिक परिवर्तनको स्थायी व्यवस्थापन गर्नुपर्दछ।

नेपालको लोकतान्त्रिक आन्दोलनको मूल उद्देश्य नै जनतालाई राष्ट्रको मालिक बनाउनु हो। जनताको लोकतान्त्रिक आन्दोलनमा भाग नलिएर पनि सूर्यबहादुर थापा, लोकन्द्रबहादुर चन्द जस्ता व्यक्तिहरू राष्ट्रको मालिक बन्ने अवसर पाए। तर जनजाति, थारू, मुस्लिम, मधेशीहरूले राष्ट्रको प्रथम कार्यकारी व्यक्ति, प्रधानमन्त्री हुने मौका अहिलेसम्म पाएका छैनन्। इतिहासले यी उत्पीडित जातिहरूलाई राज्यको मूल नेतृत्व दिएर न्याय गनुपर्दछ। एउटा आधिपत्यवादी मानसिकता र शोषित मानसिकता बीचको अवस्थालाई सन्तुलनलाई ल्याउनुपर्दछ। नेपालका मूलाधारका शक्तिको विकल्पमा यी उत्पीडित जातिहरूको नेतृत्वले वैकल्पिक शक्तिको भूमिका खेल्नु पर्दछ। अनि मात्र राज्यसँग दह्रो प्रतिस्पर्धा गर्ने शक्ति निर्माण भई लोकतन्त्र सहि बाटोमा अघि बढ्न सक्दछ।

आज मधेशीहरूको सीमाङ्कनको मुद्दा राष्ट्रका अगाडि ज्वलन्त बनेर उभिएको छ। यो समस्या राष्ट्रिय स्वार्थसँग जोडिएकोले यसमा सुरक्षाविद्, सीमाविद्, बौद्धिक वर्ग, सबैबाट सहि सल्लाह लिएर राष्ट्रिय धारणा बनाउनुपर्दछ। राष्ट्रिय मुद्दामा राष्ट्रिय धारणा बने मात्र त्यसमा अडान लिने नैतिक शक्ति प्राप्त हुन्छ। अनि मात्र सबैलाई राष्ट्रिय मूलधारमा ल्याउन सकिन्छ।

आज धुर्मुश-सुन्तली जस्ता कलाकारहरूले सरकारलाई चुनौती दिएका छन्। अरूले स्वतस्फूर्त सहयोग गरेको रकमबाट उदाहरणीय र उत्कृष्ट समाज सेवाको सन्देश समाजलाई दिन उनीहरू सफल भएका छन्। तर, भूकम्पपछि निर्माण गरेको सरकारी प्राधिकरण, जोसँग दाता राष्ट्रहरूको सहयोगको रूपमा आएको अर्बौ रूपैयाँ हुँदा पनि सरकारले उदाहरणीय काम गरेको जनताले देख्न पाएनन्।

आज नयाँ राष्ट्रिय चिन्तनको शुरूआत जरूरी छ, कसरी राष्ट्रप्रति गौरवान्वित हुने वातावरण निर्माण गर्ने ? कसरी हाम्रो राष्ट्र बन्दैछ भनेर राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नेपालीहरूलाई एउटा नयाँ आशा र संभावना दिने ? यसरी मात्र राष्ट्रप्रति लामो समयदेखि देखिएको निराशालाई प्रभावकारी रूपमा चिर्न सकिन्छ।

अरू देशमा परिवर्तनपछि जनताको तल्लो तह बलियो हुन्छ, तर हाम्रो देशमा युगौंदेखि राजनीति, नेतृत्वद्वारा, नेतृत्वको निमित्त, नेतृत्वको हुन्छ। यो किन जनताद्वारा, जनताको निमित्त, जनताको हुन सक्दैन ? विकसित देशमा राज्य त सार्वजनिक सम्पत्ति भइसक्यो। तर हाम्रो राज्य किन अझै संस्थागत नभएर जनताको आस्थाको केन्द्र बन्न सकेको छैन ?

संसारभरका महान नेपाली जातिको यो मौलिक धरोहर हो, नेपाल। यसको राष्ट्रभक्तिको र लोकतन्त्रभक्तिको सङ्घर्ष, विश्व इतिहासका लागि एउटा खोज, अनुसन्धान र गौरवको विषय हो। यो महान मौलिकताको प्रस्फुटन विश्वको राजनीतिक इतिहासका लागि नै नमूना बन्न सक्दछ।

भविष्यमा कुनै दिन सगरमाथाको चुचुरोमा उभिएर नेपालीले, एउटा विकसित सभ्य र सुसंस्कृत नेपाल बनाउने सुन्दर राष्ट्रिय सपनालाई यथार्थतामा परिणत गरेको पक्कै पनि अनुभूति गर्नेछन्। महान नेपाली जातिको भविष्य सुन्दर छ, नेपाल सहि बाटोमा अघि बढ्ने लक्षण देखिएको छ, अहिलेको राजनीतिक घटनाक्रमले त्यतातिर राष्ट्रलाई डोऱ्याउँदै लगिरहेको छ भनेर चाहि पक्कै पनि भन्न सकिन्छ।

*(पौडेल पूर्वमेजर हुन्।)*

# स्थानीय चुनाव : रौतहटमा दलहरू आन्तरिक तयारी गर्दै

राकेश यादव, रौतहट। पहिलो चरणको निर्वाचनको मतगणना सम्पन्न हुनलाग्दा दोस्रो चरणको निर्वाचनको लागि दलहरू आन्तरिक तयारीमा जुटेका छन्।

जेष्ठ ३१ गते हुने स्थानीय तहको निर्वाचनको लागि मधेशवादी दलहरूले केहि तयारी नगरे पनि सत्ताधारी दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा नेपाल लगायतका पार्टीका नेताहरूले आन्तरिक तयारीमा जुटेका हुन्।

३ वटा नगरपालिका र १३ वटा गाउँपालिका रहेका रौतहटमा तीन ठुल्ला दलका वर्चश्व हुने अनुमान रहेको छ। रौतहट निर्वाचन क्षेत्र नम्बर १ मा नेकपा एमाले, मधेशवादी दल २ मा नेपाली कांग्रेस, फोरम लोकतान्त्रिक, ३ मा नेकपा माओवादी संघीय समाजवादी फोरम, ४ मा माओवादी मधेशवादी दल संघीय समाजवादी फोरम नेपाल, राजपा, ५ मा नेपाली कांग्रेस तथा मधेशवादी दल र ६ मा नेपाली कांग्रेस, नेकपा एमाले पार्टीका उमेदवार विच कडा प्रतिस्पर्धा हुने विश्लेषण गरिदैछ।

जेष्ठ १९ गतेका दिन मनोयन पत्र दर्ता हुने कार्यक्रम निर्वाचन आयोगले



सार्वजानिक गरेको भएपनि दलहरूले औपचारिक रूपमा उम्मेद्वारको छनौट गर्न सकेका छैन।

नेकपा एमालेका जिल्ला अध्यक्ष कमल राय यादवले सरकार र मधेशी मोर्चा विच स्थानीय तहको संख्या बढाउने विषयमा टुङ्गो नलागेको कारण उम्मेद्वारको अन्तिम रूप दिइएको छैन जेष्ठ १२ गते सम्म यसको निर्णय गरिने जानकारी दिएका छन।

नेकपा माओवादी केन्द्रका जिल्ला निर्वाचन परिचालन समितिका संयोजक समीर भटराईले मधेशको मांग छिटै सम्वोधन गर्न प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दहाल प्रचण्डलाइ भेटेर ध्यानाकर्षण पत्र बुझाएको बताउँदै संविधान संशोधन र स्थानीय तहको संख्या नबढाए सम्म चुनावमा नजाने स्पस्ट धारणा रौतहटको तरफवाट पत्र मार्फत जानकारी गराइएको हुदा जव सम्म समस्या समाधान हुदैन चुनावको लागि उमेदवारको छनौट नगरिने संयोजक भट्टराईले बताएका छन्।

एमालेको तर्फवाट गौर नगरपालिकाका मेयरका प्रत्यासी रहेका शम्भू साहको तयारी सवै भन्दा बढ़ी जोरशोरले चलिरहेको छ। मधेशवादी दलका चुनाव बहिस्कार गर्ने उद्घोष का कारण खुल्ला रूपमा नभएपनि आन्तरिक रूपमा पार्टीका कार्यकर्ताहरू मतदाताहरू सीत भेटघाट गर्ने कार्य जारी रहेको बुझिएको छ।

३ लाख २३ हजार ४ सय ५० मतदाता रहेका जिल्लाको गौर नगरपालिकाका प्रमुखमा शम्भू साह सँगै अन्य पार्टीका उमेद्वारको सीधा टक्कर हुने निश्चित रहेका एमालेका क्षेत्रीय संयोजक भिखारी प्रसाद यादवले बताएका छन।

बरिष्ठ नेता माधव कुमार नेपालका संसद प्रतिनिधि समेत रहेका यादवले चुनावमा आफ्नो पार्टीका उम्मीदवार नै सफलता हासिल गर्ने दावी गरेका छ।

नया संरचना अनुसार करीव ६९ हजार जनसंख्या भएका गौर नगरपालिका प्रमुखमा मधेशवादी दल राजपा नेपालका उमेदवार र एमालेका उमेदवार विच कड़ा प्रतिस्पर्धा हुने निश्चित रहेको कतिपयको बुझाइरहेको छ।

लामो समय सम्म चालेको मधेश आन्दोलनको प्राप्त उपलब्धि सस्थागत गर्नलाइ सवै मधेशवादी दलहरू मिलेर स्थानीय तहको निर्वाचनमा गए मात्रै सफलता मिल्ने सुझाव स्थानीयहरूको रहेका छन।

वर्तमान सरकार र आन्दोलनरत मधेशी मोर्चा विच को मधेशवादकों मुद्दा लिएर जारी रहेको संघर्षको विच चुनाव हुने नहुने अन्यौलता कायम रहेको बेला स्थानीय हरूमा चुनावको उत्सुकता नदेखिए पनि पार्टीका नेताहरूमा चुनावको लहर लागेको हो।

# लुम्बिनीसम्म ४ लेनको आधुनिक सडक बन्ने

भैरहवा। भैरहवा-बुटवल सडकखण्ड विस्तारको काम लगभग सकिएको छ। यो क्रमसँगै अब रूपन्देहीको भैरहवादेखि लुम्बिनी हुँदै तौलिहवासम्मको सडकखण्ड आधुनिक स्वरूप पाउने भएको भएको छ। यो सडक विस्तारको जिम्मा भारतको गावार कन्सट्रक्सन कम्पनीले पाएको छ। अब भैरहवाबाट लुम्बिनीसम्मको १८ किलोमिटर सडक ४ लेनमा विस्तार हुनेछ। अहिले यो सडक २ लेनमा छ। लुम्बिनीबाट तोलिहवासम्म एक लेनमा रहेको सडक पनि अब २ लेनको बन्ने छ।



१ अर्ब ९० करोड रूपैयाँमा कम्पनीले न्युनतम् ठेक्का हालेपछि उसैलाई जिम्मा दिन लागिएको छ। त्यसका लागि सडक विभागले दावी विरोधको सूचना निकालेको छ। यो प्रक्रिया सकिएपछि सम्झौता भएर तत्काल काम सुरू हुने सडक आयोजनाका इन्जिनियर प्रदीपराज शाक्यले बताए।

पर्यटकीय हिसावले महत्वपूर्ण मानिएको सडकलाई विस्तार अब केही समयमै सुरू हुनेछ। सडक विभागले एसियाली विकास बैंकको ऋण सहयोगमा यो खण्डको विस्तार गर्न लागेको हो।

**तयारी पूरा?**

सडकको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ। डिटेल इन्जिनियरिङ सर्भेको काम पनि सकिएको छ। वातावरणीय प्रभावसहित स्थानीय सार्वजनिक सुनुवाइको काम पनि भएको छ।

भैरहवाबाट लुम्बिनीसम्मको सडक साँघुरो हुँदा समस्या छ। पर्यटकीय, धार्मिक र ऐतिहासिक क्षेत्रमा जानेका लागि हुने अनेकन समस्या हटाउने गरी काम सुरू हुन्छ इन्जिनियर महर्जनले भने।यो सडक आयोजनाका लागि एडीबीले सडक विभागलाई झण्डै साढे २ अर्ब बराबरको ऋण दिने समझदारी जनाएको थियो। तर, १ अर्ब ९० करोडमै ठेक्का अवार्ड हुने अवस्था आएको छ। एडिबीले दिने यो सहलियत ब्याजदरको ऋण हो।

**कस्तो बन्छ ?**

भैरहवा(लुम्बिनी सडकखण्ड अहिले दुई लेन मात्रै छ। विस्तार भएपछि यो चार लेनको हुनेछ। दुई(दुई लेनको बीचको भाग 'ग्रीनरी'का लागि छुट्याइनेछ।मिडियम भागलाई केही अग्लो रूपमा उठाइनेछ र त्यसमा बिरूवा रोप्न मिल्ने बनाइनेछ। यो भाग तीन मिटरको हुनेछ।

विस्तार भएपछि डिभाइडरको दुईतर्फ सडक ७/७ मिटरको हुनेछ। एउटा लेन ३.५ मिटरको हुनेछ।लुम्बिनीदेखि तौलिहवासम्म भने २ लेनको मौ सडक बन्ने छ। तर, यो पुरै राजमार्ग छेउका बाक्लो बस्तीहरूमा 'सर्भिस लेन' पनि रहनेछन्। सडकको किनारमा बजार क्षेत्रमा सडक विस्तार गर्दा सर्भिस लेन पनि राखिने शाक्यले बताए।सर्भिस लेन भन्नाले सार्वजनिक सवारीले यात्रु ओराल्न र उकाल्न प्रयोग गर्ने बस्ती क्षेत्रको सडक हो।

जसले यात्रुलाई मात्रै सहज हुने छैन, राजमार्ग क्षेत्रमा शहरी सौन्दर्य पनि बढ्ने विश्वास छ।यो सडक विस्तार गरिसक्न काम सुरू भएपछि झण्डै साढे ३ वर्ष लाग्ने अनुमान छ। त्यसपछि एक वर्ष यो सडक परीक्षण अवधिमा रहनेछ। ठकेदारले थप चार वर्षसम्म सडकमा कुनै समस्या आए आफैंले मर्मत सम्भार गर्नेछन्।तौलीहवासम्म नै ४ लेनको बनाउने भनिए पनि लुम्बिनी क्षेत्र विकास कोषले पुरातात्विक सम्पदाको जगेर्नाको विषयलाई ध्यानमा राख्दै तौलिहवासम्म २ लेनको मै सडक बनाउन अनुरोध गरेको थियो।

त्यसैका आधारमा २५ किलोमिटर सडक भने २ लेनमा मात्रै विस्तार गर्न लागिएको हो।एसियाली विकास बैंकले साउथ एसियन सब रेजिओनल इकोनोमिक कोअपरेशन रोड कनेक्टिभीटी प्रोजेक्ट अन्तर्गत यो सडकको विस्तारमा सहयोग गर्दैछ।मुग्लिन नारयणगढ सडक ४ लेनमा विस्तार भइरहँदा सडक विभागले नरायणगण्ढ बुटवल सडकलाई पनि ४ लेनमा विस्तार गर्न टेण्डरप्रक्रिया अन्तिम चरणमा पुर्याएको छ। यसअनुसार अबको केही वर्षमा मुग्लिनबाटबाट लुम्बिनीसम्म ४ लेनको सडकमा यात्रा गर्न पाइनेछ।

## संक्षिप्त समाचार

### हतियारसहित पक्राउ

धनुषा। वीरगंज उपमहानगरपालिका-१९ बस्ने ३० वर्षीय सुरज कुमार सोनारलाई १ थान अटोमेटीक पेस्तोल र सो को ४ राउण्ड गोलीसहित शनिबार प्रहरीले पक्राउ गरेको छ। जनकपुर उपमहानगरपालिका-६ अस्पताल चोक स्थित अप्सरा लजको कोठा नम्बर १ सय ७ मा बिशेष सुराकीको आधारमा प्रहरीले खानतलासी गर्दा सोनारको साथबाट उक्त पेस्तोल बरामद भएको हो। उक्त कोठामा सँगै बसेका धनुषा गणेशमान चारनाथ नगरपालिका-१० बरमझिया बस्ने २० वर्षीय अजय कुमार यादव र मिथिला बिहारी गाउँपालिका-५ बस्ने २७ वर्षीय उपेन्द्रकुमार साहलाई समेत नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कैलालीमा बजेट खर्चको अवस्था विगतजस्तै

कैलाली। सरकारले विकास निर्माणको कार्य समयमै सम्पन्न गर्न चालू आर्थिक वर्षको डेढ महिनाअघि बजेट ल्याएको भए पनि अहिलेसम्म कैलालीमा विकास बजेट खर्चको अवस्था विगतको भन्दा खासै फरक देखिएको छैन। चालू आर्थिक वर्षको १० महिना र बजेट ल्याएका समय जोड्दा साढे ११ महिनाका सामय बितिसक्दासम्म कैलालीमा ६० प्रतिशत मात्रै पुँजीगत बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालय कैलालीले जनाएको छ।

### बसको ठक्करले छात्राको मृत्यु

वीरगन्ज। दिल्ली पब्लिक स्कुलमा अध्ययनरत एक छात्राको सोमबार बिहान वीरगन्ज महावीरस्थान नजिक स्कुल बसको ठक्करबाट मृत्यु भएको छ। दिल्ली पब्लिक स्कुलका कक्षा ९ मा अध्ययनरत वर्ष १३ की दिया अग्रवाल बिहान ८:३० बजे आफूले अध्ययन गर्ने दिल्ली पब्लिक स्कुलको बस चढ्न जाने क्रममा बाटो काट्दै गर्दा कादम्बरी स्कुलको ना. २ ख ९८३ नम्बरको बसले ठक्कर दिएपछि बसको पाङ्ग्राले किचेर घटनास्थलमै मृत्यु भएको थियो।

### जिल्ला अस्पताललाई ६० लाख

नवलपरासी। नवलपरासीको सबैभन्दा पुरानो एक जिल्ला अस्पताल पृथ्वीचन्द्र अस्पतालले मन्त्रालयबाट विनियोजन गरेको रू ६० लाख रकमबाट मर्मत सम्भारको काम सुरू गरेको छ। अस्पतालको अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक कक्षसहित शल्यक्रिया कक्षको मर्मत सम्भारको काम सुरू गरेको जिल्ला पृथ्वीचन्द्र अस्पताल व्यवस्थापन समिति, परासीका अध्यक्ष सन्तोषकुमार श्रीवास्तवले बताए। सरकारको निर्णयअनुसार १५ शचयाबाट क्षमता विस्तार गरी ५० शचयाको अनुमति पाएको जिल्ला अस्पताल यतिबेला २४सै घन्टा फार्मेसी सेवा सञ्चालन गर्ने तयारीमा जुटेको छ।

### लडेर बालिकाको मृत्यु

धनुषा। जनकपुर उपमहानगरपालिका-१६ पुल्चोक बस्ने १२ बर्षीया मितु कुमारी यादवको लडेर मृत्यु भएको छ। आइतबार धारामा पानी थाप्ने क्रममा लडेर बेहोस भएकी यादवको उपचारको लागि केयर मेडिकल जनकपुर लैजाने क्रममा बाटैमा मृत्यु भएको हो। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### डुबेर महिलाको मृत्यु

मोरङ। उर्लाबारी-९ स्थित ईन्द्रझोडा मावाखोलाले कटान गरी बनाएको गहिरो पोखरीमा नुहाउने क्रममा डुबेर झापा धर्मपुर शुक्रबारेकी ३८ बर्षीया दिलमाया घिमीरेको सोमबार मृत्यु भएको छ। पोखरीमा डुबेर बेपत्ता भएकी उनलाई स्थानिबासीको सहयोगमा खोजतलास गर्दा शव फेला परेको हो।

### करेन्ट लागेर मृत्यु

सिरहा। कल्याणपुर नगरपालिका-६ बस्ने बिनोद महराका ५ बर्षीय छोरा दिपक महराको सोमबार करेन्ट लागेर मृत्यु भएको छ। आफ्नै घरमा खेल्ने क्रममा पंखाको खाली तारमा छुन गई करेन्ट लागेर असक्त भएका ती बालकको उपचारको लागि फुलकुमारी मेमोरीयल अस्पताल कर्जन्हा लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो।

### विद्युत चुहावट गर्ने २६ पक्राउ

लहान। हुकिङ गरी विद्युत चुहावट गर्ने २६ जनालाई आज पक्राउ गरी नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र लहानले जरिवाना तिराएको छ। प्राधिकरणका कर्मचारी र प्रहरीको संयुक्त टोलीले अनुगमनको क्रममा जिल्लाको विभिन्न स्थानमा विद्युतीय सामग्रीसहित पक्राउ परेका २६ जनाबाट रू एक लाख ४३ हजार जरिवाना असुल गरेको छ। टोलीले सिरहाको मोतिपुर, खुर्कीयाही, सोठियाइन, सखुवा नन्कारकट्टीलगायत स्थानबाट ती व्यक्तिलाई पक्राउ गरिएको छ। पक्राउ परेकाबाट २७ थान पानी तान्ने मोटर, एक थान पङ्खा, मेसिन, दुईथान टिभीलगायतका सामग्रीसमेत बरामद गरिएको छ।

### एक व्यक्ति मृत फेला

रूपन्देही। सिद्धार्थ नगरपालिका-७ स्थित पुरानो खाली घरको भुइँ तलामा एक व्यक्ति मृत अवस्थामा फेला परेका छन्। सोही क्षेत्रमा मागी खाई हिँड्ने गरेका हाल नाम, थर, वतन नखुलेका करीव ६० वर्षीय पुरूष बुधबार मृत अवस्थामा फेला परेका छन्। घटनाका सम्बन्धमा स्थानीय प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### बेहोस भएर मृत्यु

बाँके। बेहोस भएर एक व्यक्तिको मृत्यु भएको छ। बर्दियाबाट भे.१ ख १५९९ नम्बरको बसमा नेपालगंजततर्फ जाँदै गरेको अवस्थामा बुधबार अचानक बेहोस भएका भारत बहराईच बजिरपुर उत्तर प्रदेश बस्ने २८ वर्षीय रियाज अहमदको उपचारको लागि भेरी अञ्चल अस्पताल लैजाने क्रममा बाटैमा मृत्यु भएको छ। गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको छ।

### करेन्ट लागेर मृत्यु

झापा। करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। आफ्नै नवनिर्मित घरको पछाडी पिल्लरको रड उठाउने क्रममा बिजुलीको नाङ्गो तारमा रडले छुन गई करेन्ट लागेको थियो। करेन्ट लागेर बुधबार गम्भीर घाइते भएका बिर्तामोड नगरपालिका-३ करेलाबारी बस्ने ३५ वर्षीय अर्जुन माझीको उपचारको लागि कन्चनजङ्गा अस्पताल बिर्तामोड लैजाने क्रममा बाटोमै मृत्यु भएको छ।

### हावाहुरीबाट डेढ लाखको क्षति

मोरङ। कटहरी गाउँपालिका-४ मा मंगलबार आएको हावाहुरीको कारण सोही ठाउँ बस्ने ५५ वर्षीया मल्ढरिया रिसिदेवको घर भत्किन गई करीव १ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। निज रिसिदेवलाई काठले चोट लाग्दा सामान्य घाइते भएकोले उपचारको लागि कोशी अंचल अस्पताल बिराटनगर लगिएको छ।

### आगलागीबाट दुई करोडको क्षति

रूपन्देही। बुटवल उपमहानगरपालिका-६ ट्राफिक चोकस्थित खेम ईन्टरप्राइजेजमा बिजुलीको तार सर्ट भई आगलागी हुँदा दुई करोडभन्दा बढीको क्षति भएको छ। बुधबार आगलागी हुँदा प्राइजेजको पहिलो तला, दोस्रो तलामा रहेको मेडिकल स्टोर, तेस्रो तला र चौथो तलाको किचन र डाइनिङ रूमका सरसामन जलेर नष्ट भएको छ। करीव २ करोड रूपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ।

### ट्रकको ठक्करबाट वृद्धको मृत्यु

बाँके। ट्रकको ठक्कबाट एक वृद्धको मृत्यु भएको छ। कोहलपुरबाट पुर्वतर्फ जाँदै गरेको लु १ ख ८६०७ नम्बरको ट्रकले मंगलबार साँझ साँढे ६ बजेतिर कोहलपुर चप्परगौडीमा ठक्कर दिँदा कोहलपुर खड्गवारका ५० बर्षीय बुद्धिराज चौधरीको मृत्यु भएको हो। साईकलमा सवार चौधरीलाई ट्रकले ठक्कर दिँदा घटनास्थलमा मृत्यु भएको कोहलपुर प्रहीरीले जानकारी दिएको छ। ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# आत्मसमर्पण र विसर्जनको दोसाँधमा मधेश मुद्दा

## “खस” महिमा र मधेश आन्दोलन : भाग ३६८



❖ उपेन्द्र झा

**मधेशका दलहरूलाई धोती न टोपी बनाउने उद्देश्यले मधेशले पुनश्चः ०७० सालकै जस्तो मतदान गऱ्यो भने मधेशका दलहरूको औचित्य नै मेटाएर जाने प्रष्ट छ। बिना शर्त चुनावमा भाग लिएपछि मधेश मुद्दाको औचित्य पनि सकिएको ठहर्नेछ। त्यसपछिका दिनमा अहिले उठाईएका माँगहरूको कुनै महत्व नहुने पक्का छ।**

संविधानको कार्यान्वयनका लागि चुनाव अपरिहार्य विषय ठानेर सरकारले अनेक छलछामका साथ संशोधन बिना दोश्रो चरणको पनि चुनाव अग्रसर छ। मधेशका दलहरूसंग सरकारको यो निर्णायक लडाई हो। पुनश्च सहमतीका कागज थमाएर मधेशका दलहरूलाई चुनावमा पठाउने सरकारको नियत प्रष्ट देखिएको छ। संशोधन प्रस्तावलाई प्रक्रियामा लैजान दलहरूको असहमती, गणितीय जटिलता आदि विवशताका जतिसुकै कारणहरू देखाएपनि संशोधन प्रस्तावलाई ओझेलमा पार्ने सरकारको नियत स्पष्ट छ। स्थानिय तहमा बढोत्तरी गरेर मधेशका दलहरूको घाउलाई सुम्सुम्याउने चेष्टा गरिएको छ।

***आन्दोलनबाट विस्थापित गर्ने रणनीतिः-*** मधेशलाई रणनीतिक रूपमै निस्तेज पारि आत्मसमर्पण वा मुद्दाको विसर्जन अवस्थामा ल्याई पुऱ्याईने शासकवर्गको प्रयास १० वर्षदेखि जारि छ। ०६३ को मधेश आन्दोलनले उठाएको **समग्र मधेश एक प्रदेश**बाट मधेशलाई २ प्रदेश, ४ प्रदेश गर्दै सामान्य संशोधनमा ल्याएर केन्द्रित गऱ्यो। प्रदेशको सिमाँकनको मुद्दालाई मनगढन्ते आयोगको जिम्मा लगाएर मधेशका दलहरूलाई संशोधन प्रस्तावको मुख्य स्वामी बनायो। २० वर्षदेखि स्थानिय तहको चुनाव हुन नसकेको अनिवार्यता देखाएर पहाड र मधेश गरेर दुई चरणमा चुनाव गराउने निर्णय अनुसार पहाडको चुनाव यही बैशाख ३१ गते संविधान संशोधन हुन नसकेको कारण सरोकारवालाहरूको तथा राजावादी शक्तिको चुनाव बिथोल्ने सम्भाव्यताबीच शान्तिपूर्ण ढंगले चुनाव सम्पन्न भयो। चुनाव बिथोल्ने थ्रेटको व्यापक चर्चा रहेपनि त्यो गफ मात्र रहेछ भन्ने कुरा थाहा भयो।

उपेन्द्र नेतृतवको संघीय समाजवादी फोरम आफू क्षेत्रीय संकीर्णतावादी राजनीतिक घेराभन्दा बाहिर राष्ट्रिय राजनीतिमा प्रवेश गरेको भनेर चुनावलाई उपयोग गरेर जाने निर्णय गऱ्यो। स्मरण रहोस् संघीय समाजवादी फोरम र बावुराम भट्टराईको नयाँ शक्ति पार्टीबीच एकता वार्ता व्यापक रूपमा भई रहेको छ। आसन्न चुनावलाई उपयोग गर्ने तर निर्वाचन आयोगबाट चुनाव चिन्ह नपाउँदा संघीय समाजवादी फोरमको चुनाव चिन्ह मशाललाई नै तत्काल संयुक्त रूपमा उपयोग गर्ने सल्लाह अनुसार उपेन्द्र यादब र बावुराम भट्टराई बडो उत्साहका साथ चुनावमा होमिए। मोहन वैद्य चुनाव बहिष्कार गरेर के हविगत भोगे त्यसको तीतो अनुभव त थियो नै।

यता अब मधेशको सम्पूर्ण कार्यभार हामीसंग छ भनेर मधेशका ६ दलहरू पारस्परिक एकता गरेर चमत्कार नै देखाए। ६ पार्टीको एकताबाट जन्मिएको राष्ट्रिय जनता पार्टी नेपालप्रति मधेश एकपल्ट फेरि आशावादी बन्यो। मधेश मुद्दा नै सबैको एजेण्डा रहेको तर कहिल्यै एक अर्कासंग मिल्न नसक्ने चारित्रिक विशेषता राख्ने मधेशका नेतृत्व मण्डलीको एकता विस्मयकारी त थियो नै, मधेश पनि सबैको एकता चाहन्थ्यो। क्षेत्रिय राजनीतिको कार्यभार अब राजपा नेपालमाथि आएकोले यसको कुशल नेतृत्वको अपेक्षा सबैले गरेका छन्। चुनाव अगाडि छ। संशोधन प्रस्ताव पास हुने कुनै सम्भावना छैन। तत्काल सन्तुष्ट गर्ने स्थानिय तहको संख्यात्मक बृद्धिको निर्णय सरकारले गरि दिएको छ। पहिलो चरणको चुनावको सफलताले दाश्रो चरणको चुनावका लागि मधेशको जनतालाई एकातिर उत्साही बनाएको छ भने चुनावमा भाग दिंदा मधेशको मुद्दा छुट्ने डर पनि छ। दुविधायुक्त वातावरण निर्माण गरि मधेशका दलहरूबाट मुद्दा खोस्ने सरकारको नियत थियो नै। सफल हुने वातावरण पनि तयार भएको छ। संशोधन प्रस्ताव पारित गराउने अडानमा यतिखेरसम्म कायम रहेको राजपा बडो दुविधामा फँसेको छ। निर्वाचन आयोगमा राजपा दर्ता भएको छैन, चुनाव चिन्ह पनि पाएको छैन। चुनावमा धकेलिने दबाव अत्यधिक छ। मधेशी जनताको मिश्रित प्रतिक्रिया छ। चुनावमा भाग लिने सक्रियता पनि छ मधेश मुद्दाको सम्बोधनप्रति आकर्षण पनि। कुन रोज्ने त्यो दुविधा हो।

चुनावमा भाग लिनुको अर्थ मधेश मुद्दाबाट विस्थापित हुनु हो। चुनावमा भाग लिनुको अर्थ एकाधिकार क्षेत्रभित्र अपेक्षित सफलता प्राप्त गर्नु हो। यदि यसो भएन भने मधेशका दलहरू घरको नघाटको अवस्थामा पुग्न बेर छैन। एजेण्डाविहीन भएर मधेशको राजनीतिमा टिक्न कठीन हुन्छ। ठूला ठूला कुरा गरेर मधेशका दलहरू लम्पसार भएका दृश्यहरू मधेशले नदेखेको, नबुझेको होईन। ठूला कुरा गरेर व्यक्ति स्वार्थमा लीन खस शासकहरूलाई आफूबाहेक न देशको चिन्त छ न जनताको। सोही मनोवृतिको विकास मधेशका नेतृत्ववर्गमा विकसित भएको पाईन्छ। एजेण्डाविहीन रहेपनि राज्यशक्तिको भरमा उः शक्तिशाली छ। माओवादी जस्तो अजेय शक्तिलाई उ आफनो अनुयायी बनाएको छ। आन्दोलनबाट ठूलो चुनौती दिने मधेशका दलहरूलाई आफू जस्तै एजेण्डाविहीन बनाउन लागेको छ। स्थानिय स्तरको चुनाव स्थानिय सरकारको निर्माण गरि जनताको यावत् समस्यालाई सम्बोधन गर्ने भएकोले जनताको सरोकारको विषयलाई जनताले छोड्नै चाहँदैन। आम जनता चुनावमा गएपछि पार्टीको आन्दोलन यसै पनि महत्वहीन हुनेछ। कार्यकर्ताको भरमा आन्दोलन चल्दैन। बिना शर्त चुनावमा भाग दिंदा पार्टीको अस्तित्वमाथि खतरा बढ्छ।

आफनो अधिकारका लागि खस शासकसंग संघर्ष गरि रहेको मधेशले २०७० को संविधान सभाको चुनावमा नेपाली कांग्रेसलाई ५५ सीट, एमालेलाई ४० सीट र मधेशको सबै दललाई १२ सीट दिएको घटनालाई धेरै दिन भएको छैन। यो नतिजालाई सकारात्मक वा नकारात्मक जुन ढंगले हेरेपनि ग्राउण्डमा उनकै वर्चस्व कायम छ। मधेशको यो ग्राउण्ड रियालिटी हो।

संविधान घोषणा पश्चात् एमालेको सरकारले मधेशसंग विगतमा गरेको दुर्व्यवहारबाट मधेश दुःखी छ। मधेशको स्वाभिमानलाई एमालेले धज्जि उडाएको छ। आन्दोलनमा बर्बर शासक जस्तै गरेको दमन, अपमानजनक दुर्व्यवहार र मधेशको माँगप्रति कठोर रहेको आदि कारणले सतही स्तरमा हेर्दा मधेशमा एमालेप्रति आक्रोश छ। एमालेमुक्त मधेशको नारा पनि मधेशमा घन्किएको हो। सप्तरीमा मच्चाएको नरसंहार पछि एमाले मधेशमा आमसभा पनि गर्न सकेको छैन। तर एमालेको संगठन बलियो छ। ०७० ताका मधेशका दलहरू खस शासकको विरोध गरि रहँदा मधेशमा यिनीहरू आफनो खिचडी पकाई रहेको नतिजाबाट थाहा पायौं। नतिजा हेरेर त मधेशमा यिनको वर्चस्व अहिले पनि कायम रहेकोले आन्दोलनमाथि प्रश्न चिन्ह नै खडा गरि दिएको थियो। तैपनि मधेशका दलहरू मधेशको माँगलाई जोडदार रूपमा उठाएर मधेशमा आफनो अस्तित्व खोजि रहेका थिए।

नेपाली कांग्रेस र एमालेलाई मधेशबाट यति धेरै मात्रामा गएको मतले नै मधेशको माँगलाई निष्कर्षमा पुग्न दिएन। त्यही मतले प्रचण्ड, झलनाथ र नेपाली कांग्रेसका नेताहरूलाई भन्न लगायो- मधेशको ठेकेदार मधेशी दलहरू मात्र हुन? मधेशी जनतालाई आफनो ठानेर दलहरूप्रति कठोर बन्ने, भारतीय नागरिकताको कुरा उठाउने, मधेशको माँग लिएर उत्तर प्रदेश र बिहार जाने आदि आदि अपमानजनक व्यवहार सहनु पऱ्यो। यसकारण नै पहाड र मधेशको बीचमा दूरी बढ्दै गयो। चुनावको बेलासम्म आई पुग्दा मधेश र पहाडबीच सीमारेखा नै खिंचिएको छ।

मधेशका दलहरूलाई धोती न टोपी बनाउने उद्देश्यले मधेशले पुनश्चः ०७० सालकै जस्तो मतदान गऱ्यो भने मधेशका दलहरूको औचित्य नै मेटाएर जाने प्रष्ट छ। बिना शर्त चुनावमा भाग लिएपछि मधेश मुद्दाको औचित्य पनि सकिएको ठहर्नेछ। त्यसपछिका दिनमा अहिले उठाईएका माँगहरूको कुनै महत्व नहुने पक्का छ। अहिले मधेशको माँगप्रति एकताबद्ध रूपमा लडि रहेका पूर्व पश्चिममा बाँडिएका मधेशीहरू पछिका दिनमा प्रतिस्पर्धीको रूपमा देखिने छन्। मधेशको नाममा समग्र एकता खण्डित हुनेछ र सबै आफना आफ्ना प्रदेशप्रति जिम्मेवार हुने छन्। खण्डित मधेशको पीडा त छँदैछ, परपीडकको पीडा पनि एक्लै भोग्नु पर्ने स्थिति आउँछ।

संविधान कार्यान्वयनको दिशामा प्रचण्ड सरकारले माइक्रो मेनेजमेन्टको माध्यमबाट कसरी आफनो कार्यभार पूरा गऱ्यो, जो ओलीले गर्न सकेन। बडो मिहिन चालाकी र साजिशका साथ मधेशलाई एजेण्डाविहीन बनाई चुनावमा धकेलिदै छ। ओलीको जस्तो विरोधी नभएर मधेशका दलहरूसंग सहानुभूति नै पाएर प्रचण्डको अहिलेको राजनीतिक सुझबुझ कै कारण काँग्रेस र प्रतिपक्ष समेतले राजीनामा नगर्न आग्रह गरि रहेका छन्। अझै धेरै कार्यभार पूरा गर्न प्रचण्डलाई पदमा बस्न सबैले आग्रह गर्नु प्रशंसनीय कुरा हो। तर मधेश प्रचण्डको यो माईक्रो मेनेजमेन्टलाई मधेश सधैं याद राख्ने छ।

शक्तिकेन्द्रको निर्देशनमा चलेको यो देशमा प्यादाहरू समान देखिएपनि शक्तिकेन्द्र फरक फरक छन्। प्यादामार्फत नै आफनो प्रभाव संचारित भएकोले नेपालको राजनीति बहुरंगी देखिएको छ। यहाँ देश बनाउनुभन्दा पनि व्यक्ति बन्ने होडबाजीका कारण राजनीति धमिलिएको छ। साथै नेपालको मौलिक राजनीतिलाई पाखा लगाएर आफ्ना अनुयायीको वर्चस्व कायम गराउने उद्देश्यले शक्तिकेन्द्रको प्रतिस्पर्धाले नेपाली रंगमञ्च प्रयोग भएको छ। यो प्रतिस्पर्धामा अधिकारका मौलिक राजनीति फ्याँकिएको छ। द्वन्द्व विस्थापन होईन सेलाईएको छ। मधेशको माँग नेपालको राजनीतिक संरचना नै बिगार्ने ठानेर पाखा लगाईएको छ। शक्तिकेन्द्रले मधेशलाई बिना शर्त भाग लिन निर्देशन गरेकोबाट कसलाई फायदा पुग्यो, सहजै अनुमान गर्न सकिन्छ।

राजपाले धरातलीय यथार्थलाई बुझेर संयमताका साथ निर्णय लिन जरूरी छ। पार्टीको फयदाभन्दा मधेशलाई फयदा हुने दृष्टिकोण राखी दुर्दर्शी निर्णय लिनु आवश्यक छ। दानापानीको लालचले दिशाविहीनता ल्याउने पक्का छ। असक्षम निर्णयले मधेशलाई राज्यको पुनश्च गुलाम बनाउनेमा दुई मत छैन। सप्तरी पर्सामा सिमित मधेशको स्रोतविहीनताले अन्ततः केन्द्र शासित बन्नेमा शंका छैन।

***क्रमशः***

janukjha24@gmail.com

## प्रधानमन्त्रीको सम्बोधनमा तराई-मधेश



**प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’**

छ वर्षअघि मोरङको सीमामा मृत्युवरण गरेका वासुदेव शाहलाई सहिद घोषणा गरी परिवारलाई क्षतिपूर्ति र राहत दिने निर्णय गरिएको छ। तराई-मधेस आन्दोलनमा मृत्युवरण गरेका ११ जना सुरक्षाकर्मीसमेत ५२ जनालाई सहिद घोषणा गरी तराई- मधेस र थरूहट आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई औषधि उपचार गराउन आवश्यक रकम निकासा गरिएको छ भने मधेश आन्दोलनका क्रममा भएको सम्पत्ति क्षतिको क्षतिपूर्ति उपलब्ध गराउने निर्णय भई उपलब्ध गराउने कार्य सुरू भएको छ।

राजधानी र तराईबीचको द्रूतमार्ग अब सुनिश्चित भयो। केही दिनमै म त्यसको शिलान्यास गर्दैछु र नेपाली सेनाले बनाउँदै छ। मधेस-तराईको समग्र अर्थतन्त्र र जनजीवन नै बदल्ने दूरगामी महत्वको हुलाकी मार्ग पनि अहिले सबैभन्दा तीव्रगतिमा बनिरहेको छ। यो विषय मैले भारतका प्रधानमन्त्रीसँग प्रत्यक्ष रूपमै अत्यन्त प्राथमिकताका साथ उठाएपछि नै हुलाकी मार्ग निर्माणले तीव्रता पाएको हो। अब तराई-मधेसको आर्थिक र सामाजिक जीवनमा कायापलट हुँदैछ।

मध्य तराईका ८ जिल्लाहरू बारा, पर्सा, रौतहट, धनुषा, महोत्तरी, सर्लाही, सप्तरी र सिराहामा सञ्चालित सीमा क्षेत्र विकास कार्यक्रम तराईका थप १२ जिल्लाहरूमा विस्तार गरिएको छ।

तराई-मधेस, पहाड र हिमाल सबैलाई जोडेर अगाडि बढ्ने वातावरण बनाउन मैले सुरूदेखि नै सबैभन्दा बढी जोड र मेहनत गरेको छु। उत्पीडितहरूको पहिचान र अधिकारको लडाईंको नेतृत्व हुनुको नाताले सबैलाई जोडेर परिवर्तनतिर अगाडि बढाउने कुरालाई मैले आफ्नो ऐतिहासिक दायित्व ठानेको छु।

नेपालगञ्ज र जनकपुरमा मुटुरोग र नेपालगञ्जमा क्यान्सर उपचार बिस्तार गरिएको छ। सबै नेपालीलाई स्वास्थ्य बिमामा आबद्ध गराउन ‘स्वास्थ्य बीमा विधेयक’ र समग्र स्वास्थ्य क्षेत्रलाई समेटेर बनेको ‘राष्ट्रिय स्वास्थ्य विधेयक’ मन्त्रिपरिषद्बाट स्वीकृत भई संसद्मा पेश हुने चरणमा छ भने ‘प्रजनन स्वास्थ्य विधेयक’ अन्तिम चरणमा छ।

काठमाडौं स्याटेलाइट मेगासिटीको तयारी गरी व्यवस्थित शहरीकरणको मोडेल अघि सारिएको छ। मुलुकका १७ शहरमा ‘एक सहर एक पहिचान कार्यक्रम’, रूकुमकोट, लिबाङमा ‘स्मार्ट सहर’, निजगढ, पालुङटार, लुम्बिनी, दुल्लु, वालिङ, अमरगढी, पोखरा, धरान, विराटनगर र काठमाडौंलगायत १३ वटा स्थानमा ‘मेगासिटी’को कार्य प्रारम्भ गरिएको छ।

कृषि क्षेत्रको व्यावसायीकरण र औद्योगिकीकरण पनि सरकारको उच्च प्राथमिकतामा रह्यो। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सातवटै प्रदेशमा एक-एक वटा सुपरजोन स्थापना गर्ने कार्यक्रमअन्तर्गत कैलाली जिल्लामा गहुँ र झापा जिल्लामा धानको सुपरजोन स्थापना गरी काम अगाडि बढिसकिएको छ। अन्य प्रदेशमा सुपरजोन स्थापनाको काम अन्तिम चरणमा पुगेको छ। कृषकहरूको हकहित र अधिकार स्थापित गर्न इतिहासमै पहिलोपटक अधिकार सम्पन्न किसान आयोग गठन गरिएको छ। कृषि बिमा र किसान पेन्सन योजनाका लागि पनि सरकारले आधार तयार गरेको छ।

बाढीपहिरो, डुबान र आगलागीबाट पीडितलाई पनि भूकम्पपीडितसरह राहत दिने व्यवस्था गरिएको छ।

## भारतीय राजदूत पुरीलाई पोखरामा स्वागत



पोखरा। नवनियुक्त नेपालका लागि भारतीय राजदूत मन्जिभ सिंह पुरीलाई पोखरामा एक विशेष कार्यक्रमका बीच स्वागत गरिएको छ।

भारतीय राजदूत पुरीको पोखरा भ्रमण पहिलोपटक हो। नेपाल-भारत मानव विकास तथा मैत्री संघले आयोजना गरेको कार्यक्रममा भारतीय राजदूत पुरीलाई स्वागत गरिएको थियो।

## रौतहटमा रातरात सेवाकेन्द्र विस्तार

राकेश यादव, रौतहट। रौतहट जिल्लामा रातारात सेवाकेन्द्रको विस्तार गरिएको छ। पूर्वसूचना बेगर आकस्मिक सेवा केन्द्र विस्तार गर्दा सेवाग्राहीहरू अन्यौलताका शिकार भएका छन्। गाउँ-गाउँमा सेवाकेन्द्र विस्तार गरी स्थानीयहरूलाई सहज रूपमा छिटो छरितो सेवा दिने उद्देश्यले सेवाकेन्द्र विस्तार गर्ने नेपाल सरकारको निर्णय रहेपनि हाल तराई-मधेशको कुनै पनि जिल्लामा सेवाकेन्द्र विस्तार गरिएको छैन।

मालपोत कार्यालयका प्रमुख सिकिन्दर साहले कसैलाई जानकारी नदिइकन बुधबार सदरमुकाम गौरमा रहेका मालपोत कार्यालयको स्रेस्ता पुर्जा रोक्का रजिस्टर लगायतका कागजातहरू दुइ वटा सेवाकेन्द्रमा पठाएका हुन्। सेवाकेन्द्र मौलपुर र गरूडामा स्थापना गरिएको हो। राति सेवाकेन्द्र सारिएको र भोलिपल्ट सूचना सार्वजनिक गर्दा सेवग्राहीहरू अन्यौलमा परेका हुन्। मौलपुर केन्द्रमा गा वि स विर्तीप्रस्टोका, कटहरिया, शीतलपुर, मर्यादपुर, टेंगरहा, करकच करमैया, सोनरनिया, पतौरा, प्रेमपुर गोनाही, गोगदौल, इनरवा, इनरवारी, सरमूजवा, पिपरिया परोहा, तेजपाकड़ र करूनिया लगायत १७ गा वि स को नक्सा, स्रेस्ता पठाइएको छ। गरूडा केन्द्रमा हरदिया, रघुनाथपुर, समनपुर, बरियारपुर, गरूडा, मदनपुर, गम्हरिया, चन्द्रनिगाहपुर, धर्मपुर, दिपही, सखुअवा, माधोपुर, गढ़ो, पिपरा राजवाड़ा, विशुनपुरवा, खेसरहिया, पिपरा पोखरिया, धरहरि, बगही, गम्हरिया विर्ताको नक्सा स्रेस्ता सहितको कागजात पठाइएको मालपोत कार्यालयले जनाएको छ।

मालपोत कार्यालयसँगै नापी कार्यालयको सेवाकेन्द्र विस्तार गरिएको हो। कार्यालयवबाट सेवाकेन्द्र विस्तार गरिएको कर्मचरिहरूलाई पनि थाहा जानकारी गराइएको थिएन। मालपोत कार्यालयका एक कर्मचारीले भने विहान कार्यालयमा आउँदा कागजपत्र नदेखिए पछि आश्चर्यमा परेका थिए। मालपोत कार्यालयका प्रमुख साह बाहिर भएको कारण सम्पर्क हुन सकेन।

## भारतीय पर्वतारोहीद्वारा कीर्तिमान

सोलुखुम्बु। भारतीय पर्वतारोही अंशु जानसेन्पाले एकै सिजनमा सगरमाथाको दुईपटक सफल आरोहण गरेर नयाँ कीर्तिमान कायम गर्नुभएको छ। उनले जेठ २ र ७ गते दुईपटक सगरमाथाको सफल आरोहण गरेर नयाँ कीर्तिमान कायम गरेको नेपाल सरकारका तर्फबाट आधार शिविरका सम्पर्क अधिकृत ज्ञानेन्द्र श्रेष्ठले जानकारी दिए। ३७ वर्षीया जानेसेन्पाले पर्यटन विभागबाट एकै सिजनमा दुईपटक सगरमाथा आरोहणको अनुमति लिएर एजी एभरेष्ट एक्स्पिडिसनमार्फत आधार शिविर पुगेकी थिइन्। दुईपटक आरोहणका लागि जानेसेन्पाले पर्यटन विभागमा प्रत्येक पटकको ११ हजार डलरका दरले दुई पटकका लागि २२ हजार डलर बुझाएको पर्यटन अधिकृत श्रेष्ठले बताए। सामान्यतयाः एक सिजनमा आरोहीले एकपटक मात्रै हिमाल आरोहण गर्ने गरिएको भए पनि उनले एकै सिजनमा दुईपटक आरोहण गरेकी हुन्। आरोहणका लागि उनले सामान्य रूट प्रयोग गर्नुभएको जनाइएको छ। यो सिजनमा दुईपटक आरोहण गर्ने र छोटो अवधिमा आरोहण गने उनी एक मात्र आरोही बनेकी हुन्। भारतको अरूणाञ्चल प्रदेशकी जानसेन्पाले यसअघि सन् २०११ मा १० दिनको अन्तरालमा दुईपटक सगरमाथाको आरोहण गरिसकेकी थिइन्। अहिलेसम्म छोटो अवधिभित्र महिला पर्वतारोहीले सगरमाथाको आरोहण गरेको कीर्तिमान नेपालकी छुरिम डोमा शेर्माको नाममा रहेको गोरखापत्र दैनिकमा समाचार छ।

## प्रदेश पाँचमा चुनावी सरगर्मी

बाँके। पहिलो चरणको निर्वाचन परिणाम सकिँदै गर्दा ५ नम्बर प्रदेशमा चुनावी सरगर्मी तात्तिएको छ। राजनीतिक दलहरूले निर्वाचन प्रचारप्रसारलाई तिब्रता दिएका छन्। टोलटोलमा भेला, सभा र बैठकहरूले तिब्रता पाएका छन्। नेताहरू चुनावी घोषणापत्र बोकेर मतदातालाई आकर्षित गरिरहेका छन्। दैनिकजसो पार्टी प्रवेशका कार्यक्रम भइरहेका छन्। टोलटोलमा भेला सभा र बैठकहरूले तिब्रता पाएका छन्।

सरोकारवाला निकायहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका सवालप्रति चासो लिने र जवाफदेही बनाऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# सिन्चियाङमाथि चीनको व्यापक दमन

चीनले सिन्चियाङ्ग प्रान्तमा रहेका मुस्लिमले लामो दाढी नपाल्ने, महिलाले बुर्का नलगाउन पाउने प्रतिबन्ध पश्चात् अब निरंकुश बेजिङ्गले बन्दूक र बुलेटका भरमा तिनीहरूको नवजात शिशुको इस्लामको प्रत्याभूति हुने खालको नामसमेत राख्न नपाउने सिन्चियाङ्गका मुसलमानहरूका वैधानिक माग समेतमाथि घोर प्रहार गरेको छ। पाकिस्तानको सीमासंग जुडेको चीनको पश्चिमी प्रान्तमा रहँदै आएका १० मिलियन भन्दा बढी मुसलमान वर्षौंदेखि आफ्नो विशिष्ट संस्कृति र परम्परा अनुरूपको धार्मिक स्वतन्त्रता अनुरूप बाँच्न पाउन निमित्त संघर्षरत रहँदै आएका छन्। कम्युनिष्ट चीनले चीनको कम्युनिष्ट पार्टीद्वारा निर्धारित लाल रेखा बाहिर रहेको धर्मलाई शंकास्द मान्दै त्यस्ता धार्मिक आस्था राख्नेहरूप्रति दमनकारी दृष्टिकोण राख्दै आएकोक छ। विश्वका अधिकांश भागका सरकारले खतरनाक लागू पदार्थहरू तथा गलत दृष्टिकोण राख्ने संचारमाध्यममाथि आफ्ना नागरिकहरूको हितको संरक्षण गर्न निमित्त प्रतिबन्ध लगाउने गरेको छ भने बेजिङ्गले त्यस्ता नामहरूको सूची तयार गर्दै आएको छ जो चीनमा रहेका मुसलमान जनसंख्याले प्रयोग नै गर्न सकोस ? चीनले तयार पारेको २९ वटा प्रतिबन्धित नामहरूमध्ये मुहम्मद र जिहाद आदि रहेका छन्, जो इस्लाम धर्मको राजनीतिक व्यक्तित्वहरूसँग सम्बन्धित रहेको छ र त्यसको अन्तिम निर्णय समुदायका स्थानीय सरकारपक्ष पार्टीका अधिकारीसँग छलफल गरे पछि गरिने जनाएको छ। चिनियाँहरू वर्षौंदेखि सिन्चियाङ्गका मुसलमानहरूलाई आतंकित पार्दै आएका छन्, जबसम्म तिनिहरूलाई पसल बन्द गर्न, घरबाट बाहिर निस्कन सशस्त्र प्रहरीको निगरानीमा वाध्य पार्दै तिनीहरूलाई प्राय आतंकवादी घोषित गर्दै आएका छन्। सिन्चियाङ्गका मुसलमानहरूको हुने नियमित सार्वजनिक बेठकमा सहभागी हुने मुसलमानहरूलाई सशस्त्र प्रहरीहरू लगाएर चिनियाँ राज्यप्रति वकादारीको जबरजस्ती शपथ लिन लगाइ घोर दमन गर्ने गरिएको छ। तर वास्तविकता यो छ कि सिन्चियाङ्गमा बस्ने मुसलमानहरू चीनका अधिकारीहरू नागरिक रहेका छन र लिखित रूपमा त्यस्ता अधिकार उपयोग गर्दै आएकाछन्। तर पनि चीनले त्यहाँको सिन्चियाङ्ग प्रान्तमा रहेका मुसलमानहरूमाथि गर्दै आएको घोरदमन बारे पाकिस्तानले मौनता झेलेर बसेको छ ? चीनमा रहेका मुसलमान नागरिकहरूमाथि हुने दमनप्रति पाकिस्तानले मानवीय पतनको पराकष्ठा प्रदर्शित गर्नु राजनीतिक स्तरको गोप्य सम्वद्धता प्रदर्शित गर्दछ। गत रमजानको अवधिमा चिनियाँ अधिकारीहरूको घोर प्रतिबन्ध लगाएपछि ठूलो आक्रोश उत्पन्न हुँदा पाकिस्तानले एक अधिकारीक प्रतिनिधिमण्डललाई चीनले गरेको ठूलो बेवास्ताको छानबीन गर्न पठाए पनि, त्यसले गरेको काम-कारवाई रहस्यमय नै रहेको छ ? कुनै प्रतिको कहिले पनि सार्वजनिक नगरिएकोले इस्लामावादले पनि आफ्ना नागरिकलाई धोका दिएको शर्मनाक उमंगले गर्दा चीनले मुसलमानहरूमाथि गर्दै आएको दुव्यवहार प्रति पाकिस्तानमा समेत विस्तारै त्यस प्रसंगलाई लिएर विरोधको स्वर गुंजिन थालेको छ। नोभेम्बर २०१२ मा झि जिनपिङ्ग चीनको राष्ट्रपति भएको २ वर्षभित्रै युघुर मुसलमानहरूमाथि घोर दमनकारी दृष्टिकोण अपनाई त्यसै अनुरूप सिन्चियांगमा निर्दोष पुरूष र महिला समेत गरी २७,१६४ जनालाई सन् २०१४ मा गिरपत्तार गर्ने घोर अभियान संचालन गरेका थिए। अर्को वर्षको रमजानको अवसरमा उपवास गर्ने कर्मचारीहरू, विद्यार्थी तथा शिक्षक लगायत विश्वविद्यालय एवं काम गर्ने कारखानाहरूमा रहेका कर्मचारीहरूले उपवास नगर्ने घोर प्रतिबन्ध चिनियाँ अधिकारीहरूले लगाए भने युघुर समुदायद्वारा संचालित रेस्टोरेण्टहरू तथा पसलहरू समेत लन्चको समयमा बन्द गर्न दिएनन्। त्यति मात्र नगरेर महाविद्यालय तथा कार्यस्थलमा रहेका अधिकारीहरू मध्ये खाना नरूचनेहरूको सूची समेत तयार पारेका थिए। त्यसका बाबजूद दाढी पाल्ने र इस्लामिक लुगालगाउनेहरूलाई सार्वजनिक बसहरूमा यात्रा गर्न नपाउने प्रतिबन्ध समेत लगाउनुका साथै दाढी पालेका मुसलमान यात्रीहरूलाई आफ्नो ट्याक्सीमा लैजाने ट्याक्सी ट्राइभरहरूको लाईसेन्स रद्द गर्ने चेतावनी समेत दिईएको थियो। सन् २०१५ मा समाचारपत्रहरूको प्रतिवेदन अनुसार कसरगमा दाढी काट्न अस्वीकार गर्नेलाई ६ वर्षका लागि जेल सजाय दिएको थियो भने सन् २०१६ मा अक्सुमा एक जना किसानले



स्थानान्तरण सम्बन्धी फिल्म हेर्दा उसलाई सात वर्षसम्म कैदमा राखिएको थियो। -ती सबैमा असफल भएपछि सन् २०१६ अप्रिलमा चिनियाँ सरकारले धार्मिक मामिलामा सम्बन्धी एक सम्मेलन आयोजना गरेर त्यसमा राष्ट्रपति कि जिनपिङ्गले मौलवी र इस्लामहरूले कम्युनिस्ट पार्टीको शक्तिलाई सिरोधार्य गर्नु पर्ने घोषणा समेत गरेका थिए। सन् २०१५ को तुर्कीमा भएको जी २० मिटीङ्गमा चिनियाँ परारष्ट्रमन्त्री वाङ्ग यीले निर्लज्जतापूर्वक उनको देश आतंकवाद पिडीत रहेको बारेमा मौनता साधे पनि तिनीहरू सिन्चियाङ्ग आतंकवाद विरूद्ध संघर्ष संचालित गर्दै आएको बारे समेत अभिव्यक्ति दिएका थिए बिडम्बनाको कुरो स्वं दोहरो मापदण्ड अपनाए पनि अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको चाहना समेत उनले व्यक्त गरेका थिए। सिन्चियाङ्गका मुसलमान नागरिकहरू विरूद्धको चिनियाँको कारवाईहरूको वास्तविकता थाहा हुनेहरू समक्ष चिनियाँहरूको त्यस्तो हास्यास्पद दावीको महत्व रहन गएको छैन किनकि चिनियाँहरूले पाकिस्तानमा शरण लिएका आतंकवादी संगठन तथा त्यसको नेताहरूविरूद्ध भारतले प्रतिवन्ध लगाउने हरेक प्रयासलाई दीर्घकाल आक्रमण पछि झन स्पष्ट हुन आयो जब तिनीहरूले मुधुर विरूद्ध प्राणाघात सैनिक आक्रमण पछि २८ आतंकबादी मात्र मारिएको जानकारी दिएका थिए। फ्रान्सको सम्बाददाता उरसुला गौथिरले चीनले पेरिस आक्रमणको पुष्टिका लागि सिन्चियाङ्गका मुसलमान समुदायमाथिगरेको जघन्य अपराधिक कारवाहीका लागि माफीमाग्नु पर्नेलिखित जानकारी दिनएपछि उनको पत्रकारको नयाँ भिसा रद्द गरी उनलाई देश छाड्न आदेश छाड्न आदेश समेत चीनले दिएकोनाट चीनको दोहरो नीति झन खुलस्त भएको थियो। – *एजेन्सीहरू*

## आतंकवादीको कैद भुक्तान असम्भवजस्तै

क्युवाको ग्वान्टानास्थित खाडीको शिविरमा राखिएका ७२ जना पाकिस्तानी नागरिकहरू मध्येका ६६ जना वर्षौंपूर्व मुक्त गरिएका थिए। बाँकी रहेका ६ जनामध्ये ९/११ को घटनाकाण्डका सञ्चालक र खुराफाती खातिर मोहमत शेखसहित अमेरिकाद्वारा उच्चस्तरका कैदी घोषित गरिएकाले अमेरिकाका नयाँ राष्ट्रपति डोनाल्ड ट्रम्पले तिनीहरूलाई मुक्त गर्न असम्भवजस्तै देखिएकाले हाल तिनीहरू जेलमै रहेका छन्। निवर्तमान राष्ट्रपति बाराक ओबामाले विगतका वर्षहरूमा सयौं कैदीहरूलाई मुक्त गरेको भए पनि उनले २००८ मा बढ्दो आतंकवादमा पाकिस्तानको भूमिका ज्यादै महत्वपूर्ण र उल्लेख्य रहनुका साथै सयौं अफगान तालिवानलाई आश्रय दिएर अफगानिस्तानमा आतंकवादी गतिविधिहरू सञ्चालित गर्दै आएकाले त्यस शिविरलाई बन्द गर्ने बताए पनि ५५ जना प्रख्यात र खतरनाक कैदीहरू त्यस शिविरमा रहेकाले त्यसलाई बन्द गर्न सकिएको छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सामान्यतया मुशलमानहरू प्रति कडा भाव राख्ने तथा उग्रवादी क्रियाकलापमा लाग्ने समुदायप्रति समेत कडा कारवाही गर्ने व्यक्तित्वका रूपमा प्रख्यात रहेका छन्। उनले हालै ट्वीटरमार्फत् ग्वान्टानामोबाट मुक्त गर्ने अभिव्यक्ति यस प्रकार दिएका छन्। त्यहाँ अत्यन्तै खतरनाक व्यक्तिहरू रहेकाले तिनीहरूलाई युद्धक्षेत्रमा जान दिने स्वीकृति दिइने छैन। उनले ह्वाइट हाउसमा बसुञ्जेल बरू झन् कडा रूप अपनाउने शपथ लिएका छन्। खालिद मोहम्द शेख युद्ध अपराधी घोषित गरिएका छन्, त्यस्तै पाकिस्तानका अजिद खान युद्ध अपराधका दोषी रहेकाले उनलाई मिलिटरी कमीशन्स सिस्टममा अपराधीका रूपमा राखिएको थियो। मजिद खान मार्च ५, २००३ मा कराँचीबाट समातिएका थिए भने उनका पाकिस्तानी नातेदारहरू अलकायदाको तालिधी मिशनसँग मिलेर, खालिद मोहमद शेखसँग मिलेर, उग्रजिहाद सञ्चालन गर्दै आएका थिए। अमेरिकी दस्तावेजको दावीअनुसार खालिद शेख मोहम्मदले मनिद खानलाई अमेरिका फर्केर ग्याँस स्टेशन र पानी भण्डारण गृहहरू माथि आक्रमण गर्ने योजनाका लागि पठाएको थियो। मजिद खानले अमेरिकाद्वारा प्रताडना दिएको विस्तृत विवरणको खुलासा गरेको छ भने आफ्ना क्रियाकलापहरूका लागि क्षमायाचनसमेत गरेको छ। ग्वान्टानामोमा थुनामा रहेका तीन अन्य पाकिस्तानीहरू मध्ये सबभन्दा जेठो ६९ वर्षीय कराँचीका व्यापारी सैफुल्लाह पराचाले बिन लादेनसँग भेटेका खुदै बताए पनि उग्रजिहादमा उनको संलग्नतालाई अस्वीकार गरेको भए पनि उनलाई १२ वर्ष ३ महिना कैदमा राखिएको थियो। अप्रिल २०१६ मा अमेरिकाले उसले अझसम्म पनि चुनौती दिदै आएको आधारमा उसलाई मुक्त गर्न अस्वीकार गरिसकेको छ। अमेरिकाको दावीअनुसार बाँकी दुईजना थुनामा रहेका पाकिस्तानी अब्दुल रहिम गुलाम रब्बनी र मोहम्मद अहमद रब्बानी दाजुभाइहरूले १९९७ मा ओसामाविन लादेनसँग भेटटेका थिए र अलकायदाका सहकर्मी भएर प्रत्यक्षरूपले खालिद शेख मोहम्मदका लागि काम गर्दै आएका थिए। रब्बानीका अधिवक्ताहरूले उसलाई टैक्सी ड्राइभर भएर काम गरिराखेका दावी गरेका छन् १२ वर्षसम्म थुनामा रहेका रब्बानीलाई थुनेको पुष्टि अगस्त २०१६ मा गरिएको थियो। समय-समयमा प्राप्त जानकारीअनुसार पाकिस्तानी उग्रवादीहरूको अफगानिस्तानमा रहेको आइएसआइसँग साँठगाँठ रहेको थियो भने तिनीहरूलाई अफगानिस्तानमा नै प्रशिक्षण दिइएको थियो। खालिद मोहम्मद शेख तथा अन्य पाकिस्तानी नागरिकहरूलाई मुक्त गर्ने सम्भावना रहेको छैन र यो पनि सम्भव छ कि अन्य थुप्रै उग्रवादीहरूलाई गिरफ्तार गरेर आगामी महिनामा क्युवा पठाउने कार्यलाई ट्रम्प प्रशासनले निरन्तरता दिनेछ। (राष्ट्रवाणी साप्ताहिक १० गते बुधबार २०७४ जेठ)

## पत्रपत्रिकाबाट...

### "लोडसेडिङ अन्त्य गर्न भारतको सहयोग"



भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्याय

नयाँदिल्ली। भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले नेपालमा लोडसेडिङ अन्त्य गर्नका लागि भारतको समेत सहयोग रहेको बताएका छन्। नेपाल-भारत सांस्कृतिक सम्बन्धबारे भारतको राजधानी नयाँदिल्लीमा आयोजित एक कार्यक्रममा उपाध्यायले भारतबाट आयातित बिजुलीले नेपालमा लोडसेडिङ अन्त्य गर्न सहयोग पुऱ्याएको बताए। मुजफ्फरपुर-ढल्केबर प्रसारण लाइन निर्माणपछि समेत गरेर नेपालले भारतबाट लगभग ४ सय मेगावाट बिजुली आयात गरिरहेको छ। साथै थप १ सय २० मेगावाट आयात गर्ने प्रक्रिया सुरू गरिसकेको छ। नेपालमा लोडसेडिङ अन्त्यका लागि आफूहरूले समेत योगदान गरेको तर नेपाल सरकारले त्यसलाई रिकोग्नाइज नगरेको भनी भारतीय पक्षले गुनासो गरिरहेका बेला उपाध्यायले सार्वजनिक कार्यक्रममा भारतबाट आयात गरिएको प्रसंग उल्लेख गरेका हुन्। उपाध्यायले व्यापारघाटा कम गर्न द्विपक्षीय संयन्त्रले नजिक रहेर काम गरिरहेको उल्लेख गरे। जुटमा लगाइएको क्यास भ्यालिङ ड्युटी, एन्टी डम्पिङ ड्युटी, मार्किङ समस्या, भर्खरै लागू गरिएको सेवा करलगायत विषय समाधानका लागि भारतीय पक्षले ध्यान दिनुपर्नेमा उनले जोड दिए।

### नेपाल-भारतबारे छलफल

काठमाडौं। नेपाल प्रज्ञा प्रतिष्ठान स्थापनाको हिरक जयन्तीको अवसरमा राजधानीमा एक कार्यक्रम आयोजना गरिएको छ। नेपाल-भारत शान्ति तथा मैत्री सन्धि, १९५० को सान्दर्भिकता समाप्त भइसकेकाले एक्काइसौं शताब्दी अनुकूल गतिशील नयाँ सन्धिमा जोड दिइएको छ। नेपाल प्रज्ञा-प्रतिष्ठानले आफ्नो स्थापनाको हीरक जयन्तीका अवसरमा आयोजना गरेको नेपाल-भारत सम्बन्ध प्रवर्द्धनमा १९५० को शान्ति तथा मैत्री सन्धिको सान्दर्भिकता विषयमा आयोजना गरेको विमर्शमा परराष्ट्र नीतिका ज्ञाताहरूले अबको सन्धि सीमाको व्यवस्थापन, अकुण्ठित पारवाहन अधिकार, सार्वभौमिक समानता, राष्ट्रिय हितको सन्तुलन, समानस्तरका पदाधिकारीको हस्ताक्षरबाट एक वर्षको सूचना दिए खारेज गर्न सकिने हिसाबले गर्नुपर्ने सुझाव दिए। कार्यक्रममा नेपाल प्रबुद्ध समूहका संयोजक डा भेषबहादुर थापाले सन्धिको पुनरवलोकन नेपालको संविधान र जनभावनानुसार नै हुने स्पष्ट गर्दै दुवै देशको प्रबुद्ध समूहबीच भएको छलफलबाट यसमा आशा गर्ने ठाउँ भएको बताउनुभयो। आगामी बैठक जुन ११ मा हुने जानकारी दिँदै उहाँले नेपालले सन्धिपछिको लेटर अफ एक्स्चेन्ज, व्यापार, पारवाहन र सीमा सुरक्षा विषयमा विचार दिएको पनि बताउनुभयो। परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले सन्धि कुनै तेस्रो देशप्रति लक्षित हुन नहुने बताउँदै यसले अर्को द्विदेशीय, बहुदेशीय सन्धि गर्न अवरोध गर्न हुँदैन भन्नुभयो।



नेपाल-भारत नयाँ सन्धि यथावत् रूपमा गर्ने, संशोधित रूपमा गर्ने, एक वर्षअघि सूचना दिएर खारेज गर्ने र नयाँ सन्धिले विस्थापन गर्ने चार विकल्प रहेको बताउँदै उहाँले एक्काइसौं शताब्दीअनुसार पञ्चशीलमा आधारित सार्वभौमिक समानताका साथ सन्धि गर्नुपर्ने सुझाव दिनुभयो। प्रा डा त्रिरत्न मानन्धरले भारतसँगको घनिष्ठ सम्बन्ध स्वाभाविक र आवश्यक पनि भएको बताउँदै तर ज्यादै सतर्क हुनुपर्छ भन्नुभयो। उहाँले भन्नुभयो, 'सन्धि पुनरवलोकन गर्न भारत तयार भनिएको सुनिएपनि उसको दृष्टिकोण सुन्न पाइएको छैन, सन्धिले अब राम्ररी अवतरण गर्ने विश्वास छ।' पूर्वराजदूत डा शम्भुराम सिंखडाले हामीले कसैसँग पनि वैरभावको दृष्टिकोण व्यवहार र वचन पनि राख्न नहुने बताउँदै छिमेकी मुलुकलाई कुनै पनि सुरक्षा खतरा नहुने महसुस गराउन सक्षम छ भन्ने देखाउनुपर्छ भन्नुभयो। उहाँले दलहरूले परराष्ट्र नीतिमा प्रतिस्पर्धा गर्न नहुने सुझाव दिँदै राजनीति दलहरूले एक मत भएर आफ्नो पराष्ट्र नीतिप्रतिको दृष्टिकोण राख्नुपर्ने बताउनुभयो। कार्यक्रममा नेपाल र भारतका सहभागीले सन् १९४७ को त्रिपक्षीय सन्धिको कुरा पनि उठाइनुपर्ने, नेपालका पत्रपत्रिका भारतमा पनि लैजान पाउनुपर्नेजस्ता सुझाव दिएका थिए। विमर्शका सहजकर्ता राजनीतिशास्त्री कृष्ण पोखरेलले सन्धिमा लेखिएका कुरा प्रयोग नभएको तर नलेखिएका कुरा बाध्यकारी भएको अनुभव गरिएको तर्क राख्नुभयो। प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले विमर्शमा उठेका कुरा सरकारलाई दिइने र आगामी दिनमा पनि परराष्ट्र नीतिबारे छलफल गरिरहेने जानकारी दिनुभयो। सो बैठकमा बिप्लव सम्बद्ध नेपाल कम्युनिष्ट पार्टीको अखिल नेपाल जनसांस्कृतिक महासंघले भने बहिस्कार गरेको थियो। यसैबीच, नेपाल प्रज्ञा प्रतिष्ठानले हीरक जयन्तीका अवसरमा विभिन्न विधाका दस वरिष्ठ स्रष्टालाई हीरक सम्मान प्रदान गरेको छ। प्रतिष्ठानले शनिबार आयोजना गरेको समारोहमा आनन्ददेव भट्ट, चूडामणि रेग्मी, जसराज किराँती, डा तारानाथ शर्मा, शङ्करनाथ रिमाल, शान्तदास मानन्धरलाई रू एक लाख राशीसहित सम्मानित गरियो। राष्ट्रकवि माधवप्रसाद घिमिरे, संस्कृतिविद् सत्यमोहन जोशी, प्रतिष्ठानका पूर्व कुलपति वैरागी काइँलाले ती सम्मान प्रदान गर्नुभयो। कार्यक्रममा त्रिदिवसीय राष्ट्रिय वाङ्मय सङ्गोष्टीको उद्घाटन पनि गरियो। (नयाँ प्रकाश साप्ताहिक ८ गते २०७४ जोठ सोमबार)

## जिल्ला समाचार

### निर्वाचनमा सहभागी हुन आतुर : प्रधानमन्त्री

धनुषा। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेशी जनता निर्वाचनमा सहभागी आतुर रहेको बताएका छन्। उनले दोस्रो चरणको चुनाव समयमै हुनेमा सबैलाई ढुक्क रहन आग्रह गरेका छन्। जनकपुरमा नेकपा(माओवादी केन्द्र), प्रदेश नं २ को पोलिटब्युरो बैठकलाई सम्बोधन गर्नुअघि पत्रकारसँग कुरा गर्दै उनले मधेशमा चुनाव उत्सवमय हुने बताए। उनले मधेशी जनता निर्वाचनमा सहभागी हुन आतुर छन् भन्दै पहाडमा भन्दा मधेशमा बढी मत खस्ने बताए। प्रधानमन्त्री प्रचण्डले निर्वाचनबाट मधेशको केही माग सम्बोधन हुने र केही माग संविधान संशोधनको माध्यमले पूरा हुने विश्वास दिलाए।

### मतदान शिक्षा कार्यक्रम सञ्चालन

भैरहवा। दोस्रो चरणमा जेष्ठ ३१ गते हुने स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै जिल्ला निर्वाचन कार्यालय रूपन्देहीले जिल्लाका विभिन्न गाउँपालिका र नगरपालिकाहरूमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने भएको छ। कार्यक्रम सञ्चालन गर्नका लागि प्रत्येक मतदान केन्द्रमा जेष्ठ ५ गतेदेखि निर्वाचन शिक्षा कार्यकर्ता एवं मतदाता शिक्षा स्वयंसेवक सबै गाउँ तथा टोलहरूमा खटिने निर्वाचन जिल्ला कार्यालय रूपन्देहीका प्रमुख हुमानाथ गौतमले बताए। मतदातालाई निर्वाचन सम्बन्धि कुनै किसिमको जानकारी आवश्यक भएमा कार्यालयबाट खटिएका निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वंयसेवकहरूबाट जानकारी लिन सकिने गौतमले बताए। साथै जेष्ठ ३१ गते हुने स्थानीय तह अन्तर्गतको गाउँपालिका र नगरपालिकाको निर्वाचनमा मतदान गर्न सम्पूर्ण मतदाताहरूलाई निर्वाचन कार्यालयले आग्रह समेत गरेको छ।

### निःशुल्क स्वास्थ्य शिविर

वीरगंज। श्री नृसिंह फोर्स क्लब वीरगंज-१७ पिपराको आयोजना धोबिनि गाउंपालिकाको धोबिनिमा निःशुल्क स्वास्थ्य परिक्षण शिविर सम्पन्न भएको छ। क्लबका अध्यक्ष बिनेश पटेलको सभापतित्वमा सम्पन्न शिविरमा हाडजोर्नी तथा नशा रोग, मुटु, पेट, छाती तथा मधुमेह, प्रसुती तथा स्त्री रोग, नवजात शिशु तथा बालरोग, आँखा, कान, नाक, घाँटी तथा छाला रोगको निःशुल्क परिक्षण गरिएको थियो। शिविरमा लंगडी, हरिहरपुर, आसवारी, गुलरीया, भिखमपुर लगायत गाउंबाट ६५० भन्दा बढि सर्वसाधारणले स्वास्थ्य परिक्षण गराएका थिए। शिविरमा जेनरल फिजिसियन डा. एम.डि. राजा, डा. बिनय कुमार साह, डा. आदित्य तिवारी, डा. अभिनेस सिंह, फिजियोथेरापी कुन्दन कुमार, सामान्य चिकित्सक महम्मद इमाम हुसैन, करण पटेल, अफताब हवारी लगायतका चिकित्सकहरूले स्वास्थ्य परिक्षण गरेका थिए।

### बदर कम गर्न नमुना मतदान

कैलाली। क्षेत्रीय निर्वाचन कार्यालयले नमुना मतदान कार्यक्रम गरेको छ। दोस्रो चरणमा चुनाव हुने सात नम्बर प्रदेशको धनगढी उप-महानगरपालिकाक-२ मा गरिएको नमुना मतदानमा २० प्रतिशत मत बदर भएका छन्। आइतबार गरिएको नमुना मतदानमा २० प्रतिशत मत बदर भएका हुन्। धनगढी उपमहानगरपालिका वडा नं. २ का सहभागी मतदातामध्ये १५ जनाले नमुना मतदान गरेकोमा तीन मत बदर भएका थिए।

### विद्युत प्राधिकरणलाई अल्टिमेटम

चन्द्रकान्त खनाल, रूपन्देही। तिलोत्तमा उद्योग वाणिज्य संघले तिलोत्तमा नगरपालिकामा बिना सुचना हुने लोडसेडिगं, कम भोल्टेज र टिपिगंसमस्या हटाउन नेपाल बिद्युत प्राधिकरणलाई एक साताको अल्टिमेटम दिएको छ। संघले प्राधिकरणको क्षेत्रीय कार्यालय बुटवलमा आइतबार डेलिगेशन गईबिना सुचना हुने लोडसेडिङ्ग, कम भोल्टेज र टिपिगंसमस्याले उद्योग सञ्चालन नै गर्न नसक्ने अवस्था श्रृजना भएको भन्दैध्यानाकर्षण सहित अल्टिमेटम दिएको हो। प्राधिकरणका क्षेत्रीय निमित्त प्रमुख युवराज आचार्यलाई ज्ञापन पत्र बुझाउदै संघका अध्यक्ष गुणनिधि भण्डारीलेलोड सेडिगं गर्ने भए तालिका प्रकासित गरी जानकारी गराउन र नभए आधा आधा घण्टामा लाइन जाने आउने, आउदा कम भोल्टेज हुने र टिपिगं भइरहने अवस्थाबाट उद्योगिहरूलाई मुक्त गर्न आग्रह गरे। कार्यालयका निमित्त प्रमुख आचार्यले लोडसेडिगं तालिका प्रकासित नगरी लोड हेरेर ठाउ अनुसार १।२ घण्टासम्म गरीएको जानकारी गराउदै कम भोल्टेज र टिपिगंको समस्या भारतबाट ल्याएको बिद्युत बितरण गर्दाभएको बताए।

### राजदको नयाँ कार्यसमिति गठन

नेपालगन्ज। राष्ट्रिय जनता दल नेपाल बाँकेको नयाँ कार्य समिति गठन गरिएको छ। पुरानो समितिलाई भंग गरि नयाँ कार्यसमिति सर्वसम्मत चयन गरिएको छ। नयाँ कार्यसमितिको अध्यक्षमा इसारत अलि शेष रहेका छन्। यस्तै उपाध्यक्षमा कोइली देवी मौर्य, सचिवमा राधेश्याम मौर्य, सहसचिवमा सचिता मानन्धर, कोषाध्यक्षमा हिरा लाल धोवीलाई सर्वसम्मत चयन गरेको छ। यस्तै सदस्यहरूमा जादेदार अहिर, खेमराज बर्मा, बुन्दी कोरी, लिलावति धोवी, ललिता विक, राम बच्ची खटिक, चन्द्रवति रैदास, पुजा परियार, खतुना वेहना, यसोदा बर्मा, अनवरी वेहना, खेमराज बर्मा, हरि राम बर्मा लगायत २१ जनाको कार्यसमिति चयन गरेको छ।

### मुस्लिम समुदायद्वारा विरोध

कपिलवस्तु। स्थानीय तहको दोस्रो चरणको निर्वाचनको मिति रमजान महिनामा पारिएको हुनाले मुस्लिम समुदायका अगुवाहरूले विरोध जनाउँदै आएका छन्। मुस्लिम समुदायका अगुवाहरूले पटक-पटक सरकारसँग आग्राह गर्दै निर्वाचनको मिति सार्नु अनुरोध गरेको लगतै फेरी कक्षा ११ को परीक्षा ईदको दिन पर्ने गएको हुनाले दुःखी भएका छन्। 'सरकार मुस्लिम समाजप्रति ईमानदार हुनुपर्यो र सरकारले तुरून्तै रमजान महिनामा चुनाव र ईदको दिन परीक्षाको मिति सार्नु अत्यन्त आवश्यक छ।' मुस्लिम समुदायका अगुवाले माग गरेका छन्। कपिलवस्तुमा मुस्लिम समुदायका अगुवाहरू तथा मुस्लिम मिडिया सोसाईटी नेपालका अध्यक्ष मो इमरान खानले यथाशीघ्र दोस्रो चरणको स्थानीय निर्वाचनको मिति सार्न अनुरोध गर्दै सो मितिमा निर्वाचन भयो भने स्थानिय निर्वाचनको कुनै औचित्य नरहेको बताए। त्यस्तै, संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य तथा युवा नेता अकरम पठानका अनुसार दोस्रो चरणको स्थानीय निर्वाचनको मिति सार्न अनुरोध गरेका छन्। निर्वाचनको मिति नसारिए बहिष्कार गर्ने र आन्दोलनमा जाने चेतावनीसमेत दिएका छन्।

### हतियारसहित युवक पक्राउ

धनुषा। आधुनिक हतियारसहित जनकपुरबाट प्रहरीले एक युवकलाई पक्राउ गरेको छ। जनकपुर उपमहानगरपालिका-१० स्थित अप्सरा होटल एन्ड गेस्ट हाउसको कोठा नं १०७ मा बसी रहेका युवकसँग हातहतियार रहेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरेको हो। पक्राउ पर्नेमा वीरगन्ज उपमहानगरपालिका-१९ बस्ने २२ वर्षीय सुरज साह सोनार रहेका छन्। प्रहरीले उक्त युवकको कोठामा खानतलासी गर्दा उनको सुत्ने ओछ्यानको सिरानीमुनिबाट चार राउण्ड गोली लोड रहेको युएसए अटो पेस्तोल एक थान फेला परेको प्रहरीले जनाएको छ।

### ट्रेक्टरको ठक्करबाट एक जनाको मृत्यु

राकेश यादव, रौतहट। रौतहट जिल्लाको शिवनगरमा ट्रेक्टरको ठक्करबाट एक जना साइकलयात्रुको मृत्यु भएको छ। गरूडाबाट गौरतर्फ आउँदै गरेको ना ३ त ६६७० नम्बरको ट्रेक्टरले ठक्कर दिँदा स्थानीय गरूडा नगरपालिका वार्ड नम्बर ६ पोठियाही निवासी ४५ वर्षीय रामसेवक राय यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। दुर्घटनामा परी गम्भीर घाइते भएका यादवको स्थानीय स्वास्थ्य केन्द्रमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय गरूडाका प्रहरी नायव निरीक्षक केशव रेग्मीले जानकारी दिएका छन्। ट्रेक्टरसहित चालक प्रहरी नियन्त्रणमा रहेका छन्।

### १४ जनाले हतियार बुझाए

महोत्तरी। महोत्तरीमा स्थानीय तहको दोस्रो चरणको निर्वाचन नजिकिदै जाँदा १४ जनाले हतियार बुझाएका छन्। स्थानीय निर्वाचनलाई लक्ष्य गरी जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लामा रहेको हतियार बुझाउन गरेको सूचनानुसार ती हतियार बुझाइएको प्रजिअ वीरेन्द्र यादवले बताए। कार्यालयका अनुसार महोत्तरीमा ३०९ जनाले अनुमति प्राप्त ३३२ थान हतियार राखेका थिए। स्थानीय निकायको चुनावलाई ध्यानमा राखी कार्यालयले हतियार बुझाउन सूचना जारी गरे पनि अरूले हतियार बुझाएका छैनन्। जिल्लामा अनुमति प्राप्त हतियारमा पेस्तोल १२, बाह्र बोरको एकनाले बन्दुक १८०, दुई नाले बन्दुक १२३, बाइस बोरको एकनाले बन्दुक ६, भरूवा बन्दुक एक नाले दुई, हावादारी बन्दुक नौ हतियारको अनुमति रहेको कार्यालयको तथ्याङ्क छ।

# नेपाल-भारतको पौराणिक सम्बन्धमाथि राजनीति हाबी हुनुहुँदैन

शेखर गिरी
निवर्तमान महासचिव
नेपाल-भारत मैत्री संघ



**० वर्तमानमा नेपाल र भारतबीचको सम्बन्ध कस्तो छ ?**

– नेपाल र भारतबीचको सम्बन्ध अनुपम र अद्वितीय छ। नेपाल भारतबीच खुला सीमा छ। दुई देशबीच धार्मिक, सांस्कृतिक, राजनीतिक सामाजिक र पारिवारिक सम्बन्ध छ। हामी दुवै देशका जनता एउटै आस्थाका अंशियार हौं। राजनीतिको कुरा गर्ने हो। दुवै देशबीच राजनीति सम्बन्ध तलमाथि हुनु स्वभाविक कुरा हो। हामी परापूर्वकालदेखि नै एउटै आस्था र धार्मिक केन्द्रका अंशियार छौं। त्यसैले नेपाल भारत सम्बन्धलाई राजनीतिक आधारभन्दा सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक सम्बन्धको विश्लेषण गरेर हेर्नुपर्छ। आज पनि हामी नेपालीले आफ्ना पिता पूर्खालाई तर्पण दिँदा वैदिक मन्त्र उच्चारण गर्दा भारतवर्षे, हिमवतखण्डेलगायत शब्दको प्रयोग गर्छौं। पशुपतिनाथ, मुक्तिनाथ, केदारनाथलगायत धार्मिकस्थलहरू दुवै देशका जनताका लागि आस्थाका केन्द्र छन्। त्यस्तै, भगवान गौतम बुद्धको जन्मस्थल र उहाँले ज्ञान प्राप्त गरेको बौद्धगया दुवै देशका जनताका लागि उत्तिकै महत्वपूर्ण स्थान छन्।

**० तर, नेपाल र भारतबीचको सम्बन्ध जोड्ने काम धार्मिक, सामाजिक, पारिवारिकलगायत विभिन्न पक्षले गरेका छन्। तर, नेपालमा भारतको सम्बन्धमा राजनीतिक पक्ष नै हाबी हुने गरेको छ नि ?**

– अल्प ज्ञान र स्वार्थका लागि गरिने राजनीतिका कारण यसो भएको हो। भारत, नेपाललगायत यस क्षेत्रका ७ वटा मुलुक पहिला भारतवर्षमै थिए। भनाइको मतलब समय कालअनुसार राजनीति सीमाहरू बदलिएका छन्। यो भूखण्डमा केही देशहरू निर्माण भएका छन्। तर, धार्मिक र आस्थाका सम्बन्धलाई राजनीतिसँग सरोकार हुँदैन। त्यसैले त हिन्दू धर्म अथवा बुद्ध धर्म एउटा गोलार्द्धबाट अर्को गोलार्द्धमा पुगेका छन्। जहाँसम्म नेपाल र भारतबीचको सम्बन्धमा राजनीति हाबी भएको कुरा छ। यसको मुख्य कारण छ, नेपालमा लामो समयसम्म राजनेताको अभाव रहनु। स्वार्थका लागि राजनीति गर्ने र कुनै नीहित उद्देश्य पूर्ति गर्न लागिपरेपछि समस्या देखिने गर्छ। वृहत्तर राष्ट्रका लागि सोच्ने राजनेताहरू नै भएनन्। बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई जस्ता नेताहरूको अभाव देखियो। आफूलाई केन्द्रमा राखेर राजनीति गरेको देखिन्छ। मै लाऊ मै खाऊ भन्ने सोच हाबी भएकाले नेपाल भारतबीचको सम्बन्धमा समस्या आउने गरेको छ। नेपाल र भारत मिलेर आर्थिक प्रगति गर्न सक्छौं। हामीले वैदिककालदेखिको सम्बन्धलाई विश्लेषण गर्नुपर्छ। भगवान राम र माता सीताबाट सुरू भएको नेपाल भारतसम्बन्ध आज पनि कायम छ। हाम्रा दुई देशको बीचमा रोटी र बेटीको सम्बन्ध छ।

**० नेपालमा कहिलेबाट राजनीतिले नेपाल र भारतको सम्बन्धमा असर पार्न थाल्यो ?**

– नेपाल बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो। तर, जनताको स्वार्थलाई तिलाञ्जली गरी पार्टी र व्यक्ति विशेषका लागि काम गर्ने राजनीतिक परिपाटीको हालीमुहालीले भएको छ। त्यसकारण नेपाल र भारतको सम्बन्धलाई राजनीतिको चश्माले होइन विकास र समृद्धिको चश्माले हुनुर्पछ। हाम्रा नेताहरूले भारतलाई फरक फरक चश्माबाट हेर्ने गर्छन्। यो नै गलत हो। यो देशको वृहत्तर आर्थिक समृद्धि र प्रगतिका लागि रोजगारीको श्रृजना गर्नुपर्छ। विभिन्न किसिमका प्राकृतिक जल तथा सम्पदालाई उपयोग गरेर भारतको साथ लिएर प्रगतिको बाटोमा हिड्नुपर्छ। तर, हाम्रा नेताहरूले आँखा झुकाएर र झिम्काएर बोल्ने गर्छन्। तर, प्रेम भावले आँखामा आँखा मिलाएर आर्थिक समृद्धि र हितको कुरा हुन्छ अनि नेपाल र भारत दुवै देशका लागि राम्रो हुन्छ। जबसम्म हामीले विकासको रोड म्याप बनाउँदैनौं तबसम्म समृद्धि हुँदैन। नेताहरूले धमिलो पानीमा माछा मार्ने काम माग गरेका छन्। भारतविरोधी भावना उजागर गरेर आफूलाई खुब राष्ट्रवादी भएको देखाउन खोजेका छन्। यो अन्ध राष्ट्रवाद हो।

**० धरै कुराको हामी भारतकै अनुशरण गर्ने गरेका छौं। तर, समृद्धिको कुरा त्यो गतिमा अनुशरण गर्न सकेका छौ ?**

– भारतको गम्भीर चासो भनेको नेपालको समृद्धि र प्रगति हो। त्यस्तै, सुरक्षाको चासो पनि हो। किन भने हाम्रा सीमा खुला छन्। नेपालको राजनीति सलब रूपमा उभिन सकेको छैन। एउटै सरकार पाँच वर्ष टिक्न सकेको छैन। जहाँसम्म समृद्धिको कुरा गर्ने हो भने पछिलो समयमा केही सकारात्मक काम पनि भएका छन्। धैरै समयदेखि थाँती राखिएको अरूण तेश्रोबाट सुरू भएको उज्यालो यात्रा पश्चिमको पञ्चेश्वरसम्म पुगेको छ। भारतीय कम्पनीलाई लगानी गर्ने वातावरण बन्दै गएको छ। त्यसैले पछिल्लो समय नेपाल भारत सम्बन्ध उचाईमा पुगेको छ।

# नेपाल-भारतबीचको सम्बन्ध अत्यन्त सुमधुर : राजदूत पुरी

काठमाडौं। नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले नेपाल र भारतबीचको सम्बन्ध अत्यन्तै सुमधुर गतिमा अघि बढिरहेको बताएका छन्। राजदूत पुरीले नेपाल र भारतबीच जनस्तरमा पनि उत्तिकै प्रगाढ सम्बन्ध रहेको जिकिर गरेका हुन्।

बुधबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको एक कार्यक्रममा राजदूत पुरीले आगामी दिनमा पनि सम्बन्ध झनै मजबुद हुने स्पष्ट पारेका छन्। उनले भने, 'युगौंदेखि यो सम्बन्ध सुमधुर छ, सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक रूपमा पनि द्विपक्षीय सम्बन्ध सुमधुर छ, आगामी दिनमा सम्बन्ध झनै बलियो र प्रगाढ हुन्छ।'



राजदूत मञ्जीभसिंह पुरी

उनले नेपाल र भारतबीच पनि संयुक्त सैन्य अभ्यास भैरहेको बताए। राजदूत पुरीले हालै भारतमा मारिएका दुई जना गोरखा सैनिकको निधनमा दु:ख व्यक्त गर्दै एक अर्कामा नेपाल र भारत सँधै सहयोगी बन्ने विश्वास दिलाए। उनले भने, 'हामी एक कट्ठा छौं।' भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पहिलो विदेश भ्रमण नै नेपालमा गरेको उल्लेख गर्दै राजदुत पुरीले भने, 'हाम्रो प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ मा पहिलो ओभरसिज भिजिट नेपालमा गर्नुभयो, त्यसपछि नेपाल र भारतबीच द्विपक्षीय उच्च भ्रमणहरू लगातार भैरहेका छन, यो अत्यन्तै राम्रो हो।'

उनले पछिल्लो ६ महिनामा नेपाल-भारतबीच ६ वटा उच्चस्तरीय भ्रमणहरू भएको बताए। उनले भने, 'यि भ्रमणहरूले पनि जनाउँछन् कि नेपाल-भारत सम्बन्ध अत्यन्तै निकट र सुमधुर छ, यस्तो भिजिट विश्वमै कम हुन्छ। नेपालको विकासमा भारतको ठूलो सहयोग रहँदै आएको कुरा उल्लेख गर्दै उनले पछिल्लो समय भारतले नेपाललाई भुकम्पपछिको पूर्ननिर्माणमा दिने भनेर घोषणा गरेको एक विलियन युएस डलरमध्ये २५० मिलियन दिईसकेको र अब ७ सय ५० मिलियन डलर लाईन अफ क्रेडिटमा रहेको बताए।

उनले भारतले नेपालमा रेलवे लिंक, जनविद्युत, रोड, कन्स्ट्रक्सन कनेक्टिभीटी, ईन्ट्रिगेटेड चेकपोष्ट लगायतका ठूला-ठूला परियोजनाहरू सञ्चालन गरिरहेको समेत जानकारी दिए। यस्तै उनले नेपाल-भारतबीच जनस्तरमा पनि उतिकै प्रगाढ सम्बन्ध रहेको बताए।

उनले भारत नेपालको एक असल मित्रराष्ट्र, पार्टनर र शुभ चिन्तक भएको नाताले नेपालले सँधै स्थायित्व र समृद्धि हाँसिल गरोस् भन्ने चाहना रहेको स्पष्ट पारे। भारतले पनि उच्च आर्थिक वृद्धि हाँसिल गरेको सुनाउँदै राजदुत पुरीले भने, 'भारतले विश्वकै तिव्र आर्थिक वृद्धि हाँसिल गरेको छ, यसलेपनि देखाउँछ कि अहिले यो जबरजस्त विन विन सिच्युएशन छ।

# फोरम नेपाल र मधेश समता पार्टीबीच एकीकरण

जनकपुरधाम। संघीय समाजवादी फोरम नेपाल र मधेश समता पार्टीबीच एकीकरण भएको छ। फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव र मधेश समता पार्टीका अध्यक्ष बेचन मुखियाले पार्टी एकता भएको घोषणा गरेका छन्। धनुषाको बघचौडामा मंगलबार आयोजित एकीकरण तथा पार्टी प्रवेश कार्यक्रममा मधेश समता पार्टीको सिङ्गो नेतृत्व र क्रियाशील कार्यक्रम फोरम नेपालमा प्रवेश गरेका छन्। मधेश समता पार्टीका तत्कालीन अध्यक्ष एवं सांसद् मेघराज निषाद केपी ओली नेतृत्वको एमाले सरकारमा सहभागी भएपछि पार्टीको बहुमत पदाधिकारीले साधारण सदस्य समेत नरहने गरी निषादलाई निष्काशन गरेको थियो। स्थानीय तहको दोस्रो चरणको चुनावी तयारीसँग मधेशमा उपेन्द्र यादवको बढ्दो प्रभाव र मधेशको मुद्दासँग सहमत भएर बेचन मुखिया अध्यक्ष रहेको मधेश समता पार्टी फोरम नेपालमा प्रवेश गरेको हो। सो पार्टीका उपाध्यक्षद्धय कृष्ण प्रसाद सहनी र जितेन्द्र सहनी लगायत सिंगो पदाधिकारीलाई उपेन्द्र यादवले स्वागत गरेका छन्।

## हार्दिक बधाई तथा शुभकामना

लोकप्रिय हिन्दी मासिक पत्रिका द पब्लिक सफलतापूर्वक ६ वर्ष पूरा सातौं वर्ष प्रवेश गरेकोमाउत्तरोत्तर प्रगतिको काम गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

डा. राजेश अहिराज
अध्यक्ष
मधेश मिडिया हाउस

## facebook



धेरैलाई छक्क पार्दै, फालिएको चारालाई लात मार्दै, प्रचण्डजीले नेपाली राजनितिमा 'बचन' को मुल्य अझै बाँकी छ भन्ने देखाइ दिए, राजीनामा गरेर। **विजय कुमार पाण्डे**



जातियताको मशाल बोक्ने र साम्प्रदायिकता फैलाउने ब्राण्ड बनेका बृद्धिजीवि बढेका छन्। तिनीहरू अरूको आलोचना गर्न खप्पिस छन, आफ्नो सुन्न रूची छैन। रकमका लागि ललायित हुनेहरूले सिद्धान्त ताकमा राख्छन्। कसैलाई अपमानित गराउने चाहना भएकाहरूबाट थोरै द्रव्य पाए पनि विरोधमा ताल ठोक्न कसिन्छन्। **दिनेश यादव**



कोहि गद्दीच्युत हुनु र कसैको सत्तारोहण हुनुले सकारात्मक प्रभाव पार्ने राजनीति हुन थाल्यो भन्ठान्नु गलत यो केवल फोहोरको थुप्रोमा उभिएको छ। **भुषण दाहाल**



सुरक्षाकर्मीको गोली र मिडियाको कलम दुवैले मधेशी र थारूलाई 'जघन्य अपराधी' नै हेर्छन्। झन् मिडिया त वादी, अनुसन्धानकर्मी, अभियोजक र न्यायाधीश सबै भएको अवस्था छ। कसले भन्छ निर्धो छ मिडिया यो देशमा ? **अनिलकुमार कर्ण**



जस्तो सुकै बहानामा अपराधीलाई छुट छैन। तर निर्दोषलाई झुठा मुद्दामा दु:ख दिनु हुँदैन। दोषीलाई कानुन बमोजिमको कारबाही होस् निर्दोषलाई समान पुर्बक रिहा गरियोस्। **सुनिल रञ्जन सिंह**



मधेशमा पहाडी प्रहरीद्वारा गरीने अपराधलाई पहाडी बाहुल्य न्यायपालिकाले न्याय दिएको देखेको छैन न त पहाडी (खासगरी आफुलाई ब्रहमाण्डको.. केन्द्र ठान्ने काठमाडौंको खस (बाहुनहरूको सानो समूह) जसले आफुलाई "नागरीक समाज" को रूपमा पहिचान स्थापति गर्न अनेक तिड्कम गर्ने गर्छ, हृतिक( काण्ड हुँदै मधेश आन्दोलन १/२/३, कुनैमा पनि दोषी माथि कारवाही भएको देखेको छैन। **मुकेश झा**



फोरमका नेता बुलेटको जवाफ ब्यालेटले दिन्छौ भन्दै चुनावमा होमिसके। फोरम लोकतान्त्रिक सरकारमै छ। राजपा मानेन भने आकांक्षी स्वतन्त्र लड्न पछि पर्दैनन्। **भुषण यादव**






## मिथिला दर्शन टीभी
कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं